SOUVENIR

स्मारिका

"जीवनपर्यन्त शिक्षाका लागि पुस्तकालय"

# SOUVENIR

## 9th LIBRARY DAY

## 2016

# स्मारिका

## नवौं पुस्तकालय दिवस

## २०७३

# LIBRARY DAY
# SOUVENIR
# 2016

# स्मारिका
## नवौं पुस्तकालय दिवस
## २०७३

Publisher
Ninth Library Day Main Organizing Committee

# LIBRARY DAY

# SOUVENIR

## 2016 (2073)

Publisher: Ninth Library Day Main Organizing Committee

Design/Layout: Suman Karki

Printed: Sopan Press Pvt. Ltd.
Dillibazar, Kathmandu, Ph: 01-4442206

नेपाल सरकार
# शिक्षा मन्त्रालय

(........................................................ शाखा)

फोन नं.

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०७३/०५/१२

## शुभकामना

"जीवनपर्यन्त शिक्षाका लागि पुस्तकालय" भन्ने आदर्श वाक्यसहित देशभर मनाउन लागिएको नवौं पुस्तकालय दिवसका सन्दर्भमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस दिवसलाई देशभरि नै मनाउनका लागि गठन भएका मूल समारोह समिति, जिल्लास्तरीय समारोह समितिहरू, विभिन्न उपसमितिहरू तथा यससंग संलग्न अन्य सम्वद्ध संस्था र व्यक्तिहरू सबैमा हार्दिक धन्यबाद पनि ज्ञापन गर्दछु । यस अवसरलाई सदुपयोग गर्दै देशमा अध्ययन संस्कृतिको विकास गर्नका लागि र अध्ययन संस्कृतिलाई निरन्तर टेवा दिने पुस्तकालयको सम्वर्द्धनका निम्ति सचेतना अभियान र विविध सहयोगी कार्यहरू गर्न अग्रसर हुने सबै शैक्षिक संस्थाहरू, शिक्षक, विद्यार्थी तथा अभिभावककहरूलाई पनि म आभार व्यक्त गर्न चाहन्छु ।
नवौं पुस्तकालय दिवस २०७३ मूल समारोह समितिले नेपालमा पुस्तकालय क्षेत्रको आजको स्थिति, सम्भावना र समस्याहरूसंग सम्बन्धित विविध विषयका लेख रचनाहरू सङ्कलन गरी स्मारिका प्रकाशन गर्न लागेकोमा त्यसको पूर्ण सफलताको कामना गर्दछु ।

गतवर्ष नेपालको संविधान जारी भएसंगै संविधानले दिशानिर्देश गरेको समाजबाद उन्मुख समृद्ध र समुन्नत नेपाल बनाउने राष्ट्रिय सङ्कल्पलाई साकार रूप लिनका लागि शिक्षा क्षेत्रको विशिष्ट भूमिका हुने पुस्तक र पुस्तकालयको स्थान पनि उल्लेखनीय हुने हुँदा देशमा पुस्तक उत्पादन, वितरण, प्रबर्द्धन तथा पुस्तकालय विस्तार तथा व्यवस्थापनका लागि सरकारको विशेष ध्यान जानु जरुरी छ । यी कामहरूलाई थप व्यवस्थित र जनव्यापी गराउनका लागि राष्ट्रिय पुस्तक नीति तथा पुस्तकालय व्यवस्थापन सम्बन्धमा कार्यदलहरू गठन भई समग्र तथा एकीकृत अवधारणा तथा नीतिहरू निर्माण भैरहेका छन् । एक विद्यालय, एक पुस्तकालय भन्ने अवधारणासंगै हरेक स्थानीय निकाय र सार्वजनिक तथा सबैखाले शैक्षिक संस्थाहरूमा एक पुस्तकालय एक व्यवस्थापक रहने स्थितिको विकास आजको आवश्यकता हो । पुस्तकालय नभएका स्थानमा पुस्तकालय स्थापना गर्ने र भैरहेका स्थानमा तिनलाई थप प्रभावकारी र उपयोगी बनाउने विषय आज हाम्रा सरोकारका विषय हुन् । भूकम्पले क्षति पुऱ्याएका पुस्तकालयहरूका भौतिक संरचनाको पुन: निर्माण र पुस्तकालयहरूको संरक्षण पनि हाम्रा आजका जल्दाबल्दा चुनौती हुन् । मुलुकमा हाम्रा पुराना र नयाँ सबैखाले बौद्धिक सम्पदालाई पुस्तौपुस्तासम्मका लागि सुरक्षित गर्न जरुरी राष्ट्रिय स्रोतकेन्द्रको भूमिका निर्वाह गर्न व्यवस्थापन र प्रविधिमा चुस्त र अद्यावधिक भएको पुस्तकालय आवश्यक छ । सरकार पुस्तक र पुस्तकालयको महत्वलाई बोध गरी योजना र कार्यक्रमसहित अघिबढ्न प्रतिबद्ध रहेको छ । यस कार्यमा सबै सरोकारवाला व्यक्ति र संस्थाहरूको चासो र सहयोगको लागि हार्दिक अपील पनि गर्दछु ।

पुन: यस नवौ पुस्तकालय दिवस, २०७३ को साताव्यापी कार्यक्रमका सहयोगी र सहभागी संस्था र महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

(धनीराम पौडेल)
मन्त्री

मा. धनिराम (डि.आर.) पौडेल
शिक्षा मन्त्री

नेपाल सरकार
# शिक्षा मन्त्रालय
(.................................................................शाखा)

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०७३/०५/१२

**शुभकामना**

ज्ञान आर्जन गर्ने प्रमुख थलोको रूपमा परिचित पुस्तकालयले नवौं पुस्तकालय दिवसको शुभ अवसरमा स्मारिका, २०७३ प्रकाशन मार्फत व्यक्ति, समाज र सिङ्गो मुलुकलाई अग्रगामी परिवर्तन गर्न सहि गन्तव्य पहिल्याउन मद्दत गर्ने छ । मुलुकको शिक्षा विकासको प्रमुख तत्वमध्ये पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रको विकास पनि एक हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रवाट प्रकाशित विविध प्रकारका अध्ययन सामग्रीहरूको उचित व्यवस्थापन गरी नेपालको संविधानको भावना अनुरूप शिक्षा प्राप्त गर्ने जनताको मौलिक हकको प्रचलन गराउन पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रको सर्वोपरी भूमिका रही आएको छ ।

शिक्षा क्षेत्रको विकास भएमा मात्र देशको समग्र विकास सम्भव हुने भएकाले पुस्तकालय स्थापना, व्यवस्थापन र सुदृढीकरण गर्नु आजको राष्ट्रिय आवश्यकता हो । महत्वपूर्ण सूचना र ज्ञानको स्रोतको रूपमा रहेको पुस्तकालयलाई सरकारी र सार्वजनिक/सामुदायिक माध्यमबाट जनस्तरसम्म पहुँच स्थापित गर्न र नेपाल सरकार शिक्षा मन्त्रालयको **"एक विद्यालय एक पुस्तकालय"** घोषित नीतिलाई व्यावहारिक रूपमा रूपान्तरण गर्नु राष्ट्र सामु चुनौतिको विषय वनेको छ । अर्कोतर्फ नवौं पुस्तकालय दिवसको "जीवनपर्यन्त शिक्षाको लागि पुस्तकालय" मूल नारालाई साँचो अर्थमा प्रमाणित गर्ने बेला आएको छ । सभ्य, सुसंस्कृत नागरिक राष्ट्रका गहना भएकाले पठन संस्कृतिको अभावलाई परिपूर्ति गरी मुलुकलाई समृद्ध तुल्याउन पुस्तकालय क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ ।

यस प्रकाशन मार्फत देशको पठन संस्कृतिको विकास गर्न र ग्रामीणस्तरदेखि नै पुस्तकालयको माध्यमबाट व्यक्तिको सर्वाङ्गीण विकासको रूपमा टेवा पुऱ्याउन सफल हुनेछ भन्ने विश्वासका साथ पुस्तकालयसँग सम्वद्ध पक्षहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०७३/५/१२
धनमाया वि.क. (खनाल)
राज्यमन्त्री

मा. धनमाया वि
शिक्षा राज्यमन्त्री

नेपाल सरकार

# शिक्षा मन्त्रालय

(........................................................................ शाखा)

फोन नं.

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

**हार्दिक शुभकामना**

समाजको कसी समुदायको शिक्षा र समुदायले गर्ने व्यवहार हो । सुसंस्कृत व्यवहारमा शिक्षाको उपयोग देखिन्छ । सिकाइबाट मानिसको व्यवहारमा परिवर्तन आएको हुन्छ । देश विदेशलाई निकट ल्याउने आधारभूत कडी शिक्षा र प्रविधि हो । शिक्षा, सञ्चार र प्रविधिको आधार स्थान पुस्तकालय हो । पुस्तकालयबाट मानिसको जीवनको मार्ग तयार भएको देखिन्छ । यहींबाट मानिसको गन्तव्य तय हुन्छ । विश्वका कैयौं देशमा पुराना भन्दा पुराना पुस्तकको संरक्षण र उपयोगको अवसर निर्माण गरेको देखिएको छ । नयाँ प्रयोग, आविष्कार, अनुसन्धान र विश्लेषणको आधार पुस्तकालय हो । यसैले पुस्तक विनाको मानव जीवन सार्थक छैन भन्ने विचारका साथ मनाउन लागिएको पुस्तकालय दिवस सबैका लागि उपयोगी हुनु पर्दछ । आजको यस अपरिहार्य आवश्यकता पूर्तिका लागि सबैलाई सक्रिय बनाउन जरुरी छ । आज प्रविधि, सञ्चार, ज्ञान र सिपको सहयोगमा मानिसले अपत्यारिला काम गरेको पाइएको छ । यी सबैको आधार पुस्तकालय हो । जहाँ मानिस घण्टौं विभिन्न पुस्तकको गहनतामा हराउछन् त्यहाँ केही सिद्धान्त, ज्ञानका विषय, सिप सिक्ने अभ्यास, उपयोग र विभिन्न उदाहरण हेर्न तथा अनुभूति गर्न सकिन्छ त्यो स्थल पुस्तकालय हो । यसै सन्दर्भमा विक्रम सम्बत् २०६५ सालदेखि नेपाल सरकारले नियमित रुपले पुस्तकालय दिवस मनाउन थालेको छ । यस अवसरमा यस वर्ष "जीवन पर्यन्त शिक्षाको लागि पुस्तकालय" भन्ने आदर्श वाक्यका साथ देशव्यापी रुपमा पुस्तकालय दिवस मनाइरहेका छौं । आजको यस पावन अवसरले पुस्तकालयको स्थापना, संरक्षण र प्रयोगमा सचेतना ल्याउने अपेक्षा गरेको छु ।

पठन संस्कृतिको विकास गरी नव प्रतिभालाई प्रोत्साहन गर्नु आजको आवश्यकता भएको छ । ज्ञानार्जनका चुनौती सामना गर्न आजको प्रयासले अग्रसर गराउने अपेक्षा सहित सफलताको शुभकामना व्यक्त गर्दछु । साथै नवौं पुस्तकालय दिवसको अवसरमा प्रकाशन हुन लागेको प्रस्तुत स्मारिका २०७३ सबैका लागि उपयोगी खुराक बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

डा.डिल्लीराम रिमाल
नि.सचिव
शिक्षा मन्त्रालय

# सम्पादकीय

शिक्षास्त्री टि. कोनान्का अनुसार "शिक्षा कोक्रोबाट शुरु भएर चिहानमा गएर टुङ्गिन्छ" अर्थात् शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । औपचारिक, अनौपचारिक र अनियमित गरी शिक्षा हाँसिल गर्ने प्रमुख तीन माध्यम छन् । पुस्तकालय त्यस्तो संस्था हो जसले तीनै थरिका शिक्षा हाँसिल गर्न सहयोग गर्दछ । अझ पुस्तकालयलाई अनियमित शिक्षा प्राप्त गर्ने प्रमुख थलोको रूपमा पनि लिइन्छ। पुस्तकालयका काम र किसिमअनुसार यस्तो शिक्षा हाँसिल गर्ने स्तर भने घटबढ हुन सक्छ । त्यसैले हुनुपर्छ पुस्तकालयलाई समाज विकासको सूचकका रूपमा मानिएको । परिर्वतनको संवाहक भनिएको । जिवित संग्रहालय भनिएको ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दा जुनजुन राज्यको विजय गर्दै गए ती राज्यमा भएका महत्वपूर्ण हस्तलिखित ताडपत्र, भोजपत्र, ताम्रपत्र लगायतका हस्तलिखित ग्रन्थहरू हनुमान ढोका दरबारमा जम्मा गर्न थाले । गीर्वाणयुद्ध विक्रम शाहदेवको पालामा त्यसरी सङ्कलन भएका ग्रन्थहरूको संरक्षण र सम्बर्द्धन गर्ने प्रमुख उद्देश्यले विसं. १८६९ साल भाद्र १५ गते पुस्तक चिताई तहविल स्थापना गर्न लालमोहर जारी गरेको ऐतिहासिक दिनको अवसर पारेर विसं. २०६५ सालदेखि सप्ताहव्यापी रूपमा नेपालमा पुस्तकालय दिवस मनाउन थालिएको हो ।

पुस्तकालय स्थापना गर्न जारी भएको लालमोहरको झण्डै २०० वर्षपछि मनाउन थालिएको पुस्तकालय दिवस अन्य मुलुकभन्दा फरक रूपमा मनाउन थालिएको छ। नवौं दिवससम्म आइपग्दा नयाँ यसले नयाँ उचाई लिएको छ। नेपाल सरकार, सूचना विभागबाट प्रकाशित हुने क्यालेण्डरमा पुस्तकालय दिवसले ठाउँ पाएको छ। पुस्तकालय दिवस मनाउनका लागि केन्द्रमा शिक्षा सचिवज्यूको अध्यक्षतामा मूल समिति तथा यसलाई सहयोग गर्न विभिन्न ११ ओटा उपसमितिहरूको गठन भएको छ भने जिल्ला तहमा गृह मन्त्रालय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवम् शिक्षा मन्त्रालयबाट समेत प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै जिल्लास्तरका निकायको संयुक्त आयोजनामा पुस्तकालय दिवस मनाउनका लागि परिपत्र भएको छ। यसबाट पुस्तकालय दिवस संस्थागत हुँदै गएको प्रष्ट हुन्छ।

विसं. २०७२ साल बैशाख १२ गते गएको विनासकारी भूकम्पका कारण नेपालका प्रमुख पुस्तकालयहरूले प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सकेका छैनन । अधिकांश विद्यालय पुस्तकालय तथा सामुदायिक सार्वजनिक पुस्तकालयको अवस्था पनि उस्तै छ। पुस्तकालयका लागि आवश्यक जग्गाको अभावमा भवन बनाउन सहयोग गर्छु भन्ने दातासमेत गुमाउनु परेको छ।

भूकम्पले चुनौतिमात्र दिएको छैन । प्रशस्त अवसरहरू पनि सिर्जना गरेको छ । यसै मेसोमा माननीय शिक्षा मन्त्रीस्तरको निर्णयबाट नेपालको पुस्तकालय क्षेत्रको समग्र विकासका लागि पुस्तकालय गुरुयोजना, पुस्तकालय स्वचालीकरण तथा विद्युतिय पुस्तकालय विकास एवम् राष्टिय पुस्तक नीतिको तर्जुमा गरी प्रतिवेदन पेस गर्नका लागि विभिन्न समितिहरू गठन भएर अन्तिम प्रतिवेदन माननीय मन्त्रीज्यूसमक्ष पेश गर्ने अवस्थामा पुगेका छन्। सबै समितिबाट प्रस्तुत गरिएका प्रतिवेदनहरूको प्रभावकारी कार्यान्वयन भएर नेपालको पुस्तकालय क्षेत्रले नयाँ मोड लिनेछ।

नवौं पुस्तकालय दिवसका अवसरमा प्रकाशित यस स्मारिकामा पुस्तकालय तथा सूचना क्षेत्रसँग सम्बन्धित २६ ओटा लेख रचना, एउटा पुस्तकालय गीत र एउटा पुस्तकालय दिवससँग सम्बन्धित कविता समावेश गरिएको छ । लेखहरू पुस्तकालय तथा सूचना व्यवस्थापनसँग सम्बद्ध भएकोले यसले नेपालको पुस्तकालयसाहित्यमा रुची राख्ने सबैलाई सहयोग गर्नेछ भन्ने विस्वास लिएको छु ।

अन्त्यमा स्मारिकामा सारगर्भित मन्तव्य दिनुहुने माननीय शिक्षा मन्त्रीज्यू, राज्यमन्त्रीज्यू र श्रीमान् सचिवज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मन्तब्यले स्मारिकाको गरिमालाई बढाएको छ । यसैगरी आफ्ना लेख रचनाहरू प्रदान गर्ने सबै विद्वान् लेखक वर्ग, विज्ञापन उपलब्ध गराइदिनु हुने संस्थाहरू, पुस्तकालय दिवसको प्रकाशन उपसमितिको जिम्मेवारी प्रदान गर्नुहुने नवौं पुस्तकालय दिवस मूल समारोह समिति, लेआउट डिजाइन गर्ने भाइ सुमन कार्की तथा छपाइको जिम्मेवारी दिने सोपान प्रेस लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

जय पुस्तकालय
जय पुस्तकालय दिवस

यादवचन्द्र निरौला
संयोजक, नवौं पुस्तकालय दिवस, प्रकाशन समिति ।

# Contents


१. पुस्तकालय सञ्चालन तथा व्यवस्थापन परिषद् गठनः आजको आवश्यकता एवम् सान्दर्भिकता १

उपेन्द्रप्रसाद मैनाली

२. विपत्ति पछिको पुस्तकालय व्यवस्थापनः जापानबाट सिकेको पाठ ७

यादवचन्द्र निरौला

३. नवौं पुस्तकालय दिवससम्म आइपुग्दा १२

भोलाकुमार श्रेष्ठ

४. प्रभावकारी शिक्षाको लागि पुस्तकालय व्यवस्थापन १५

जानकी कर्माचार्य

५. पुस्तकालय विकासमा दि एशिया फाउण्डेसनको योगदान २०

शमिरा श्रेष्ठ

६. पुस्तकालय तथा प्रजातान्त्रिक समाज २३

जुजुभाई डंगोल

७. कोसी देखा पुस्तकालयः ग्रामिण पुस्तकालयको विदेशी सपना ३०

सागरराज सुबेदी

८. हाम्रो पुस्तकालय दिवसले ३३

अनिता भण्डारी (पौडेल)

९. पुस्तकालय दिवसको औपचारिकता र अबको बाटो ३४

सूर्य क्षेत्री

१०. संघीयतामा पुस्तकालय सेवा अबको आवश्यकता ३८

निमा धिताल (पण्डित)

११. सन्दर्भ नवौं पुस्तकालय दिवसको : प्रसंग पुस्तकालय आवाज मासिक पत्रिकाको ४२

रमेशकुमार भुसाल

१२. विद्यालयमा पुस्तकालय र यसको प्रभावकारी प्रयोग ४५

नर्बदा पोखरेल

१३. गुणस्तरीय शैक्षिक विकासमा समर्पित संस्था लायन्स मनराम प्रतिष्ठान ४८

रामप्रसाद घिमिरे

१४. श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय घैनकोट, मुगुको पुस्तकालयको सङ्कलन विस्तारमा द एशिया फाउण्डेसनको योगदान ५१

पूर्ण बहादुर मल्ल

१५. बालमैत्री शिक्षा आजको आवश्यकता ५२

कल्पना अर्याल

१६. नेपालको प्रथम पुस्तकालय गीत पुस्तकालय ज्ञानको घर ५३

सुदीप ढकाल

१७. विद्यालय पुस्तकालयको अवधारणा तथा पर्वत जिल्लामा पुस्तकालयको अवस्था ५४

ईन्द्रप्रसाद सापकोटा

१८. सामुदायिक विकासको लागि सामुदायिक पुस्तकालय ६३

चिनकाजी श्रेष्ठ

१९. विद्यालय शिक्षामा पुस्तकालय तथा सूचना प्रविधिको प्रयोग ६६

हरिकृष्ण ढुंगेल

२०. पुस्तकालय तथा सूचना व्यवस्थापनमा प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) को भूमिका ७१

चन्द्रकिरण श्रेष्ठ

२१. अमेरिकी कंग्रेस पुस्तकालयको चिनारी ७७

भीष्म भट्टराई

22. Public library system in federal Nepal 79

Dasharath Thapa

23. Preservation and conservation of physical and digital objects of the library materials 82

Bina Vaidya

24. Knowledge management: Machine for human civilization 85

Rajendra Man Banepali

25. Digital libraries: Emergence, features, challenges and opportunities in Nepal 87

Chandra Bhushan Yadav

26. Resources description and access (RDA): Successor of AACR2 91

Kamala Devi Sharma

27. Library day of Nepal: Facts and figure 93

Sudeep Dhakal

28. Children's right 95

Sarad Shivakoti

# पुस्तकालय सञ्चालन तथा व्यवस्थापन परिषद गठनः आजको आवश्यकता एवम् सान्दर्भिकता

उपेन्द्रप्रसाद मैनाली
उपसचिव
पुस्तकालय समन्वय शाखा, शिक्षा मन्त्रालय

**१. नेपालमा हालसम्म पुस्तकालय सञ्चालन तथा व्यवस्थापनको पृष्ठभूमि**

नेपालमा पुस्तकालयको बिकास लिच्छवी कालदेखि नै भएको अनौपचारिक इतिहास भएपनि यस क्षेत्रले औपचारिक गतिशीलता पाएको करिब २०४ बर्ष पुग्यो । लामो ऐतिहासिक पृष्ठभूमिमा नेपालमा सञ्चालित विद्यालय, महाविद्यालय र विश्वविद्यालयस्तरका पुस्तकालय सामुदायिक, सार्वजनिक, ब्यक्तिगत, राष्ट्रिय गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी पुस्तकालयहरू सञ्चालित छन् । मुलुकको शिक्षा विकासका प्रमुख तीन तत्वहरूमध्ये मुलुकको शिक्षा नीति, पुस्तकालय तथा सूचना विज्ञानको विकास एवम् प्रविधिको उपयोग, र शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति नै हो । विद्यार्थीमा पठन संस्कृतिको अभाव, खस्कदो शैक्षिकस्तर जस्ता चुनौतिको सामना गर्न पुस्तकालय तथा सूचना बिज्ञानको क्षेत्रलाई प्रविधिको उपयोगको माध्यमबाट २१ औं शताब्दीका चुनौतिहरूसँग सामना गर्न सकिने गरी कार्यान्वयन गर्न र शिक्षामा आम नागरिकको सरल पहुँच स्थापित गर्न सक्ने बनाउनु हो ।

शिक्षा क्षेत्रको समग्र विकास गर्न पुस्तकालय तथा सूचना र प्रविधि क्षेत्रको विकास गरी यसलाई समृद्ध तुल्याउनु आजको राष्ट्रिय आवश्यकता हो । अर्कोतर्फ नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५० (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको (४) मा **नागरिकको ब्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने** संवैधानिक ब्यवस्था र संविधानको धारा ३१ ले शिक्षासम्बन्धी मौलिक हक प्रदान गरेको छ । पुस्तकालय एवम् सूचना विज्ञान तथा प्रविधिको उपयोग गर्न आवश्यक ऐन निर्माण नभएको वर्तमान् अवस्थामा मुलुकको पुस्तकालय सम्वन्धी सम्पूर्ण कार्य गर्न, नीति, निर्देशन दिने संस्थालाई मन्त्रालयको योजना महाशाखा अन्तर्गत राखिएको छ । मन्त्रालयको यस योजना महाशाखा यति बृहत् छ जसले मुलुकको शिक्षा सम्वन्धी सम्पुर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति तथा योजना तर्जुमा गर्नु पर्ने भएकाले चाहेर पनि देशभरको पुस्तकालयको सम्पूर्ण कार्य गर्न सक्तैन । यसको उदाहरणका लागि मुलुकमा पुस्तकालय स्थापना भएको २०४ बर्ष पुग्दा पनि पुस्तकालय सञ्चालन गर्न आवश्यक ऐन, नियम वन्न नसक्नुका साथै आवश्यक संख्यामा पुस्तकालय जनशक्ति व्यवस्थापन र दरवन्दी सिर्जना हुन नसकिरहेको अवस्था छ । हालै शिक्षा ऐन, २०२८ मा आठौं संशोधन अपरिहार्य राष्ट्रिय आवश्यक्ता बोध भएको पुस्तकालय तथा सूचना विज्ञान र प्रविधिको उपयोगका विषयमा दफा समेत नपरेको कटु यर्थाथ हामीसँग छ । यसको बृहत् कार्यक्षेत्र, विषय प्रकृति र विकासात्मक कार्यलाई तिव्रता दिनुपर्ने विद्यमान अवस्था देखिन्छ ।

## २. मूल समस्याको पहिचान

"पुस्तकालय तथा सूचना विज्ञान र प्रविधिको क्षेत्रमा अपेक्षाकृत रूपमा विकास हुन नसक्दा मुलुकको शैक्षिक गुणस्तर ह्रासोन्मुख हुनुको साथै मुलुकको विकासले अपेक्षाकृत गतिशील लिन नसकेको अवस्था"

## ३. देशभर स्थापना भई सञ्चालन भएको पुस्तकालयको आधिकारिक संख्याः

हाल नेपालमा करिब ३५००० विद्यालय (आधार भूत र माध्यमिक) ३६९५ ओटा उच्च माध्यमिक विद्यालय सञ्चालित रहेका छन् । एक विद्यालय एक पुस्तकालय नीति अनुरूप सिद्धान्ततः सबै विद्यालयमा पुस्तकालय अनिवार्य रूपमा हुनपर्ने हो । मुलुकमा १३ ओटा विश्वविद्यालय (मानित विश्वविद्यालय समेत) का आङ्गिक तथा सम्बन्धन प्राप्त गरी करिब १६०० महाविद्यालयहरू अन्तर्गतका एफलेटेड कलेज समेतमा पुस्तकालयहरू रहेका छन् । करिब १००० सार्वजनिक तथा सामुदायिक पुस्तकालय रहेका छन् । सरकारी, ब्यक्तिगत, राष्ट्रिय गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी पुस्तकालय संख्या पनि त्यति नै संख्यामा रहेका छन् । ती पुस्तकालयहरू कुशल व्यवस्थापन र समन्वयको अभावमा आ-आफ्नै तालमा सञ्चालन भै आएका छन् ।

## ४.पुस्तकालय समन्वय तथा शैक्षिक प्रलेख केन्द्रको क्षेत्राधिकार

पुस्तकालय समन्वय तथा शैक्षिक प्रलेख केन्द्रका प्रमुखको काम, कर्तव्य र अधिकारः

१. मन्त्रालय अन्तर्गतका पुस्तकालयहरूको विकासका लागि नीति, नियम बनाई कार्यान्वयन गर्ने ।
२. पुस्तकालय विकाससम्वन्धी योजना कार्यक्रम वनाई लागू गर्ने गराउने ।
३. पुस्तकालयहरूको सेवा, कार्यक्रम र नीतिमा समन्वय कायम गर्ने ।
४. पुस्तक नीतिको कार्यान्वयनको लागि आवश्यक नीति, कार्यनीति, र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
५. शव्दकोश, वर्णविन्यास आदिको एकरूपताका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, विश्व विद्यालयका लागि सम्पर्क विन्दुको काम गर्ने ।
६. राष्ट्रिय पुस्तक महोत्सव, पुस्तक मेला आदिका लागि सहजीकरण गर्ने । आवश्यक नीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
७. पुस्तक नीति कार्यान्वयनको लागि आवश्यक नीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
८. नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय, डा.डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय तथा देशका अन्य पुस्तकालयहरूको अनुगमन, प्रवर्द्धन र सहजीकरण गर्ने तथा सम्पर्क विन्दुको काम गर्ने ।
९. इ(पुस्तकालयको निर्माणका लागि आवश्यक नीति नियम तर्जुमा गर्ने ।
१०. पुस्तकालयका लागि आवश्यक सफ्टवेयरहरूको व्यवस्था गर्ने ।
११. पुस्तकालयहरूको विवरण तयार गर्ने ।
१२. पुस्तकालयहरूको समन्वय तथा अनुगमन गर्ने ।
१३. पुस्तकालयको दक्षता, क्षमता र सेवा क्षेत्रको आधारमा पुस्तकालयहरूलाई दिइने आर्थिक सहयोग एवम् अन्य सहयोग सम्वन्धमा एकिन गरी पेश गर्ने ।
१४. देशभरका सम्पूर्ण पुस्तकालयहरू र सार्वजनिक पुस्तकालयहको आवधिक मूल्यांकन गरी पुस्तकालय सेवाको स्तर बृद्धि गर्न तथा अभिप्रेरणा जगाउन प्रत्येक वर्ष व्यक्ति र संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

१५. विभिन्न पुस्तकालयहरूसंग समन्वय गरी पुस्तकालय अनुगमन तथा निरिक्षण तथा पुस्तकालय विकासमा सहजीकरण गर्ने ।

१६. पुस्तकालयहरू सम्वन्धित ऐन, नियमअनुसार भए नभएको हेरी ऐन नियमको परिधिभित्र रहन लगाउने ।

१७. पुस्तकालयसम्वन्धी सरकारको नीति, कार्यक्रम अनुसार अन्य कार्य गर्ने ।

१८. पुस्तक नीति सम्वन्धी काममा समन्वय गरी सो सम्वन्धी नीति कार्यान्वयन गर्ने, गराउने

१९. पुस्तकालय स्थापना गर्न आवश्यक पर्ने पूर्वाधार सम्वन्धमा स्पष्ट नीति तथा दिइने सेवाको सम्वन्धमा एकिन शर्तहरू वनाई सम्वन्धीत सरोकारहरूलाई जानकारी गर्ने, गराउने

२०. निजी क्षेत्रमा स्थापना भएका पुस्तकालय विकासका लागि कार्य योजना तयार गरी लागू गर्ने गराउने ।

२१. पुस्तकालयहरूको सम्पूर्ण कार्यहरू र विकास सम्वन्धमा सरकार र पुस्तकालय बिचको सम्पर्क शाखाको रूपमा काम गर्ने ।

२२. स्थापित पुस्तकालयहरूको सुदृढीकरण र सेवा पुऱ्याउने योजना तथा कार्यक्रम बनाई पेश गर्ने गराउने

२३. पुस्तकालयहरूको स्तर निर्धारण गर्ने ।

**५. नेपालको पुस्तकालय सञ्चालन तथा व्यवस्थापन एवम् समन्वय परिषद गठनको नीतिगत, कानूनी एवम् संवैधानिक आधारः**

क. नेपालको संविधान, भाग ४ राज्यका निर्देशक सिध्दान्त, नीति तथा दायित्वअन्तर्गत संविधानको धारा ५१ को ज) नागरिकका आधारभुत आवश्यकता सवन्धी नीति (४) अन्तर्गत नागरिकको व्यक्तित्व विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने संवैधानिक व्यवस्था रहेको । शिक्षा प्रप्त गर्ने नागरिकको मौलिक हकको रूपमा रहेको ।

ख. पुस्तकालय तथा सूचना विज्ञान नीति, २०६३ को राष्ट्रिय नीति बुँदा १ मा **पुस्तकालय तथा सूचना सेवा विकास वोर्ड** गठन गर्ने राष्ट्रिय नीति रहेको ।

ग. पुस्तकालय तथा सूचना सम्वन्धी राष्ट्रिय नीति र कार्यनीतिलाई कार्यान्वयन गरी सुसूचित, सभ्य र समृद्ध समाज निर्माण गर्न **राष्ट्रियस्तरमा एउटा पुस्तकालय तथा सूचना सेवा विकास वोर्ड** गठन गर्ने सरकारी नीति र प्रतिवद्धता रहेको ।

घ. पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ मा नेपाल राज्यभित्र सञ्चालन हुने पुस्तकालयसम्वन्धी विषयमा नीतिनिर्माण, रेखदेख व्यवस्थापन, समन्वय, अनुगमन एवम् निरीक्षण गर्नका लागि पुस्तकालय केन्द्रीय व्यवस्थापन समिति रहेको तर कार्यान्वयन हुन नसकेको ।

ङ. एक विद्यालय एक पुस्तकालय सरकारी नीति रहेको ।

च. आ.व. २०७२/०७३ मा एक गाउँ एक पुस्तकालय नीति रहेको ।

छ. आठौं योजनादेखि पुस्तकालयको आवश्यकता र महत्वलाई जोड दिएको ।

ज. नवौं पुस्ताकालय दिवस सन्दर्भमा मितिः २०७३।०४।०७ को माननीय शिक्षा (मन्त्रीस्तरीय) निर्णयानुसार पुस्ताकालय सञ्चालन तथा व्यवस्थापन गर्न छुट्टै दह्रिलो संस्था खडा गर्ने निर्णय भएको ।

**६. पुस्तकालय सञ्चालन तथा व्यवस्थापन एवम् समन्वय तदर्थ परिषद् गठनको औचित्यता**

एक्काइसौँ शताब्दीको युगमा आइपुग्दा विकसित मुलुकमा पुस्तकालय क्षेत्रमा प्रविधिको उपयोगको माध्यमबाट सिमारहित विश्वको उपमाको **रूप**मा विभुषित हुन पुगेको छ । पुस्तकालय क्षेत्र ज्ञानको भण्डार हो । त्यसैले यसको अपरिहार्यतालाई भुल्न

सकिन्न किनकि शिक्षाको विकासबाट मात्र देश विकास सम्भव हुन्छ । नेपालमा शिक्षा विकासको मूल स्रोतको **रूप**मा रहेको पुस्तकालय क्षेत्रगत **रूपमा हेर्दा विद्या**लय क्षेत्रमा पुस्तकालय स्थापना हुन नसकेको अर्थात् एक विद्यालय एक पुस्तकालय भन्ने सरकारी नीति उपेक्षित भएको स्थिति छ । अर्को तर्फ विविध क्षेत्रमा स्थापित कतिपय पुस्तकालय लोपोन्मुख, उपेक्षित र केहि अपवाद वाहेका अधिकांस पुस्तकालयमा प्रविधिको उपयोग हुन नसकेको अवस्था छ । पुस्तकालय क्षेत्रको विकास यस क्षेत्रमा विज्ञता हासिल गरेका उच्च जनशक्ती र विज्ञता हासिल गरेका वाट मात्र सम्भव छ। यस्तो जनशक्ति र विज्ञता हाँसिल गरेका व्यक्ति छायाँमा परेको मात्र हैन भूमिका विहिन अवस्थामा रहेका छन् । यस क्षेत्रको विकासका लागि सेवा प्रवेश गरेका जनशक्ती माथिल्लो श्रेणीमा पुग्ने अवसर बन्द गरिएको छ ।

**७. पुस्तकालय सञ्चालन तथा ब्यवस्थापन परिषद्**

पुस्तकालय क्षेत्रको विकासका लागि तत्काल तत्काल निम्नानुसार पुस्तकालय सञ्चालन तथा ब्यवस्थापन तदर्थ परिषद् गठन हुनु पर्नेः जसको गठन विधि देहाय अनुसार हुनु पर्नेः

१. माननीय शिक्षा मन्त्री - अध्यक्ष
२ लामो समयसम्म शिक्षा क्षेत्रमा काम गरेका बौद्धिक क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरू मध्येबाट नेपाल सरकारवाट नियुक्त - कार्यकारी उपाध्यक्ष
२. शिक्षा सचिव - पदेन सदस्य
३. सह सचिव, शिक्षा मन्त्रालय, योजना महाशाखा - पदेन सदस्य
४. माननीय शिक्षा मन्त्रीज्यूवाट नियुक्त दुई (सामुदायिक/सार्वजनिक पुस्तकालयवाट) एक/एकजना सदस्य
५. नेपाल राष्ट्रिय पुस्तकालय प्रमुख-पदेन सदस्य
६. केसर पुस्तकालय प्रमुख - पदेन सदस्य
७. डा. डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय प्रमुख - पदेन सदस्य
८. सैनिक चिकित्सा पुस्तकालय प्रमुख-पदेन सदस्य
९. शिक्षा मन्त्रालयको पुस्तकालय क्षेत्र हेर्ने पुस्तकालय समन्वय प्रमुख-सदस्य सचिव

**८.पुस्तकालय सञ्चालन तथा व्यवस्थापन एवम् समन्वय परिषदको काम कर्तव्य र अधिकार**

**क. शासकीय/संस्थागत कार्य**

१. पुस्तकालय सञ्चालन तथा व्यवस्थापन कार्यमा सुशासन कायम गर्ने कार्यका लागि,
२. नेपालमा पुस्तकालय तथा सूचना विज्ञान र प्रविधिका क्षेत्रमा कार्य गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्ने,
३. पुस्तकालय विकास कोष खडा गर्ने आवश्यक नीति तय गर्ने ।
४. पुस्तकालय तथा सूचना सम्वन्धी राष्ट्रिय नीतिको कार्यान्वयन गर्ने एवम् समयानुकूल पुनरावलोकन गर्ने ।
५. राष्ट्रिय पुस्तक परिषद्को गठन गर्ने ।
६. नेपालमा पुस्तकालय तथा सूचना क्षेत्रको विकास गर्न युनेस्कोको सहयोगको क्षेत्र विस्तार गर्ने ।
७. पुस्तकालय सञ्चालन तथा व्यवस्थापन एवम् समन्वय तदर्थ परिषद् गठन भएको एक वर्षभित्र छुट्टै परिषद ऐन तर्जुमा गर्ने ।
८. पुस्तकालयसम्वन्धी तथा प्रविधि उपयोग सम्वन्धमा सरकारको नीति, कार्यक्रम अनुसार अन्य कार्य गर्ने ।
९. नेपाल सरकारको पुस्तकालय सञ्चालन, व्यवस्थापन तथा नीति निर्धारण सम्वन्धमा सल्लाहकारको रूपमा काम गर्ने ।
१०. तीन वर्षभित्र परिषद्को छुट्टै कार्यालय स्थापना गर्ने ।
११. इ-पुस्तकालयको निर्माणका लागि आवश्यक नीति नियम तर्जुमा गरी लागू गर्ने ।

१२. पुस्तकालय तथा सूचना विज्ञान क्षेत्रलाई तालिम तथा अध्ययन संस्थाको रूपमा विकास गर्ने ।

१३. पुस्तकालय तथा सूचना केन्द्र सम्वन्धी अध्ययन, तालिम, स्रोत केन्द्र स्थापना गर्न आवश्यक मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने ।

## ख. विकासात्मक कार्य

१. पुस्तकालय सञ्चालन, व्यवस्थापन तथा प्रविधिको उपयोग गर्न आवश्यक वजेट रकम तथा खर्चको स्वीकृती प्रदान गर्ने ।

२. नेपालमा सञ्चालित पुस्तकालयहरूको अनुगमन, मूल्याङ्कन गरी सुधारात्मक कार्य सञ्चालन गरी स्तरोन्नती गर्ने ।

३. नेपालमा स्थापना भएका सरकारी, शैक्षिक, सामुदायिक/सार्वजनिक, निजी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूवाट सञ्चालित पुस्तकालयहरूको कार्य सञ्चालन तथा सेवा प्रवाहमा प्रभावकारीता ल्याउने,

४. सामुदायिक तथा सार्वजनिक पुस्तकालयलाई समन्वय गरी व्यवसायिक शिक्षामा जोड दिई यसको स्तरोन्नती तथा जनतालाई सहज रूपमा पुस्तकालय सेवा उपलव्ध गराउने ।

५. प्रत्येक प्रदेश तथा स्थानिय तहमा पुस्तकालय स्थापना, सञ्चालन, व्यवस्थापन सम्वन्धी नीति निर्माण गरी नमूनाको रूपमा एक-एक वटा पुस्तकालय तथा सूचना केन्द्रको स्थापना गर्न केन्द्रीय नीति तर्जुमा गर्ने ।

६. नेपाल राष्ट्रिय पुस्तकालयलाई नमूना पुस्तकालयको रूपमा विकास गर्ने । यसको उद्देश्य अनुरूप नेपालवाट प्रकाशित पुस्तक संरक्षण र डिजीटाइजेशन एवम् सोको प्रवर्द्धन गर्ने ।

७. केशर पुस्तकालयलाई निजी क्षेत्रमा स्थापित पुस्तकालयहरूको समेत संरक्षण गर्ने इकाईको रूपमा विकास गर्ने ।

८. डा.डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकाललाई शिक्षा क्षेत्रको अध्ययन अनुसन्धान मुलक निकायको रूपमा विकास गर्न यसको स्तरोन्नती गर्ने ।

९. पुस्तकालयहरूलाई प्रदान गरिने सरकारी अनुदानका आधारहरू तय गरी स्वीकृती प्रदान गर्ने ।

१०. पुस्तकालयहरूको सम्पूर्ण कार्यहरू र विकास सम्वन्धमा सरकार र पुस्तकालय बीचको सम्पर्क शाखाको रूपमा काम गर्ने ।

११. विभिन्न किसिमका सूचनाका स्रोतहरू (वाङ्मय सूची, विषयगत सूची, यूनियन लिष्ट अफ सिरियल्स, म्यानुअल तथा अनलाइन क्याटलग) निर्माण, विस्तार गरी प्रभावकारी वनाउने ।

## ग. पुस्तकालय सुदृढीकरण सम्वन्धी कार्यः

१. मुलुकमा पुस्तकालय स्थापना, सञ्चालन, व्यवस्थापन तथा प्रविधिको उपयोगको क्षेत्रमा चाहिने आवश्यक जनशक्तिको परिपूर्ति गर्ने ।

२. पुस्तकालय गुरू योजना निर्माण तथा तद्अनुरुप कार्य सञ्चालन गर्न स्वीकृती प्रदान गर्न ।

३. परिषद् अन्तर्गतको कर्मचारीको सरुवा वढुवा गर्ने ।

४. एक विद्यालय एक पुस्तकाय नीति अनुरूप प्रत्येक विद्यालयमा पूर्वाधारयुक्त प्रविधियुक्त सुविधा सम्पन्न पुस्तकालयको व्यवस्था गर्ने ।

५. विश्वविद्यालय तथा महाविद्यालयमा आधुनिक प्रविधियुक्त एवम् सुविधा सम्पन्न विद्युतीय पुस्तकालय स्थापना गर्ने । केन्द्रीय पोर्टल मार्फत कनेक्टिभिटी एवम् लिंकेज कायम गर्ने । यसको विकास र विस्तार एवम् प्रवर्द्धनमा जोड दिने ।

६. नेपालमा पुस्तकालय तथा सूचना विज्ञान र प्रविधिको क्षेत्रमा विकास गर्न आवश्यकता अनुसार अन्य कार्य गर्ने, गराउने ।

७. सूचना श्रष्टा देखि प्रकाशक, पुस्तक विक्रेता, र पाठकहरूलाई प्रोत्साहन गर्ने सम्वन्धमा कृतिहरूका वारेका प्रवचन, गोष्ठी, अन्तरक्रिया, कदरपत्र प्रदान, पुरस्कार आदिको व्यवस्था लागू गर्ने ।
८. लेखक संघ, प्रकाशक संघ, पुस्तक विक्रेता संघ, चलचित्र संघ, विभिन्न पेशागत संस्था, बौद्धिक व्यक्तित्व, सरकारी, अर्धसरकारी, अन्तर्राष्ट्रिय संघ/संस्था समेतको उपयोग र समन्वयवाट उपयोगी सूचना सामाग्रीहरू संकलन एवम् व्यवस्थापन गर्ने ।

**घ. समन्वयात्मक कार्य**

१. पुस्तकालय क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा क्षमता विस्तार गर्न बैदेशिक लगानी खुला गर्ने,
२. पुस्तकालय सञ्चालन, व्यवस्थापन, प्रविधिको उपयोग सम्बन्धमा सरकार र अन्तर्राष्ट्रिय निकाय वीच सम्पर्क विन्दुको रूपमा काम गर्ने ।
३. शव्दकोष, वर्णविन्यास आदिको एकरूपताका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, विश्व विद्यालयका लागि सम्पर्क विन्दुको काम गर्ने ।

**ङ. सेवा प्रवाह सम्वन्धी कार्य**

१. पुस्तकालय सञ्चालन विकास समितिको पदाधिकारीहरूको नियुक्ति, पुर्नगठन गर्ने ।
२. पुस्तकालयसम्वन्धी सरकारको नीति, कार्यक्रम अनुसार अन्य कार्य गर्ने ।
३. स्थापित पुस्तकालयहरूको सुदृढीकरण र सेवा पुऱ्याउने योजना तथा कार्यक्रम बनाई पेश गर्ने गराउने ।
४. पुस्तकालयको संचालन, सेवा प्रवाहको सरलताको लागि आवश्यक सफ्टवेयरहरूको निर्माण गरी अभिलेख व्यवस्थापन कार्य गर्ने ।
५. सम्पूर्ण पुस्तकालय तथा सूचना केन्द्रहरूको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मूल्यांकन एवम् सुधारात्मक कार्य गर्ने ।

**च. व्यवस्थापन तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्य**

१. निजी क्षेत्रमा स्थापना भएका पुस्तकालय विकासका लागि कार्ययोजना तयार गरी लागू गर्ने, गराउने ।
२. देशभरका सम्पूर्ण पुस्तकालयहरू र सार्वजनिक पुस्तकालयहरूको आवधिक मूल्याङ्कन गरी पुस्तकालय सेवाकोस्तर बृद्धि गर्न तथा अभिप्रेरणा जगाउन प्रत्येक वर्ष व्यक्ति र संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने, स्थापित पुस्तकालयहरूको सुदृढीकरण र सेवा पुऱ्याउने योजना तथा कार्यक्रम बनाई स्वीकृत गरी कार्यान्वयनको लागि पठाउने ।
३. पुस्तकालयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अध्ययन भ्रमणसम्बन्धी नीति तर्जुमा गर्ने ।
४. पुस्तकालय विकासका लागि तालिम, पुस्तक प्रदर्शनी, अनुसन्धान सम्बन्धी कार्यनीति स्वीकृत गरी लागू गर्ने ।

**अतः** हाल शिक्षा मन्त्रालय योजना महाशाखाअन्तर्गत रहेको पुस्तकालय समन्वय तथा शैक्षिक प्रलेख केन्द्रले देशभरिका सवै पुस्तकालयहरूको अभिलेखन, पुस्तकालयसम्बन्धी कार्यक्रम तर्जुमा, पुस्तकालय सम्बन्धी कार्यक्रमको सिफारिस, नियमन, अनुगमन तथा आवश्यक नीति, निर्देशन एवम् सहजीकरण सम्वन्धीकार्य गर्दै आएको छ ।

नेपालको समग्र पुस्तकालयको व्यवस्थापनका लागि पुस्तकालय समन्वय तथा शैक्षिक प्रलेखन केन्द्रको कार्यक्षेत्रलाई विस्तार गरी पुस्तकालय सञ्चालन तथा व्यवस्थापन एवम् समन्वय परिषद्को गठन गर्न सके मुलुकमा रहेका ४० हजार पुस्तकालयहरूको सञ्चालन, व्यवस्थापन र सुदृढीकरण गर्नका सहज हुने थियो । यो समयको माग, समग्र पुस्तकालय कर्मीहरूको आवाज र मुलुकको आवश्यकता हो ।

# विपत्ति पछिको पुस्तकालय व्यवस्थापनः जापानबाट सिकेको पाठ

यादवचन्द्र निरौला
पुस्तकालय प्रमुख
नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन ललितपुर ।

## १. पृष्ठभूमि

मित्रराष्ट्र जापानको राष्ट्रिय पुस्तकालय (National Diet Library) को निमन्त्रणामा मिति २०७२ साल फागुन २ गतेदेखि ७ गतेसम्म जापानको राजधानी टोकीयोस्थित राष्ट्रिय पुस्तकालय (National Diet Library), चियोदा सार्वजनिक पुस्तकालय (Chiyoda Public Library), अन्तरार्ष्ट्रिय बालसाहित्य पुस्तकालय International Library of Children's Literature (ILCL), आराकावा दाइसान माध्यमिक विद्यालय पुस्तकालय र सियोरी हिगासी प्राथमिक विद्यालय पुस्तकालय (Arakawa Dai-san Junior High School Library and Shioiri Higashi Primary School Library) गरी पाँचओटा पुस्तकालयको अध्ययन भ्रमण गर्ने अवसर प्राप्त भएको थियो ।

मिति २०७२ बैशाखको पहिलो हप्ता नेपाल राष्ट्रिय पुस्तकालय हरिहर भवन र त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा समेत जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) को वरिष्ठ पुस्तकालय स्वयम्सेवकको रूपमा काम गरिसक्नु भएका जापानी नागरिक श्री नोबुए यामादाको समूह नेपालको अन्नपूर्ण पदयात्रामा आएको रहेछ । बैशाख १२ गतेको विनाशकारी भूकम्पको बेला सो समूह नेपालको मुक्तिनाथ पुगेको रहेछ । मुक्तिनाथ क्षेत्रमा भूकम्पको असर खासै नपरेपनि समाचारबाट नेपालका अन्य क्षेत्रमा परेको असर थाह पाएपछि आफनो पदयात्रा छोट्याएर काठमाडौं आएको थियो । काठमाडौंमा रहँदा नेपाल राष्ट्रिय पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, केसर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, साँखुमा रहेको उग्र पुस्तकालय लगायतका विभिन्न पुस्तकालय तथा काठमाडौं, पाटन र भक्तपुर दरबार क्षेत्रको समेत अवलोकन गरी उक्त समूह जापान फर्कियो ।

दोस्रोपटक २०७२ असोज महिनाको पहिलो साता पुनः नोबुए यामादा तथा जापानको राष्ट्रिय पुस्तकालयका भूतपूर्व कर्मचारी तथा संरक्षण विशेषज्ञ ताकाओ मुरायामाले नेपालका विभिन्न पुस्तकालयहरूको अध्ययन भ्रमण गर्नुभयो र जापानको राष्ट्रिय पुस्तकालयमा नेपाल राष्ट्रिय पुस्तकालय लगायत नेपालका विभिन्न पुस्तकालयसम्बन्धी प्रारम्भिक प्रतिवेदन पेस गर्नुभयो ।

उक्त प्रतिवेदनको अध्ययनपछि जापानको राष्ट्रिय पुस्तकालयले नेपालका पुस्तकालयहरूलाई कसरी सहयोग गर्न सकिन्छ भनेर श्रीमती नोबुए यामादा र श्री ताकाओ मुरायामा सँग सल्लाह मागेको रहेछ त्यसपछि श्रमती यामादा र श्री मुरायामाले नेपाल राष्ट्रिय पुस्तकालयलाई जापानको राष्ट्रिय पुस्तकायको योजना बारे जानकारी गराउनु भएको थियो । सो अनुसार नेपालका पुस्तकालयमा कार्यरत २ जना जनशक्तिलाई जापानमा बोलाएर छोटो अवधिकै भएपनि भूकम्प लगायतका ठूलठूला मानवीय विपत्ति आइपर्दा पुस्तकालयमा भएका पठन सामग्रीको संरक्षण र सम्बर्द्धन कसरी गर्ने, जापानी अनुभव के छ? नेपालको पुस्तकालयको क्षेत्रमा के भइरहेको छ ? आदि बुँदाहरूमा आधारित भएर संरक्षण र सम्बर्द्धन सम्बन्धी चार दिने तालिम कर्यक्रमको आयोजना गरेको थियो ।

सो तालिममा नेपाल सरकार शिक्षा मन्त्रालयको निर्णयअनुसार नेपाल राष्ट्रिय पुस्तकालयका

पुस्तकालय प्रमुख यादवचन्द्र निरौला र शिक्षा मन्त्रालय, वैदेशिक समन्वय शाखाका शाखा अधिकृत श्री यमबहादुर बस्यालले भाग लिनु भएको थियो । प्रस्तुत आलेख सो तालिममा सिकेका मुख्य पाठहरूका आधारमा तयार पारिएको छ ।

**तालिमबाट सिकेका पाठ**

१. **पुस्तक राख्ने र्‍याक तथा फर्निचरको व्यवस्थापनः** सन् १९९७ र २०११ मा जापानमा दुई ठूला भूकम्प गएका थिए । ती भूकम्प पछिको अनुभवका आधारमा पुस्तकालयमा रहने सबै पुस्तक राख्ने र्‍याक तथा फर्निचरलाई एकआपसमा जोडेर राख्न थालिएको रहेछ । यसो गर्दा जत्रै भूकम्प आए पनि र्‍याक वा पुस्तक राखिएका दराजहरू नढल्ने रहेछन् र क्षतीपनि कम हुने रहेछ ।

२. **पुस्तकालय भवनको निर्माणः** जापानको राष्ट्रिय पुस्तकालय भवनको डिजाइन जमिनमुनि चार तल्ला र जमिन माथि चार तल्ला हुने गरी गरिएको र सोही अनुसार भवन निर्माण गरिएको रहेछ। पुस्तकालयका लागि जग्गाको छनो्ट गर्दा कडा संरचना भएको स्थानको छनो्ट गरिएको रहेछ । सन् २०११ को भूकम्पका बेला पुस्तकालयको जमिनमाथिको दोस्रो, तेस्रो र चौथो तल्लामा राखिएका अधिकांश र्‍याकहरू र ति र्‍याकमा भण्डारण गरिएका सबै पुस्तकहरू भुइँमा खसेछन् तर पुस्तकालय भवनको जमिन मुनिका तल्लामा रहेका कुनै पनि र्‍याकहरू ढलेनछन् र कुनै पनि पुस्तक खसेनछन् । यसैबाट पाठ सिकेर पुस्तकालयमा रहेका सबै र्‍याकहरू एकआपसमा जोड्न थालिएको रहेछ । साथै नयाँ पुस्तकालय भवन बनाउँदा सुरूको लागत बढ्ने भएपनि जमिनमुनि कम्तीमा पनि दुई, तीन तला बनाउने प्रचलन बढेको रहेछ । हामीले पनि नयाँ पुस्तकालय भवन निर्माण गर्दा कम्तीमा पनि दुईतला जमिनमुनि बनाउने र संरक्षण र सम्बर्द्धनका दृष्टिले महत्वपूर्ण पुस्तक पत्रपत्रिका लगायतका पठनसामग्रीहरू ती तलामा भण्डारण गरी राख्ने हो भने भूकम्पीय जोखिमबाट बच्न सकिने रहेछ ।

३. **तापमान व्यवस्थापनः** पुस्तक पत्रपत्रिकालगायतका पठन सामग्रीहरूलाई लामो समयसम्म संरक्षण र सम्बर्द्धन गरी राख्नका लागि पठनसामग्रीहरू व्यवस्थित गरी राखिएका कोठा वा स्थानको तापमानमा एकरूपता हुनुपर्छ । सामान्यतया जमिनमुनिका तल्लाको तापमान सधैं एकै नासको रहने भएकाले यस्ता स्थानमा राखिएका पठनसामग्रीहरू लामो समयसम्म टिकिरहन्छन् । पुस्तकालयको तापमान एकैनासको राख्नका लागि हरेक दिनको तापक्रमको तथ्यांक राख्ने र २० डिग्रीभन्दा तल र २५ डिग्रीभन्दा माथि रहेको पाइएमा केन्द्रीय तापमान नियन्त्रक पद्धति (Central air cooling system) चालु गर्ने गरिएको पाइयो ।

४. **नियमित सरसफाइः** पठनसामग्रीको संरक्षण र सम्बर्द्धनमा नियमित सरसफाइको विशेष महत्व हुन्छ। यसबाट कीरा, मुसा, धमिरा आदिले पठनसामग्रीमा कुनै हानि नोक्सानी पुर्‍याए नपुर्‍याएको पनि थाहा हुन्छ । नेपालमा पठनसामग्रीको सरसफाइ गर्दा मानव स्वास्थ्यलाई खासै ध्यान दिएको देखिँदैन । जापानमा पठनसामग्री भण्डारण गरिएको स्थानमा जाँदा मास्क, पन्जा, एप्रोनलगायतका मानवसुरक्षाका सबै सामग्रीहरू लगाउँर मात्र जाने चलन रहेछ । पुस्तकालयको अध्ययन वा अवलोकन भ्रमणमा आएका आगन्तुकहरूले पनि यो प्रक्रिया पूरा गरेर मात्र जानुपर्ने रहेछ। नेपालका अस्पतालमा अपरेसन पछिका बिरामीलाई भेट्न जाँदा समेत एप्रोन लगाउँन हिच्किचाउने बानी हुन्छ भने पुस्तकालय र पठन सामग्रीको नियमित सरसफाइमा त कम ध्यान जाने नै भयो ।

५. **विपद्को पूर्वतयारीः** मौसम पूर्वानुमानका आधारमा बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिको पूर्वानुमान गर्न सकिन्छ र यस्ता विपत्तिबाट बच्नका लागि पूर्व सावधानी समेत अपनाउन सकिन्छ। तर भूकम्प कहिले र कहाँ कति रिक्टरस्केलको जान्छ भनेर पूर्वानुमान गर्न सकिँदैन । यसै तथ्यलाई मध्यनजर गरी जापानको राष्ट्रिय पुस्तकालयमा केही गरी भूकम्प आइहालेमा उद्धार कार्यलाई

प्रभावकारी बनाउन सकियोस् भनेर भूकम्पपछि आवश्यक पर्ने न्यूनतम सामग्रीहरू पुस्तकालयको मुख्य लबीसँगै एउटा कोठामा वा अन्य उपयुक्त स्थानमा व्यवस्थित गरेर राख्ने गरिदो रहेछ । यसबाट तत्कालै उद्धार कार्यमा जुट्न सजिलो हुने देखिन्छ ।

नेपालमा पनि पटकपटक गइरहेको भूकम्प, हालसालै गएको बाढी र पहिरोले ठूलो धनजनको क्षति भयो यसरी हुने क्षती कम गर्नका लागि केही पूर्वतयारी भएतापनि पर्याप्त तयारीको अभावमा राहत र पुनर्स्थापनामा समस्या आउने गरेको छ ।

बाढी, पहिरो वा भूकम्पका कारण पानीले भिजेका पुस्तक तथा पठनसामग्रीहरूलाई प्लास्टिकका थैलामा प्याक गरेर डिप फ्रिजमा राख्ने र बिस्तारै त्यस्ता पठनसामग्रीको संरक्षण र सम्बर्द्धन गर्दै जान सकिने कुरा पनि यस अवसरमा सिक्न र देख्न पाइयो ।

**६. पुस्तकालय र प्रकाशकबीचको सम्बन्धः** जापानमा कानुनी सञ्चय ऐन लागू भएको छ । जापानको प्रकाशनउद्योग संसारमै अग्रणीमध्ये पर्दो रहेछ । जापानमा हरेक वर्ष करिब नब्बेहजारदेखि एकलाखसम्म शीर्षकका नयाँ पुस्तक प्रकाशित हुदारहेछन् । करिब दसहजार शीर्षकमा त बाल साहित्यसम्बन्धी पुस्तक नै प्रकाशित हुँदा रहेछन् । करिब ८० प्रतिशत पुस्तकहरू कानुनी सञ्चय ऐनका माध्यमबाट राष्ट्रिय पुस्तकालयमा प्राप्त हुने कुरा तालिमका सिलसिलामा थाहा पाइयो । एकातिर यसले राष्ट्रिय पुस्तकालयको पुस्तक सङ्कलनविस्तारमा ठूलो टेवा पुऱ्याएको रहेछ भने अर्कोतिर पुस्तकालयले हरेक वर्ष प्रकाशन गर्ने राष्ट्रिय वाङ्मयसूचीमा सबै प्रकाशकका प्रकाशन पर्ने भएकोले राष्ट्रिय पुस्तकालय र प्रकाशकबीच सुमधुर सम्बन्ध रहेको पाइयो । बिडम्बना नै भन्नुपर्छ नेपालमा हालसम्म पनि कानुनी सञ्चय ऐन लागू हुन सकेको छैन । पुस्तकालयको पुस्तक खरिदका लागि प्राप्त हुने बजेट अत्यन्त न्यून छ । नेपालमा मुस्किलले वर्षमा करिब ५००० शीर्षकका नयाँ पुस्तक प्रकाशित हुन्छन् । ती सबै पुस्तकका कम्तीमा दुइदुईप्रति खरिद गर्न पुग्नेगरी राष्ट्रिय पुस्तकालयलाई बजेट कहिल्यै प्राप्त हुँदैन ।

अर्कातिर नेपालमा कानुनी सञ्चय ऐन नभएका कारण पुस्तकालयमा कुनै पनि प्रकाशक वा लेखकले आफ्ना प्रकाशन वा सिर्जना राष्ट्रिय पुस्तकालयमा जम्मा गर्नुपर्दैन । परिणाम कुनै लेखक वा प्रकाशकसँग निश्चित समयपछि एक प्रति पनि बाँकी हुँदो रहेनछ । मेरो कृति राष्ट्रिय पुस्तकालयमा छ कि भनेर आउने अधिकांशलाई रित्तो हात फर्काउनुपर्ने हुन्छ । कार्यक्षेत्रको हकमा राष्ट्रिय वाङमयसूचीको प्रकाशन नेपाल राष्ट्रिय पुस्तकालयले गर्नुपर्ने हो, तर विगतमा यो कामका लागि दाताले आर्थिक सहयोग गर्दासम्म त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयले गर्ने गरेको थियो । दाताले हात झिकेपछि यो पनि बन्द भयो । न्यूनतम बजेट प्राप्त हुने हो भने यो काम राष्ट्रिय पुस्तकालयले गर्न सक्छ। नेपालमा बजेट र कानुनकै अभावमा पुस्तकालय र प्रकाशकबीचको सम्बन्ध सुमधुर बनाउन सकिएको छैन ।

जापानका सार्वजनिक पुस्तकालय र प्रकाशकबीच पनि सुमधुर सम्बन्ध रहने गरेको पाइयो । नयाँ पुस्तक प्रकाशन भएपछि प्रकाशकले पुस्तकालयमा ल्याएर प्रदर्शनीमा राख्दा रहेछन् । पाठकलाई मन परेको खण्डमा सिधै त्यहीँबाट खरिद गर्न सक्ने व्यवस्था मिलाइएको हुँदो रहेछ । यसले गर्दा पाठकलाई विभिन्न पुस्तक पसल चहारेर हिँड्नुपर्ने झन्झटबाट मुक्ति मिल्ने रहेछ। यसरी पुस्तक प्रकाशक र पुस्तकालयबीचको सम्बन्ध सुमधुर बनाउन सकिने रहेछ। पुस्तकालयमा पर्याप्त स्थान हुने हो भने नेपालमा पनि यस्तो कामको थालनी गर्न सकिन्छ ।

**७. विद्यालय पुस्तकालय र पुस्तकालय कुनाः** नेपाल सरकारले हालसालै माध्यमिक विद्यालयलाई लक्षित गरेर एक विद्यालय एक पुस्तकालय र आधारभूत

विद्यालयको प्रारम्भिक तह (कक्षा १-३) लाई लक्षित गरेर प्रारम्भिक कक्षा पढाइ सिप प्रबर्द्धन कार्यक्रम (Early Grade Reading Programme, EGRP) सञ्चालनमा ल्याएको सन्दर्भमा जापानका माध्यमिक विद्यालय र प्राथमिक विद्यालयमा पुस्तकालयको के कस्तो व्यवस्था गरिएको रहेछ र त्यहाँबाट हामीले के कुरा नेपालको सन्दर्भमा लागू गर्न सकिने रहेछ भनेर टोकियोस्थित आराकावा दाइसान माध्यमिक विद्यालय पुस्तकालय र सियोरी हिगासी प्राथमिक विद्यालय पुस्तकालयको अवलोकन भ्रमण गरियो ।

हरेक विद्यालयमा सुविधा सम्पन्न पुस्तकालय हुने रहेछ । पुस्तकालय हेर्ने छुट्टै कर्मचारीको व्यवस्था हुने रहेछ । हरेक कक्षाका विद्यार्थीले पुस्तकालयको प्रयोग गरेर शिक्षकले दिएको परियोजना कार्य पूरा गर्नुपर्ने व्यवस्था समयतालिकामा नै निर्धारण गरिएको हुने रहेछ । अर्को रमाइलो कुरा एउटै विषयमा विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर एउटा समूहलाई पुस्तकालयमा भएका पुस्तकको उपयोग गर्न र अर्को समूहलाई इन्टरनेट वा विद्युतीय पुस्तकालयको प्रयोग गरेर परियोजना कार्य गर्न र दुवै समूहलाई आआफ्ना प्रस्तुति गर्न लगाइँदो रहेछ । यसबाहेक नियमित पुस्तकालयको प्रयोग गर्ने, पुस्तकालयमा आएर वादविवाद, हाजिरीजवाफ, साहित्य गोष्ठी, नृत्य लगायतका सिर्जनात्मक अभिव्यक्तिशील कलाका गतिविधि सञ्चालन गर्न, सस्वर वाचन गर्नेजस्ता कार्यकलाप गर्न प्रोत्साहित गरिँदो रहेछ ।

विद्यालय पुस्तकालयका अतिरिक्त कक्षाकोठा नजिकै रहेको लबीमा कक्षाको स्तरअनुसारका विभिन्न सन्दर्भ पुस्तकहरू भएको पुस्तक कुना (Book corner) को पनि व्यवस्था गरिएको हुँदो रहेछ । यसबाट शिक्षक तथा विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा सहभागी भइरहँदा आवश्यक पर्ने सन्दर्भ पुस्तक, नक्सा आदिको उपयोग गर्न सजिलो हुने र विद्यालयको पुस्तकालयमा जानुपर्ने समयको बचत हुने तथा विद्यार्थीमा पढ्ने बानी विकसित गर्न सहयोग पुग्ने रहेछ ।

नेपालमा पनि बालबालिकहरूलाई सानै उमेरदेखि पढ्ने बानीको विकास गर्न सहयोग गर्ने प्रमुख उद्देश्यले EGRP कार्यक्रम लागू भएको छ । यसले हरेक कक्षामा कक्षाकोठा पुस्तकालयको परिकल्पना गरेको छ भने हरेक माध्यमिक विद्यालयमा पुस्तकालयको स्थापना गर्ने लक्ष्य सरकारले राखेको छ । स्थापना भएका पुस्तकालयका कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि शिक्षा विभाग र नेपाल राष्ट्रिय पुस्तकालयले संयुक्त रूपमा पाँच दिनको आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गर्दै आएको छ । स्थापित पुस्तकालयको प्रभावकारी उपयोगका लागि विद्यालयले तयार गर्ने समयतालिकामा कम्तीमा पनि हप्ताको एक पिरियड कक्षा शिक्षकको नेतृत्वमा पुस्तकालयको प्रयोग गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । साथै विभिन्न परियोजना कार्य सञ्चालन गर्दा वा अतिरिक्त कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीहरूलाई पुस्तकालयको प्रयोग गर्न प्रोत्साहन गर्न सकिन्छ । साथै वर्षभरि वा निश्चित समयमा सबैभन्दा बढी पुस्तक पढ्ने विद्यार्थी वा पाठकलाई पुरस्कृत गर्न पनि सकिन्छ ।

८. **प्रतिवेदन सेसनः** २०७२ फागुन ६ गते नेपालको पुस्तकालय क्षेत्रलाई माया गर्ने, विगतमा नेपाल आइसकेका र नेपाल आउन चाहने केही व्यक्तिहरू र जापानको राष्ट्रिय पुस्तकालयका उच्च पदस्थ कर्मचारीहरू समेत गरी करिब ५० जना सहभागीहरूका वीचमा विसं. २०७२ साल बैशाख १२ गते र त्यसपछि पटक पटक गएको पराकम्पका कारण नेपालको समग्र पुस्तकालय क्षेत्र र विशेष गरी नेपाल राष्ट्रिय पुस्तकालयको वर्तमान अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्ने अवसर प्राप्त भयो । सो अवसरमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, केसर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको अवस्था सम्बन्धमा पनि सहभागहिरूले विभिन्न किसिमका जिज्ञासा राखेका

थिए । विशेषतः नेपाल राष्ट्रिय पुस्तकालयका लागि जग्गा प्राप्त हुनसकेमा पुस्तकालयका लागि आवश्यक भवन निर्माणका लागि सहयोग गर्ने प्रतिवद्धता प्राप्त भएको थियो । नेपाल राष्ट्रिय पुस्तकालयका लागि उपयुक्त जग्गा प्राप्त गर्न सके भवन निर्माणका लागि जापान सरकार समक्ष अनुरोध गर्दा सहयोग प्राप्त हुन सक्ने अपेक्षा बढेको छ। अर्का प्रस्तोता यमबहादुर बस्यालले भूकम्पपछि नेपालका विद्यालय पुस्तकालयको अवस्था र सरकारले चालेका कदमबारे जानकारी गराउनु भएको थियो ।

९. **पुस्तकालयसम्बद्ध ऐन, कानुनको पुनरावलोकनमा सहयोगः** नेपालमा पुस्तकालय क्षेत्रसँग सम्बद्ध पर्याप्त ऐन कानुनको अभाव छ । जापानमा राष्ट्रिय पुस्तकालय सञ्चालनका लागि बेग्लै कानुन छ । पुस्तकहरू सञ्चयका लागि कानुनी सञ्चय ऐन पनि कार्यान्वयनमा छ । यस अतिरिक्त विद्यालय पुस्तकालय, सार्वजनिक सामुदायिक पुस्तकालयसम्बन्धी कानुन पनि लागू भएका छन् । नेपालको संविधानमा उल्लेख भएका मौलिक हक तथा निर्देशक सिद्धान्त तथा नीतिहरूको सफल कार्यान्वयनका लागि पनि पुस्तकालय तथा सूचना क्षेत्रसम्बद्ध ऐन, कानुनहरूको निर्माण गरी राज्यको पुनःसंरचना हुँदा केन्द्रीय निकायदेखि स्थानीय निकायको तल्लो इकाइसम्म पुस्तकालय सञ्जालको जापानमा जस्तै विकास र विस्तार गर्नुपर्ने देखिन्छ ।

१०. **पुस्तकालय समयविस्तारः** जापानको राष्ट्रिय पुस्तकालय त्याहाँको संसद (Diet) चलेको बेला करिब २४ सै घण्टा खुल्ला रहन्छ । हरेक वर्ष जापानका सांसदहरूबाट मात्रै ४०,००० भन्दा बढी जिज्ञासा आउँदा रहेछन् । हरेक जिज्ञासाको समाधान पुस्तकालयमा कार्यरत कर्मचारीहरूले गर्ने वा गर्न सहयोग गर्ने प्रचलन रहेछ। सांसदहरूको सहयोगका लागि कम्तिमा सहसचिवस्तरको कर्मचारीको नेतृत्वमा कर्मचारीहरू खटाइदो रहेछ । साथै विभिन्न मन्त्रालयमा समेत राष्ट्रिय पुस्तकालयको शाखा रहने व्यवस्था रहेछ ।

नेपालमा संसद सचिवालय पुस्तकालय भए पनि यसले प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सकेको छैन । सिंहदरबार परिसरमा सुविधासम्पन्न केन्द्रीय सचिवालय पुस्तकालय बनाउने भनेर पूर्व शिक्षा सचिव विश्वप्रका पण्डितज्यूको संयोजकत्वमा गठन भएको समितिले आफ्नो प्रतिवेदन तत्कालीन मुख्यसचिवज्यूसमक्ष प्रतिवेदन पेस गरेको भएपनि सो को कार्यान्वयन हुन सकेको छैन ।

**निष्कर्ष**

तालिम अवधि छोटो भए पनि संरक्षण र सम्बर्द्धनका दृष्टिकोणले तालिम प्रभावकारी रह्यो । विशेषतः जापानको राष्ट्रिय पुस्तकालयले अवलम्बन गरेका पुस्तक राख्ने ऱ्याकलाई नेपालको सन्दर्भमा समेत तत्कालै उपयोग गर्न सकिन्छ । नयाँ पुस्तकालय भवन तथा ऐतिहासिक दृष्टिले महत्वपूर्ण सामग्री भण्डारण गर्ने सँग्रहालय, कितावखाना निर्माण गर्दा सुरूको लागत केही बढ्ने भए पनि सकेसम्म जमिनमुनि कम्तीमा दुईतल्ला बनाउन सके भूकम्पीय जोखिम न्यून हुने कुरा प्रमाणित भएको रहेछ ।

नेपालमा पुस्तकालयको संरक्षण र सम्बर्द्धन सम्बन्धमा त्यति ध्यान दिइएको पाँइदैन । सबैभन्दा ठूलो मानव स्वास्थ्य र त्यस पछि मात्र अन्य कुरामा ध्यान दिनुपर्छ । भूकम्प, बाढी पहिरो वा अन्य कुनै दैवी विपत्ति आएमा अपनाइने पूर्व सावधानीमा पनि विशेष ध्यान दिनु पर्ने रहेछ । पानीले भिजेका पुस्तकहरू डिप फ्रिजमा राखेर बिस्तारै संरक्षण र सम्बर्द्धन गर्दै जान सकिने रहेछ । जापानमा पुस्तकालय सम्बन्धी ऐन, नियम बनेको लामो अवधि भएका कारण जापानबाट प्रकाशित पुस्तकहरूका लागि धेरै बजेट विनियोजन गरिरहनुपर्ने रहेनछ । नेपालमा भने न कानुन छ न त पर्याप्त बजेट नै ।

# नवौँ पुस्तकालय दिवससम्म आइपुग्दा

भोलाकुमार श्रेष्ठ
पुस्तकालय प्रमुख
डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय ।

नेपालमा कानुनी रूपमा कर्मचारी सहितको पुस्तकालय खोलेको २०४ वर्ष भयो । मैले पुस्तकालय सेवामा विताएको ३५ वर्ष पूरा भयो । नेपालमा पुस्तकालय दिवस मनाउन थालेको ८ वर्ष पूरा भएर ९ वर्ष लाग्छ, भदौ १५ गते ।

**पुस्तक चिताई तहविल**

राजा गीर्वाणयुद्ध वीरविक्रम शाह सानै थिए । उनलाई पुस्तकालय भनेको के हो थाहा नहुन सक्छ । पृथ्वीनारायण शाहदेवले विभिन्न दरबार, मठ-मन्दीरहरूबाट जम्मा गरेको हस्तलिखित ग्रन्थहरू, ताडपत्र, भोजपत्र, ताम्रपत्र, पुस्तकहरूको महत्वलाई दर्शाएर व्यवस्थापन र सुरक्षाको लागि कर्मचारीहरू समेतको व्यवस्था गरी "पुस्तक चिताई तहविल" को नामकरण गरिएको पुस्तकालयलाई वि.सं.१८६९ साल भाद्र १५ गते लालमोहर लगाउने काम गीर्वाणयुद्ध वीरविक्रम शाहले गरे । सानै भएपनि, पुस्तकालय के हो थाहै नभए पनि, इतिहासमा नाम लेखियो । सोही दिनको सम्झनामा भाद्र १५ गतेलाई पुस्तकालय दिवसको रूपमा मनाउन थालेको हो ।

पुस्तक चिताई तहविलका ज्ञान सामाग्रीहरू पछि विस्तारै घण्टाघर पुस्तकालय, वीर पुस्तकालयमा सर्दै हस्तलिखित ग्रन्थहरू जति राष्ट्रिय अभिलेखालय स्थापना भएपछि अभिलेखालयमा राखियो भने पुस्तकहरू जति केन्द्रीय सचिवालय पुस्तकालय सिंहदरबारमा राखियो । नेपाल राष्ट्रिय पुस्तकालय स्थापना हुँदा ति पुस्तक पनि प्राप्त भएका थिए । २०४ वर्षको इतिहास बोकेको पुस्तकालयको इतिहासलाई हामी गर्व गर्छौं । तर एक्साइसौं शताब्दीसम्म आइपुग्दा पनि गर्व गर्न लायकको एउटै पुस्तकालय छैन भन्नु पर्दा हिनता बोध हुन्छ ।

**केसर पुस्तकालय**

केसर शमसेर १५ वर्षको उमेरमा श्री ३ महाराज चन्द्र शमशेरसँग ब्रिटेन जाने मौका पाए । कलिलै उमेरमा ब्रिटिश म्यूजियम लाइब्रेरी घुम्दा नेपालमा पनि लाइब्रेरी खोल्ने बिचारबाट प्रभावित भए । उनले ब्रिटेन बाटै राम्रा-राम्रा पुस्तकहरू साथमा लिएर आएर केसर पुस्तकालयको स्थापना गरे । हस्तलिखित ग्रन्थहरू पनि सङ्कलन गर्न थाले । बहुमुल्य पेन्टिङ्हरूले भित्ता सजिन थाले । विश्व प्रसिद्ध व्यक्तित्वहरूका तस्वीरहरूले भित्तामा ठाउँ पाए । जनावरहरूको टयाक्सीडर्मी गरिएका टाउकाहरूले पुस्तकालयको आकर्षण बढायो । स्वप्न बगैचाले त पुस्तकालयको वातावरणमा चार चाँद लगाइ दियो ।

केसर शमसेरको समयमा सर्वसाधारण नेपालीले पुस्तकालयको प्रयोग गर्न नपाएतापनि विदेशी विद्वान् हरूलाई पुस्तकालय खुल्ला थियो । पुस्तकालयको भ्रमण, अध्ययन अनुसन्धान गर्ने विदेशी बिद्वानहरूमा पण्डित जवाहारलाल नेहरू, राजेन्द्र प्रसाद, सिल्भान लेभी, हरप्रसाद शास्त्री, जुसेप टुची, लुसियानो पेटेक आदि थिए ।

२००७ सालपछि नेपाली विद्वान्हरूले पनि यस पुस्तकालय पुस्तकहरू प्रयोग गर्ने मौका पाए । केसर शमशेर आफै विद्वान् थिए । आफ्नो पुस्तकालयमा भएका प्रायः पुस्तकहरू पढिसकेको, कुन पुस्तक कहाँ छ भन्ने जानकारी राख्ने कुरा पूर्व परराष्ट्र मन्त्री रमेशनाथ पाण्डे र साहित्यकार जगदिश शमसेर राणाले आफ्नो लेखमा उल्लेख गरेका छन् । झण्डै ६० वर्ष व्यक्तिगत पुस्तकालयको रूपमा रहँदा यसको चर्चा परिचर्चा विदेशमा समेत हुने गर्दथ्यो । धेरै विदेशी विद्वान्हरूले यस पुस्तकालयको

बारेमा सुन्दर वर्णन गरेका छन् । केसर शमशेरको मृत्युपछि नेपाल सरकारको स्वामित्वमा आएको पनि ४८ वर्ष भइसक्यो ।

म आफूलाई पनि भाग्यमानी ठान्दछु यो पुस्तकालयको प्रमुख हुन पाएकोमा। मेरै कार्यालयमा १०० वर्ष मनायौं । नेपालमा पुस्तकालयको पहिलो हुलाक टिकट प्रकाशन भयो । साथै पुस्तकालयको महत्वपूर्ण वस्तुहरूका ७ वटा पोष्ट कार्ड प्रकाशन भयो । हस्तलिखित ग्रन्थहरूको डिजिटाइजेसन गर्ने कामको शुभारम्भ भयो ।

स्वदेशी तथा विदेशीँ विद्वान् तथा पर्यटकहरूको बाक्लो आवातजावत हुने नेपालको एक मात्र पुरानो, भव्य र सुन्दर पुस्तकालयलेको सेवा हाल बन्दछ । दुर्भाग्य वस भूकम्प आयो । १२० वर्ष अघि बनेको दरबार भूकम्पले ठाउँ-ठाउँमा चर्काएर बस्नै नहुने भयो । पुस्तकहरू बोरामा कोचिए, पेन्टिङ्गहरू, जनावरका टाउकाहरू एक ठाउँमा थुप्रिए । डर लाग्छ, कतै यी बहुमूल्य वस्तुहरू नास भएर त जाने होइनन् । सुन्छु नेपाल सरकारले चाँडै नै भवनको रेक्टोफिटिङ्ग गर्दै छ रे । चाँडो काम सुरू होस् पुनः यसको वैभव फर्केर आओस् ।

**नेपाल राष्ट्रिय पुस्तकालय**

भूकम्पले नेपाल राष्ट्रिय पुस्तकालय रहेको हरिहर भवनलाई पनि छाडेन । भवन भत्कियो । भवनको संरचना राम्रो थिएन । भत्किनु थियो भत्कियो । पण्डित हेमराज पाण्डेलाई खै कसले प्रेरणा दियो भारती भवन पुस्तकालय स्थापना गर्न । संस्कृतका प्रकाण्ड विद्वान्, दरबारका राजगुरू प्रभावशाली व्यक्तित्व, धनको कमी हुने त कुनै थिएन । पछि उहाँको छोराले हुनुपर्छ यो पुस्तकालय नेपाल सरकारलाई तीन लाखमा बेचे । नेपाल सरकारले किन्यो । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्य विसं २०१३ सालमा चीनको भ्रमणमा निस्कदा एक दिन भारतको कलकत्तामा रोकिनु परेछ । कलकत्तामा रोकिदा भारतको राष्ट्रिय पुस्तकालयको अवलोकन पछि नेपालमा पनि राष्ट्रिय पुस्तकालय खोल्ने प्रतिबद्धता जनाउनु भएको रहेछ । चीनबाट फर्के लगत्तै सिंहदरबारको सिक्री ढोकामा २०१३ साल पुस १९ गते राष्ट्रिय पुस्तकालयको स्थापना भयो ।

प्रत्येक देशको देशले गर्व गर्ने राष्ट्रिय पुस्तकालय हुन्छ नै । अमेरिकाको लाइब्रेरी अफ कंग्रेस, ब्रिटेनको ब्रिटिश म्यूजियम लाइब्रेरी, जापानको नेसनल डायट लाइब्रेरी, चाइनाको नेशनल लाइब्रेरी, भारतको राष्ट्रिय पुस्तकालय आदि । नेपालको राष्ट्रिय पुस्तकालयलाई पनि संस्कृत, सम्पदा, ज्ञान, विज्ञान र सूचनाको धरोहरको रूपमा विकास गर्ने लक्ष्य लिएर नै आजभन्दा ६० वर्ष अगाडि स्थापना गरेको यस पुस्तकालयको विकास र विस्तारमा सरकारको उचित ध्यान नपुगेकै हो ।

मैले पनि यस पुस्तकालयमा करीब १७ वर्ष काम गरे । युनेस्को डानिडाको ५ वर्षे प्रोजेक्ट सफलताका साथ सम्पन्न भयो । जापानिज राजदूतावासबाट झण्डै दुई करोड पचास लाखको विभिन्न उपकरणहरू प्राप्त भयो । तर आफ्नै छुट्टै भवन बनाउने सपना पुरा भएन । त्यसबेला नेपाल सरकारले जग्गा उपलब्ध गराएको खण्डमा भवन बनाइ दिने आश्वासन युनेस्को, डानिडा, जाइका र अन्य राजदूतावासले नगरेका होइनन् । धेरै जग्गा हेरियो । तर जग्गा उपलब्ध गराउने काम सरकारबाट भएन ।

भूकम्प आयो । हरिहर भवन भत्कियो । बहुमुल्य पुस्तकहरू बोरामा थन्किए । जनताले पुस्तकालयको सेवाबाट बन्चित भएको पनि झण्डै डेढ वर्ष हुन लाग्यो । कति धमिराले खाए होला, ओसिए र नास भए होला । भवन नबनाउन्जेल यसको अस्थायी सुरक्षा अविलम्ब गर्नुपर्‍यो । अब बन्ने भवन कम्तिमा ७ रोपनी जग्गामा हुनै पर्छ । नेपाली संस्कृति झल्कने, सुन्दर, विशाल, आकर्षक भवनभित्र नेपाल झल्कियोस् । विदेशी राष्ट्रध्यक्षहरू आउँदा नेपालको राष्ट्रिय पुस्तकालय हो यो सगौरभ भन्न पाइयोस् ।

**त्रिभुवन विश्व विद्यालय केन्द्रीय पुस्तकालय**

भूकम्पले त्रि.वि.केन्द्रीय पुस्तकालय भवनलाई पनि छाडेन । नेपालको सबभन्दा ठूलो पुस्तकालयको

पुस्तकहरू भुँईमा यत्रतत्र छरिएर बसेको पनि निकै भैसक्यो । सबभन्दा धेरै कर्मचारी, सबभन्दा धेरै विद्यार्थीहरू सबभन्दा धेरै शिक्षकहरू भएको यस पुस्तकालयले आफ्नो गरिमा यथावत् राख्ने काम चाँडो गरोस् ।

**काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय**

नेपालका विशिष्ट व्यक्तित्वहरूको संलग्नतामा, डा. नारायण खड्काको सक्रियतामा वि.सं. २०६० सालमा काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयको स्थापना भएको थियो । यो पुस्तकालयले देशको गरिमालाई उच्च राख्ने छ भन्ने सबैको विश्वास थियो । किनकी संस्थापकहरूमा विद्वान्हरू, राजनैतिज्ञहरू, कुटनैतिज्ञहरू, समाजसेवी, पुस्तकालयविद्हरू, उद्योगीहरू, प्रशासन, योजनाविद्हरूको संलग्नता थियो । हालसम्म न जग्गा पाँउन सकियो, न आफ्नै भवन छ । समाज कल्याण परिषद्को भृकुटी मण्डपमा रहेको दुईओटा साना-साना भवनमा पुस्तकालय रहेको छ । झण्डै दैनिक २०० पाठकहरू आउने यस पुस्तकालयको हालत धेरै खराब छ । शिक्षा मन्त्रालयले दिने वार्षिक अनुदान बन्द गर्ने हो भने यो पुस्तकालय भोलीदेखि बन्द हुन्छ । चासो कसले लिने हो ?

कमलमणि दीक्षितले खोलेको एकमात्र नेपाली भाषाको सङ्कलन रहेको मदन पुरस्कार पुस्तकालयलाई पनि भूकम्पले छाडेन । सुन्दै छु भवन भव्य भवन बन्दै छ । त्यस्तै गरी डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको मूख्य भवन पनि भूकम्पले ठाउँ-ठाउँमा चर्केको छ । यो भवन बनाउन इन्जिनियरबाट नाप नक्सा इस्टिमेट लागत तयार पारी शिक्षा मन्त्रालयमा पठाइ सकेको छ। आसा गरौँ यो वर्ष भवन बनाउने काम सुरू हुन्छ होला ।

नुवाकोटको कुमारी गाविसमा रहेको जनजागरण सामुदायिक पुस्तकायको भवन पनि भत्किएको छ यसको पुर्ननिर्माणको लागि एएसवीको आर्थिक सहयोगमा रिड नेपाल र जनजागरण पुस्तकालयको बिच २ करोड असी लाखको सम्झौता भैसकेको छ। कम्तिमा ९ रेक्टर स्केल धान्ने, विशेष क्षमतामैत्री भवन बन्दै छ । रिडले हालसम्म नेपालमा ४१ जिल्लामा ६४ वटा पुस्तकालय बनाइसकेको र अरू बन्दै छन् । त्यस्तै रूम टु रिडले ३ हजार ८ सय विद्यालयमा पुस्तकालय बनाइसकेको छ ।

**अन्तमा**

नेपाल सरकारको नीति, योजना बनाउनेहरूले पुस्तकालयलाई महत्वका साथ नहेरेका होइनन् । तर महत्व दिएर काम नगरेको चाहिँ पक्कै हो । पूर्व उपकुलपति केदारभक्त माथेमा भन्नुहुन्छ, पुस्तकालयको यो हविगत हुनुमा पुस्तकालयमा कार्यरत कर्मचारी, लाइब्रेरीयनहरूको पनि दोष छ । खै आवाज उठाएको, खै नेतृत्वदायी भूमिका निभाएको ? सबै मिलेको खण्डमा बाध्य भएर सरकारले पनि आवाज सुन्न कर लाग्छ अनि पो बन्दछ पुस्तकालय । कुरा ठिकै हो । २०६४ सालमा पुस्तकालय नीति बन्यो । २०६९ सालमा पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका बन्यो । २०७२ सालको नेपालको संविधानको राज्यको निर्देशक सिद्धान्तको नीति तथा दायित्वको ५१ को (ज) को (४) मा "नागरिकको व्यक्तित्व विकासका लागि, सामुदायीक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रर्वद्धन गर्ने" भन्ने उल्लेख भएकोछ ।

अझ सम्म पुस्तकालय कानुन बन्न सकेको छैन । नवौं पुस्तकालय दिवस मनाइरहँदा नेपाल राष्ट्रिय पुस्तकालयको आफ्नै सुन्दर, भव्य संस्कृति झल्कने, सबैलाई पायक पर्ने ठाउँमा भवन बनाउँदै छौँ भन्ने सुन्न पाइयोस्, केसर पुस्तकालयको गरिमामय केसर महल रेक्टोफरिङ्ग भएर पुस्तकालय भब्यता पुर्नजिवीत होस् र पुस्तकालय कानून बन्दै छ भन्ने विश्वास दिलाइयोस् । प्रत्येक विद्यालयमा अनिवार्य पुस्तकालयको व्यवस्था होस् र प्रत्येक गाउँपालिका, नगरपालिकामा सामुदायिक पुस्तकालयको ब्यवस्था होस् । जनतामा ज्ञान, सूचना र सीप भएमा नै ब्यक्ति बन्छ, समाज बन्छ अनि देश बन्छ । यसको लागि नेपाल सरकारले पुस्तकालयलाई प्राथमिकता दियोस् ।

# प्रभावकारी शिक्षाको लागि पुस्तकालय व्यवस्थापन

जानकी कर्माचार्य
भूतपुर्व पुस्तकालय प्रमुख, केसर पुस्तकालय

शिक्षा भन्ने वित्तिकै ज्ञान, गुण र वृद्धि विकासका कुरा भनेर बुझिन्छ । ज्ञान गुणका कुरा गर्ने वित्तकै सबभन्दा पहिले पुस्तकालय कै कुरा आउँछ। यसरी हेर्दा पुस्तकालय प्रभावकारी शिक्षाको लागि नभै नहुने थलो हो। यस्तो नभैनहुने थलोको व्यवस्थपन पनि सोहिअनुसार हुनु आवश्यक छ।

साधारणतया पुस्तक पत्रपत्रिका, पठनपाठन योग्य सामाग्रीहरूलाई व्यवस्थितरूपमा व्यवस्था गरेर राख्ने ठाऊँलाई नै पुस्तकालय भनिन्छ। साधारण अर्थमा पुस्तकालय भनेको ज्ञानको भण्डार, सूचनाको भण्डार मानिन्छ । हुनत अहिले पुस्तकालयको परिभाषा फेरिईसकेको छ, पुस्तकालयखाली ज्ञानको भण्डार गर्ने थलो मात्र नभएर सूचना, ज्ञानको प्रवाहगर्ने थलो पनि हो। पुस्तकालयकर्मीको यसमा ठूलो जिम्मेवरी छ। छरिएका रहेका सूचनाहरूलाई समेटर त्यसको राम्रो व्यवस्थापन गरेर सहि समयमा सहि व्यक्तिलाई सहि सूचना प्रदानगर्नु पर्ने हुन्छ । पुस्तकालयमा विभिन्न जाती, धर्म, उमेर, पेशामा लागेका व्यक्तिहरू अध्यन गर्न आउँछन । यसैले संङ्लन पनि सोहिअनुसार नै हुनु जरूरी छ। पुस्तकालयको काम संङकलनको प्रकृतिलाई हेरेर यसको विभाजन गरिएको पाईन्छ जस्तैः राष्ट्रिय, विषेश, सार्वजनिक/सामुदायिक शैक्षिक अहिले बाल, महिला पुस्तकालयको पनि चलन आइसकेको छ । साथै पढ्ने बानीको विकासको लगि वाचनालयको पनि स्थापना र सञ्चालन गर्ने गरेको पाँईन्छ ।

माथि उल्लेख भएअनुसार यहाँ सबैजसो पुस्तकालय व्यवस्थापनबारे केहि चर्चागर्नु पर्ने हुन्छ। संसारमा पुस्तकालय विकास संगसंगै विभिन्न प्रकारका पुस्तकालयहरूको स्थापना भयो । जसअनुसार मानिसमा पढ्ने र आफूलाई आवश्यक भएका बिभिन्न ज्ञान र सूचनाको लागि पुस्तकालयको आवश्यकता पनि महसूस हुँदै गयो ।

नेपालमा शुरुशुरुमा सार्वजनिक पुस्तकालय र शैक्षिक पुस्तकालय स्थापना भएको पाँइन्छ । स्कूलहरूमा त्यसपछि कलेज अनि बिश्वविद्यालयमा पनि पुस्तकालयको शुरुवात भयो । अहिले शिक्षा मन्त्रालयअन्तर्गत राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय र डिल्लीरमण पुस्तकालय सरकारी पुस्तकालयका रूपमा रहेका छन् । पछि आएर बिभिन्न सरकारी कार्यालय र संस्थानहरूमा पनि पुस्तकालय तथा अभिलेखालयको आवश्यकता महसुस गरेर संस्थागत पुस्तकालय स्थापना भएका छन् । त्यस्तै गरी बिदेशी पुस्तकालयहरू पनि विशेष पुस्तकालयको रूपमा स्थापना भएका छन्। नेपालमा बाल पुस्तकालयको पनि व्यवस्था छ । साथै विभिन्न ठाउँमा घुम्ती पुस्तकालयको पनि व्यवस्था गरिएको छ । साथै अहिले E-Library, Digital Library, Web Library र Virtual Library को पनि विकास भएको छ। सो अनुसार पुस्तकालयको प्रकार छुट्याउनु वा छनौट गर्न आवश्यक भयो । जसअनुसार पुस्तकालयलाई मुख्यतः ५ प्रकारमा विभाजन गरिएका छन् जस अनुसार सार्वजनिक/सामुदायिक पुस्तकालय (Public/Community (including mobile library) Virtual Library, शैक्षिक पुस्तकालय (स्कूल, कलेज, विश्वविद्यालय) Academic Library (School, College, University),विशेष पुस्तकालय (अनुसन्धान केन्द्र, सूचना, संचार, संस्थान, सरकारी पुस्तकालय वा अभिलेखालय (Special Library

- Research Centers, Media Institutions, Government Institutions), राष्ट्रिय पुस्तकालय (National Library) र बाल पुस्तकालय (Children Library)

**सार्वजनिक ⁄ सामुदायिक पुस्तकालय**

सार्वजनिक पुस्तकालय र सामुदायिक पुस्तकालय भनेको झण्डै एकै प्रकारको हो । दुवै ज्ञानको भण्डार हुन् तर पनि केही मात्रामा फरक हुन्छ । जस्तैः सार्वजनिक पुस्तकालय भनेको सर्वसाधारण जनता बच्चादेखि बुढासम्म सबैले प्रयोग गर्न सक्ने पुस्तकालय हो । यस प्रकारको पुस्तकालयमा प्रयोगकर्तालाई सकेसम्म निःशुल्क पुस्तकालय प्रयोग गर्न दिने वा अति न्यून शुल्कमा पुस्तकालयको सदस्यता दिन सकिन्छ । सामुदायिक पुस्तकालय समुदायका व्यक्तिहरू मिलेर प्रयोजनको लागि स्थापना गरिएको हुन्छ । यस प्रकारको पुस्तकालयमा पनि सो समुदायको जोसुकै पनि पुस्तकालय प्रयोगकर्ता हुनसक्छन् । दुवै पुस्तकालयको उद्देश्य भने सर्वसाधारणलाई पढ्ने बानी बसाल्ने र सूचना वा ज्ञानको प्रवाह गर्ने । शिक्षाको विकासमा सहयोग गर्नु, गाउँघरमा सर्वसाधारण जनसमूहको पढ्ने बानी बसाल्नु साथै उनीहरूको जीवनस्तर वृद्धि गर्नु नै हो । अहिले पुस्तकालयहरूले कम्प्यूटरको माध्यमबाट जनसमूहलाई मनोरञ्जन पनिदिन थालेका छन् । अतः यस प्रकारको पुस्तकालयको व्यवस्थपन गर्दा पुस्तकालयको लागि आवश्यक सामग्रीहरूको छनौट गर्दा सर्वसाधारणलाई ध्यानमा राखेर सबैजसो विषयवस्तु भएका सामग्रीहरूको सँकलन वा छनोट गर्नु आवश्यक छ । अहिलेका सार्वजनिक वा सामुदायिक पुस्तकालयहरू पुस्तकमा मात्र सीमित छैनन् । सूचनाको प्रवाह यती धेरै भइसकेको हुनाले यसलाई पुस्तकमा मात्र सीमित राख्नु आवश्यक छैन । यसको लागि धेरैप्रकारको स्रोतहरू छन् । जस्तोः पुस्तक, पत्रपत्रिका, पम्प्लेट, प्रेस क्लिप, हस्तलिखित ग्रन्थ, विभिन्न मनोरन्जनका सामाग्रीहरू, विशेष प्रकारका सामाग्रीहरू Internet, Web, CD/Pendrve आदि सबै सूचनाका स्रोतहरू हुन् । सामुदायिक पुस्तकालयले त अझ त्यहाँ भएका समुदायको आवश्यकतालाई विशेष ध्यान दिनुपर्ने हुन्छ ।

विकसित देशहरूमा सूचना आदानप्रदान गर्नको लागि ठूलाठूला सुविधा सम्पन्न सार्वजनिक पुस्तकालयहरू खुलेका छन् । तर नेपालमा भने सार्वजनिक पुस्तकालय सीमित मात्रामा मात्र छन् । सार्वजनिक पुस्तकालय अन्तर्गत घुम्ती पुस्तकालय पनि पर्दछ । घुम्ती पुस्तकालयको मुख्य काम र उद्देश्य सर्वसाधारण जनतालाई घर दैलोमा सूचना पुऱ्याएर सेवा प्रदान गर्नु हो । नेपालमा पनि यसको प्रचलन शुरू भएको छ ।

यस प्रकारको पुस्तकालयले आफ्ना पाठकलाई सेवा प्रदान गर्दा न्यून शुल्क लिएर पुस्तकालय सेवा प्रदान गर्नु पर्दछ, साथै पुस्तकालय जनताको साथी पनि हो र साधारण जनताको लागि त विश्वविद्यालय नै हो । यस प्रकारको पुस्तकालय कतै जनसमुदायको सहयोगबाट संचालन भएको छ भने कतै सदस्यताको शुल्कबाट पनि संचालन भएको छ । नेपालमा अहिले READ Nepal ले सामूदायिक पुस्तकालय स्थापना र विस्तार गर्ने गरेको छ । पाठकका लागि आवश्यक भौतिक सुविधाहरूको पनि व्यवस्था गर्नु पर्ने हुन्छ जसको लागि तालिम प्राप्त पुस्तकालय कर्मि हुनु जरूरी छ ।

**शैक्षिक पुस्तकालय**

शैक्षिक पुस्तकालयभन्ने वित्तिकै शिक्षासँग सम्बन्धित भन्ने बुझिन्छ वा शैक्षिक पुस्तकालय अन्तरगत विद्यालय, विश्वविद्यालय पुस्तकालयहरू पर्दछन् । नेपालको सर्न्दभमा विद्यालय पुस्तकालयलाई पनि तह अनुसार आधारभुत तथा माध्यामिक विद्यालय गरेर विभाजन गर्न सकिन्छ । आधारभूत तहअनुसार

पूर्वप्राथमिकदेखि कक्षा आठसम्म र माध्यमिक तहमा कक्षा नौदेखि वाह्रसम्मलाई मानिन्छ । विद्यालय पुस्तकालयमा विद्यालयको विद्यार्थीको उमेर, कक्षा अनुसारको पठन सामाग्रीहरू व्यवस्थित गरी राखिएको हुन्छ ।

शैक्षिक पुस्तकालयको मुख्य उद्देश्य विद्यार्थी, शिक्षक र अनुसन्धनकर्ताहरूको लागि आवश्यक सेवा प्रदानगर्नु हो । शैक्षिक पुस्तकालय शैक्षिक क्षेत्रको वा सूचनाप्रवाहको मेरूदण्डको रूपमा रहेको छ । शैक्षिक पुस्तकालयका किसिम

**विद्यालय पुस्तकालय**

विद्यालय वा स्कूलमा भएका पुस्तकालयहरूलाई विद्यलय पुस्तकालय मान्न सकिन्छ । विकसित मुलुकहरूमा यस्ता पुस्तकालयहरूको अति नै राम्रो व्यवस्था गरिएको हुन्छ । नेपालमा विस्तारै यसको विकास हुँदैछ । पुस्तकालय विद्यालयको मुख्यअंग मानिन्छ । विद्यालय शिक्षाको आधार भूत वा पूर्वप्राथमिक शिक्षा देखि आठ कक्षाका सम्मका विद्यार्थीहरू हुन्छन् । पूर्वप्राथमिकदेखि कक्षातीनसम्म, पूर्वप्राथमिकदेखि कक्षापाँच सम्म र पूर्वप्राथमिक देखि कक्षा आठसम्म गरी तीन तहमा विभाजन गर्न सकिन्छ । पुस्तकालय समाग्रीहरू विद्यार्थीको उमेरलाई उपयुक्तहुने खालका राख्नु पर्छ । जस्तै पूर्व प्राथमिक र आधारभूत तहले १-३ रङ्गिन चित्रहरू भएका, सरल भाषा, रमाईला कथाहरू, केटाकेटीहरूलाई भरपूर्वक मनोरन्जन दिनेखालका आदि ।

कक्षा छदेखि बालबालिकाहरूको उमेर १० देखि १३/१४वर्षका हुने भएकोले यहाँभने केवल मनोरनजनका सामग्रीहरू मात्र राख्ने हैन बालकथाहरू, लोक कथाहरू साथै विभिन्न प्रकारका सामग्रीहरू, ज्ञान गुनका कुराहरू, सिप हाँसिल गर्ने साथै माध्यामिक विद्ययालयका लागि कामलाग्ने पुस्तकहरू राख्न सकिन्छ । त्यसैगरेर माध्यामिक विद्यालय पुस्तकालयमा विविध विषय वस्तुहरू माथिल्लो तहलाई लक्षित राख्न सकिन्छ । सन्दर्भ सामाग्रीदेखि लिएर उच्चशिक्षालाई समेत मद्दत पुग्ने खालका पठनसामग्रीहरू राख्न सकिन्छ, पत्र–पत्रिकाहरू पनि सोहि अनुसारका हुनु आवश्यक छ ।

विद्यालय पुस्तकालयमा स्थानीय अभिभवक, विद्यालयव्यवस्थापन समिती तथा शिक्षक, अभिभावक संघका पधाधिकारीहरू समेत अध्यन गर्न सक्छन् । महाविद्यालय, पुस्तकालयः सामान्यतया स्नातक तहदेखि स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने शैक्षिक संस्थालाई महाविद्यालय भनिन्छ। यस्ता संस्थाका पुस्तकालय नै महाविद्यालय पुस्तकालय हुन यस्ता पुस्तकालयहरू आवश्यकता अनुसार २४ घण्टा पनि खुल्ला रहन्छन् ।

**विश्वविद्यालय पुस्तकालय**

विश्वविद्यालय भन्नाले शिक्षा हाँलिगर्ने अतिनै उच्च क्षेत्र हो र यस्तो ठाउँमा पुस्तकालय व्यवस्थापन गर्नको लागि राम्रो विचार पुऱ्यार गर्नु पर्ने हुन्छ । विश्वविद्यालय पुस्तकालय भनेको एक प्रकारको अनुसन्धानशाला हो। विकसित मुलुकहरूमा विश्वविद्यालय पुस्तकालयमा शान्तवातावरण, चौबिसै घण्टा खुल्ला, प्रयोगकर्ताहरूले जतिखेर पनि विश्वविद्यालय पुस्तकालय प्रयोग गर्न सक्ने सुविधा दिएको हुन्छ ।

विद्यालय देखि उच्चमाध्यामिक विद्यालय र विश्वविद्यालय यी सबै पुस्तकालयको सेवादिने प्रकीयाभने एकै प्रकारका हुन्छ र सामाग्री र पाठकहरू मात्र फरक हुन्छन्। विश्वविद्यालय पुस्तकालय ठूलो र व्यवस्थित हुन्छ, साथै विभिन्न शाखाहरू पनि हुन्छन् । अहिले E-library को प्रचलन बढेकाले Information Technology को वारेमा ज्ञान भएको जनशक्ति पनि आवश्यक पर्दछ । अहिले अधिकांश पुस्तकालयहरूमा कम्प्युटरमा Data Indexing गरेर

Data Base तयार पारिएको हुन्छ । जसले गर्दा पाठक वा विद्यार्थीहरूले आफैले खोजी गर्न सक्छन्। शैक्षिक पुस्तकालयहरूमा पुस्तक Issue गर्नुपर्ने हुन्छ, पुस्तकालय समय पनि तोक्नुपर्छ र Rule, Regulation पनि बनाउनु पर्दछ । Photocopy को पनि व्यवस्था हुनुपर्छ ।

शैक्षिक पुस्तकालय नै मानव जीवनमा मूल ज्ञान हाँसिल गरेर आफूलाई समाजमा असल नागरिक बनाउने थलो हो। अहिलेको अवस्थामा एक विद्यालय एक पुस्तकालय, एक गाउँ एक पुस्तकालय अति नै आवश्यक छ ।

**विशेष पुस्तकालय**

विशेष पुस्तकालयको सुरूवात २० सौं शताब्दीतिर भएको हो। यसको नामबाटै थाहा हुन्छ कि यसको स्थापना कुनै पनि खास विषय र खास समूहको लागि भएको हो भनेर। यस प्रकारको पुस्तकालयको आफ्नै महत्व हुन्छ । यसप्रकारको पुस्तकालयमा सरकारी पुस्तकालयदेखि अनुसन्धान केन्द्र, अभिलेखालय, सूचना केन्द्र, Media Library, Web Library, Virtual Library, वैदेशिक पुस्तकालय आदि पर्दछन् ।

यसप्रकारको पुस्तकालयका सङ्कलन कुनै विषयलाई छनौट गरेर गरिएको हुन्छ र प्रायजसो यस्तो पुस्तकालयको संकलन आफ्नो संस्था वा संगठनमा भर पर्दछ । सबै पुस्तकालयको विषयवस्तु फरक भएपनि उद्देश्य भने एकै प्रकारको हुन्छ। पुस्तकालयमा आउने आगन्तुकलाई छिटोछरितो, आधुनिक र सुलभ तरिकाले सेवा प्रदान गर्नु। यसप्रकारको पुस्तकालयका पाठकहरू फरकफरक हुन्छन् । बिद्यार्थीदेखि अनुसन्धानकर्ता, नीतिनिर्माणकर्ता, योजनाबिद् अदि । यी सबैलाई आ-आफ्नै खालको सूचनाको आवश्यक हुन्छ । यस्तो पुस्तकालयको आ-आफ्नै संस्थाअनुसारको नियम र बिनियम बनाउनु पर्ने हुन्छ । प्रायजसो यस प्रकारको पुस्तकालयले पुऱ्याउने सेवापनि अरू भन्दाफरक हुन्छ । जसको लागि दक्ष पुस्तकालयकर्मी हुनु पर्दछ । अहिले समाज वा संस्थानहरूले पनि आफ्नो विषयअनुसारको विशेष पुस्तकालय स्थापना गर्न थालेका छन् । विशेष पुस्तकालयको राम्रो व्यवस्था गर्नको लागि प्राविधिक कामहरू कम्प्यूटरको माध्यमबाट गर्नुपर्दछ। विशेष पुस्तकालयमा काम गर्ने कर्मचारी प्राविधिक र राम्रो तालीम प्राप्त भएको हुनुपर्दछ ।

**राष्ट्रिय पुस्तकालय**

सबैजसो देशमा राष्ट्रिय पुस्तकालय हुन्छ। राष्ट्रिय पुस्तकालयको आफ्नै महत्व हुन्छ । राष्ट्रिय पुस्तकालयको प्रमुख काम आफ्नो देशमा भएका सबै प्रकारका प्रकाशनहरू सङ्कलन गरेर, राष्ट्रलाई सेवा प्रदान गर्ने हो । यस प्रकारको सुरूवात धेरै पहिले नै भएको हो तर नेपालमा भने २०१३ सालमा मात्र नेपाल राष्ट्रिय पुस्तकालय को स्थापना भएको हो । राष्ट्रिय पुस्तकालय देशको सबै प्रकारको ज्ञान वा सूचनाको भण्डार हो । कतिपय ठाउँमा देशमा प्रकाशित जतिपनि सकेको छैन ।

राष्ट्रिय पुस्तकालयको इतिहास हेर्दाखेरी प्रायजसो विश्वको सबै मुलुकहरूमा राजा महाराजाहरूको संकलन, निजी संकलन, मठ मन्दिरहरूको शिलापत्रको संकलन, नेताहरूको सङ्कलन आदिबाट भएको पाँईन्छ । नेपालको राष्ट्रिय पुस्तकालयको स्थापना पनि सोहिअनुरूप भएको पाईन्छ । प्रायजसो राष्ट्रिय पुस्तकालय सरकारको स्वामित्वमा सञ्चालन भएको हुन्छ ।

राष्ट्रिय पुस्तकालयको प्रयोगकर्ता जोकोहि पनि हुनसक्छ, सङ्कलन पनि सोहिअनुसार हुन्छ। राष्ट्रिय पुस्तकालयले देशभरिका सानासाना पुस्तकालयको विकासको लागि मद्दत पनि गर्दछ । अन्य विकास क्षेत्रहरूको पुस्तकालय विकासमा पनि मद्दत गरेको

छ । राष्ट्रिय पुस्तकालय देशको मुख्य र महत्वपूर्ण पुस्तकालय भएकोले यसको लागि बजेटको व्यवस्था र माथिदेखि तलसम्म तालिमप्राप्त प्राविधिक कर्मचारीहरू हुनुपर्दछ र सरकारले यसको व्यवस्था गर्नु पर्दछ । पुस्तकालय भवन र फर्निचर पनि राम्रो र शान्त वातावरणमा हुनुपर्छ ।

**बाल पुस्तकालय**

बालपुस्तकालयको शुरुवात विकसित मुलुकहरूमा पहिलेदेखि नै भएता पनि नेपालमा निक्कै पछि भएको हो । बालबालिका वा बच्चाहरूको लागि स्थापना भएको पुस्तकालय बालपुस्तकालय हो । बालपुस्तकालयका पाठकहरू ५-१५ वर्षसम्मका हुन्छन् । राष्ट्रिय पुस्तकालयमा बाल पुस्तकालय एउटा छुट्टै शाखाको रूपमा छ । केसर पुस्तकालयमा पनि बाल पुस्तकालय एउटा छुट्टै शाखाको रूपमा छ ।

बालबालिका देशका कर्णधार भएकोले उनीहरूको शैक्षिक विकासलाई ध्यानमा राखेर पुस्तकालयको व्यवस्था गर्नु पर्छ । नेपालमा भएका वैदेशिक सूचना केन्द्रहरूले पनि आफ्नो आफ्नो केन्द्रमा बालबालिकाहरूको लागि छुट्टै संकलन राख्ने गरेको पाइन्छ । बालपुस्तकालय स्थापना गर्दा बढिमात्रामा चित्रहरू भएका पुस्तक डकुमेन्ट, मनोरञ्जनका लागि शिक्षामूलक डकुमेन्ट्रीहरू, विभिन्न खेलौनाहरू, सजिलोसंग बस्न मिल्ने फर्निचर वा चकटी, गद्दा आदि राख्नुपर्छ । यस प्रकारको पुस्तकालयमा काम गर्ने कर्मचारी नरिसाउने नर्झकने हंसमुख हुनुपर्छ । जसले गर्दा बालबालीकाहरूलाई पढ्ने बानी बसाल्छ, देश विदेशको सूचना बारे जानकारी गराउँछ, पुस्तकालय कसरी प्रयोग गर्ने भन्ने कुरा सिकाउँछ ।

जेजस्ता पुस्तकालय भएपनि सबैको काम सूचना वा ज्ञानको प्रवाह गरेर गुणस्तरीय एवं व्यावसायिक शिक्षा प्रदान गर्न सहयोग गर्नु नै हो । अतः यसको लागि राम्रो व्यवस्थापनको अति नै जरुरी छ । २०७२ साल बैशाख महिनाको भूकम्पले नेपालको राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय लगायत अन्य पुस्तकालयहरू ध्वस्त भएका छन् जसको पुर्ननिर्माण गरेर व्यवस्थितरूपमा सञ्चालन गर्नु अपरिहार्य भएको छ ।

# पुस्तकालय विकासमा दि एशिया फाउण्डेसनको योगदान

शमिरा श्रेष्ठ
The Asia Foundation -Books for Asia, Kathmandu

दि एशिया फाउण्डेसन (The Asia Foundation) गैह्रसरकारी अन्तर्राष्ट्रिय संस्था हो । दि एशिया फाउण्डेसनले एशियालीहरूको जीवनस्तर अभिवृद्धि गर्ने मुख्य लक्ष्य राखेको छ । छ दशकको गौरवमय इतिहास बोकेको यस संस्थाले एशियामा न्याय, कानुनी राज्य, आर्थिक विकास, महिला सशक्तीकरण, वातावरण र क्षेत्रीय सहकार्यका लागि कार्य गर्दछ । यसबाहेक दि एशिया फाउन्डेसनको बुक्स फर एशिया (Books for Asia) कार्यक्रम अन्तर्गत र पेसागत आदान प्रदान (Professional Exchange) गरी एशियाको निरन्तर शान्तिपूर्ण विकासका लागि सहयोग पुऱ्याउँछ । दि एशिया फाउण्डेसनको प्रमुख कार्यालय संयुक्त राज्य अमेरिकाको San Francisco मा रहिआएको छ । यस संस्थाले विभिन्न २० देशहरूमा निरन्तर सेवा प्रदान गरिरहेको छ । सन् १९५४ देखि २०१५ सम्ममा यस संस्थाले एशियाका विभिन्न दशौं हजार भन्दा बढी पुस्तकालय एवम् शिक्षण संस्थाहरूलाई १ करोड १० लाख डलर बराबरको ५ करोड पाठ्य पुस्तक सामग्रीहरू वितरण गरिसकेको छ । प्रत्येक बर्ष दि एशिया फाउण्डेसनले एशियाका ७,५०० शिक्षण संस्थाका पुस्तकालयहरूमा १० लाख पुस्तक सामग्रीहरू वितरण गर्दै आएको छ ।

नेपालको सन्दर्भमा पनि यस संस्थाको बुक्स फर एशिया (Books for Asia) कार्यक्रम अन्तर्गत पुस्तकालय विकासमा उल्लेखनीय योगदान पुऱ्याईरहेको छ । सन् १९८० मा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई पुस्तक उपहार दिई यस संस्थाले नेपालमा पुस्तक वितरण गर्ने कार्य सुरु गरेको हो । सन् १९९२ देखि आफ्नै पुस्तक भण्डार (Warehouse) सुरु गरी शैक्षिक संस्था तथा गैह्रसरकारी संस्थाहरूलाई पुस्तक वितरण गर्ने अभियान सुरु गरेको हो । जुन हालसम्म निरन्तर चलिरहेको छ । हालसम्म यस संस्थाले ४ करोड ९७ लाख १ सय त्रिसट्ठी डलर मूल्य बराबर झण्डै ३ लाख ६९ हजार १ सय पुस्तक उपहारस्वरूप वितरण गरिसकेको छ । सन् २०१५ मा यस संस्थाले ३० हजार पुस्तकहरू २३६ भन्दा बढी शैक्षिक, सरकारी, गैह्रसरकारी, चिकित्साशास्त्र संस्थाहरूलाई प्रदान गरेको थियो । सन् २०१३ देखि यस संस्थाले नेपाली भाषाका पुस्तकहरू पनि वितरण गराउँदै आएको छ । साथै गत बर्ष, बुक्स फर एशियाले १४ हजार भन्दा बढी नेपाली भाषाका बाल साहित्यका पुस्तकहरू भुकम्पले क्षतिग्रस्त जिल्लाका दुर्गम क्षेत्रमा रहेका विभिन्न ४५ विद्यालय तथा सामुदायिक पुस्तकालयहरूमा पुस्तक वितरण गरिसकको छ। यसै गरी सन् २०१६ को हाल सम्म १,९५,८९३ डलर मूल्य बराबरको २२ हजार ९ सय १२ पुस्तक ४२ जिल्लाहरूका १८६ भन्दा पुस्तकालयहरूमा प्रदान गरिसकेको छ । यस मध्ये ४८ प्रतिशत पुस्तकहरू सुदुर-पश्चिम र मध्य -पश्चिममा वितरण गरेको छ भने बाँकी पुस्तकहरू देशका अन्य क्षेत्रहरूमा र भुकम्प क्षतिग्रस्त जिल्लाहरूमा वितरण गरिएको छ ।

**एशियाका लागि पुस्तक** (Books for Asia) **का अन्य लक्षित कार्यक्रमहरू**

- अङ्ग्रेजी भाषाको क्षमता अभिवृद्धि गर्ने;

- शिक्षा, चिकित्साशास्त्र, कानुन, इन्जिनियरिङ्ग, जनप्रशासन जस्ता क्षेत्रको पेसागत ज्ञान र क्षमता अभिवृद्धि गर्ने;
- बालकदेखि युवा अनि प्रौढलाई पुस्तक पठन संस्कार दिने तथा तिनीहरूको व्यावहारिक अनुसन्धान क्षमताको वृद्धिविकास गर्ने आदि ।

दि एशिया फाउण्डेसनद्वारा नेपालका विकट क्षेत्रमा रहेका सामुदायिक पुस्तकालयहरूको पहिचान गरी पुस्तक सहयोग, क्षमता अभिवृद्धि, शिक्षा र सूचनाको पहुँचमा योगदान पुऱ्याउदै आएको छ ।

दि एशिया फाउण्डेसनका विभिन्न सहकार्यहरू मध्ये अमेरिकी दुताबासको कुटनीतिक, पब्लिक डिप्लोमेसी अफिससँग सन् २००३ मा सुरु गरेको प्रभावकारी सहकार्यले गर्दा झण्डै ४९ लाख डलर मूल्य बराबरको २४ लाख पुस्तकहरू नेपालका विभिन्न क्षेत्रका अमेरिकन स्पेस्हरू र अन्य संस्थागत पुस्तकालयहरूलाई उपलब्ध गराउँदै आएको छ । यस बर्ष पनि करिब ८१ हजार डलर मूल्य बराबरका ५ हजार पुस्तकहरू, अमेरिकी दुताबासको अमेकिन लाइब्रेरी, त्यसका सात शाखाहरू (अमेरिकन स्पेस), बुकबस, बुकटुक, र नेपालका विभिन्न क्षेत्रहरूमा आयोजित शैक्षिक कार्यक्रमअन्तर्गत बृहत् शैक्षिक मेला (Book exhibition) का लागि विशेष रूपमा पुस्तकहरू प्रदान गरिएका छन् । यस सफल सहकार्यले नेपालको बिराटनगर, भैरहवा, पोखरा, धनगढी, इलाम, सुर्खेत र काठमाण्डौमा रहेका अमेरिकन स्पेसहरूमा पुस्तकहरू आपुर्ति भइरहेका छन् ।

यसैगरी अधिकांश क्षेत्रमा पुस्तकको पहुँच नपुगेका विकट तथा दुर्गम क्षेत्रका विभिन्न विद्यालय तथा सामुदायिक पुस्तकालयहरूमा जहाँ मुस्किलले स्थानीय पत्रपत्रिका मात्र उपलब्ध हुने पुस्तकालयहरूलाई समेट्न र सूचनाको पहुँच पुऱ्याउनको लागि दि एशिया फाउण्डेसनले नेपालका पुस्तकालयहरू र यससँग सम्बन्धित सरोकारवाला संघ संस्थाहरू विशेष गरी नेपाल पुस्तकालय संघ (Nepal Library Association), नेपाल राष्ट्रिय पुस्तकालय (Nepal National Library), विद्यालय पुस्तकालय परिचारिका संघ (Nepalese Association of School Librarians - NASL), केसर पुस्तकालय (Kaishar Library), ह्युम्यान डिभिलप्मेन्ट अवेरनेस फोरम (Human Development Awareness Forum - HDAF), माई नेपाल, Teach for Nepal, Restless Development Nepal, र Committed Nepal जस्ता संस्थाहरूसँग सहकार्य गरी सिफारिस भएका पुस्तकालयहरूमा पुस्तक सहयोग गर्दै आएको छ । साथै पुस्तकालयहरूलाई यस्तो सहयोग कार्यक्रमबाट सिमित पहुँच भएका बिभिन्न समुदायहरूलाई सूचना र समसामयिक विषयमा पहुँच पुऱ्याउन समेत दि एशिया फाउन्डेसनले सहयोग गरिदै आएको छ। गत वर्षदेखि NASL तथा कथालय पब्लिकेशन (Kathalaya Publication Inc.) संस्थाहरूसँगको सहकार्य मार्फत् भूकम्पबाट क्षतिग्रस्त जिल्लाहरूमा विशेष गरी सिन्धुपालचोक, भक्तपुर, ललितपुर, काभ्रे, नुवाकोट र काठमाण्डौका केहि विद्यालयहरू र बाल आश्रमहरूमा पुस्तक पढ्ने बानीको विकास अर्न्तक्रिया कार्यक्रम तथा कथावाचन कार्यक्रम सञ्चालन गरिदै आएकोछ ।

पुस्तकालय विकासकै सन्दर्भमा नेपालको नीति निर्माण र संविधान निर्माण गर्ने जस्ता विशेष स्थान व्यवस्थापिका संसद सचिवालयको पुस्तकालयको स्तर उन्नतिको कार्य पनि यस संस्थाले सहयोग सुरु गरिसकेको छ । यसका साथै पुस्तकालयलाई स्वचालित बनाउनु जत्तिकै महत्वपूर्ण कार्य उक्त सचिवालयमा रहेका निकै पुराना र दीर्घकालीन महत्वका ऐतिहासिक (संसदमा भएका २०१७ सालदेखिका छलफल) सामग्रीहरूलाई संरक्षण गर्न लगायत त्यसको भौतिक स्तर र उन्नति सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने लक्ष्य लिईएको छ ।

पुस्तकालय दिवसका सन्दर्भमा पनि दि एशिया फाउण्डेसनले विगत ७ वर्षदेखि नेपाल पुस्तकालय संघ तथा यससँग सम्बन्धित विभिन्न सरोकारवाला संघ संस्थाहरूसँग सहकार्य गरी पुस्तकालयहरूलाई पुस्तकहरू हस्तान्तरण गरी सराहनीय योगदान पुऱ्याउँदै आएको छ । गत वर्षहरूमा जस्तै यस वर्षको नवौं पुस्तकालय दिवस २०७३ मा पनि यस संस्थाले ३५ वटा विभिन्न पुस्तकालयहरूलाई झण्डै ७७ हजार २ सय डलर मूल्य बराबरका मूल्यको ३,५०० भन्दा बढी पुस्तकहरू हस्तान्तरण गरिदै छ । यो नेपालका पुस्तकालयहरूको लागि विरलै प्राप्त हुने सुखद अवसर हो ।

दि एशिया फाउण्डेसनको यस्तो निस्वार्थ सहयोगका लागि पुस्तकालयकर्मीहरूले आआफ्नो क्षेत्रबाट सहयोग गर्नु हुनेछ भन्ने पुर्ण विश्वासका साथ हामी अघि बढ्नेछौ । यसको अर्थ पुस्तकको पहुँच पुस्तकालयसम्म मात्र नभएर यसका पाठकहरूसम्म पनि सजिलोसँग पुऱ्याई नेपालको शैक्षिकस्तर साक्षरता दर विशेष गरी महिला साक्षरता वृद्धि गरी नेपालको समग्र विकासमा सभ्य समाजको विकास हुने अपेक्षा गरिन्छ । नेपालका पुस्तकालय क्षेत्रमा कार्यरत संघ संस्थाहरूले भविष्यमा पनि यस संस्थाबाट विविध सहकार्य हुने विषयमा फाउण्डेसन आश्वास्त गराउन चाहान्छ ।

# पुस्तकालय तथा प्रजातान्त्रिक समाज

जुजुभाई डंगोल
सभाना, टेक्सास

## १. पुस्तकालयको महत्व

अमेरिकी राष्ट्रपति थमस जेफरसन (Thomas Jefferson) ले पूर्व राष्ट्रपति जेम्स माडिसन् (James Madison) लाई सेप्टेम्वर १८२१ मा एउटा पत्र लेखी पुस्तक बारे महत्वपूर्ण कुरा उल्लेख गर्नु भएको थियो: पुस्तकहरू सम्पत्ति हुन् । एउटा पुस्तकालयमा रहेका पुस्तकहरू घर जतिकै रहि रहन्छन्, सयौं वर्षसम्म । एउटा लेख वा रचना खाली अध्ययन गर्नको लागि मात्र हैन, यो एक किसिमको सम्पत्ति हो र ब्यावसायिक लेखकहरूका लागि जीवनको मार्ग निर्देशक हो र तिनीहरूको एउटै मात्र सम्पत्ति भनेको पुस्तक हो ।

अमेरिकी स्वतन्त्रता घोषणाका प्रमुख लेखक एवम् सन् १८०१ देखि १८०९ सम्म अमेरिकाको तेश्रो राष्ट्रपति थमस जेफरसन (Thomas Jefferson) ले जोन वाचे (John Wyche) लाई सन् १८०९ मा पुस्तकालयको महत्व बारे एउटा पत्र लेखेका थिए । उक्त पत्रको सांराश यस्तो थियो: प्रत्येक देशका नागरिक नै आफ्नो अधिकारको रक्षक हुन् र तिनीहरूको भाग्य निर्माता पनि तिनीहरू नै हुन् । यदि भ्रममा पारिएन भने तिनीहरूले कहिले पनि गलत काम गर्न सहमती दिदैनन् । तिनीहरूलाई गलत कामबाट वचाउन केही हदसम्म निर्देशनको आवश्यकता पर्छ । यसकालागि अरू कामहरू भन्दा थोरै रकम खर्च गरेर सबै काउन्टी (जिल्ला) हरूमा सानो पुस्तकालय स्थापना गर्नु उपयुक्त देखिन्छ । सानो पुस्तकालयमा केही छनौट गरेका पुस्तकहरू राखी नागरिकलाई अध्ययनकोलागि घरमा लैजान सुविधा होस् । नागरिकहरूमा देशको इतिहास बारे सामान्य ज्ञान होस्, आफ्नो स्थानको बारे विस्तृत जानकारी होस्, भूगोलबारे आवश्यक ज्ञान होस् र प्रकृति, दर्शन, कृषि र प्रविधि बारे आधारभूत ज्ञान होस् ।

सन् १८५२ मा बोस्टन सार्वजनिक पुस्तकालयका सस्थापकहरूले व्यक्तिको विकास र समुदायको राजनैतिक, आर्थिक र सामाजिक उत्थानकालागि पुस्तकालय महत्वपूर्ण संस्थाको रूपमा लिएका थिए । ती सस्थापकहरूका अनुसार विद्यालय, कलेज, विश्वविद्यालय लगायत बुद्धिजीवीहरूबाट शिक्षालाई महत्व दिएर शिक्षाको पहिलो पाइला अध्ययनमा रूची जागृत गरेता पनि नागरिकको निमित्त पढ्नको लागि सुविधा नभएकोमा ध्यानाकर्षण गर्दै राज्यबाट नै सार्वजनिक पुस्तकालय सञ्चालन गर्न माग गर्नु भएको थियो । आज सार्वजनिक पुस्तकालयको इतिहासमा अमेरिकाको पहिलो सार्वजनिक पुस्तकालयको रूपमा बोस्टन पब्लिक (सार्वजनिक) पुस्तकालय भएको छ । आज बोस्टन सार्वजनिक पुस्तकालयको बोस्टन शहरको कोप्ले स्कायरमा केन्द्रीय पुस्तकालय छ भने विभिन्न शहर हरूमा २४ वटा शाखा पुस्तकालयहरू रहेका छन् ।

बोस्टन पब्लिक लाईव्रेरीको गत वर्ष २०१५ को कूल बजेट ४,१६,८९,४४२ डलरको आर्थिक श्रोतमा बोस्टन सिटिबाट ३,३४,१६,१२५ राज्य सरकारबाट ३१,७७,७३४ अक्षयकोष तथा अन्य श्रोतबाट २७,३१,००० र विविध आम्दानी २३,६४,५८३ रहेको थियो । सोही वर्षको खर्च शिर्षकमा कर्मचारीतर्फ २,५२,२७,७६१ (६१ प्रतिशत), मसलन्द, मर्मतसंभार, विजुली, पानी, सरसफाई, आदिमा ७३,१६,६९७

(१८ प्रतिशत), पुस्तक सङ्कलन, श्रव्यदृष्य सामग्री, डाटावेस, सञ्चार, आदिमा ५१,१२,२९२ (११ प्रतिशत) र सफ्टवेयर, उपकरण, सुरक्षा, मर्मतसंभार, नेटवर्क आदिमा ४०,३२,६९२ (१० प्रतिशत) रहेको थियो । यसबाट प्रष्ट के देखिन्छ भन्ने सार्वजनिक पुस्तकालय सेवा दिनमा राज्यको महत्वपूर्ण भूमिका हुन्छ ।

दोश्रो विश्वयुद्धताका अमेरिकी राष्ट्रपति फ्राँन्कलिन डी रुजभेल्ट (Franklin D . Roosevelt) का अनुसार युद्धको पहिलो वर्ष कितावलाई हतियार जस्तै निकै ठूलो शक्तिको रूपमा लिएको थिए । विचारको युद्धमा पुस्तक विना युद्ध हुन सक्दैन जस्तो जलयुद्धमा पानी जहाज विना युद्ध हुन सक्दैन । पानी जहाज जस्तै पुस्तकहरू पनि हतियार राख्ने भण्डार हो । पुस्तक लेख्ने, छाप्ने, विक्रि गर्ने र पुस्तक प्रयोग गर्नेहरूको एउटै काम भन्नेको त्यसवेला अमेरिकी जनताको मन मस्ष्तिकलाई बलियो बनाई शत्रुविरुद्ध एकजुट वनाउनु हो ।

राष्ट्रपति फ्रङ्कलिन डी.रुजभेल्टकाअनुसार प्रजातान्त्रिक समाजको गतिशिलताको लागि पुस्तकालय आवश्यक छ र पुस्तकालय स्वतन्त्र विचार (मन) को ठूलो प्रतिक हो ।

नेपालको परिप्रेक्ष्यमा हेर्दा पनि वि. सं. १८६९ (सन् १९२६) सालमा श्री ५ गिर्वाणयुद्ध वीरविक्रम शाहदेवले “लालमोहर” जारी गरी तहवीलदार र टहलुवाको व्यवस्था गरी पुस्तकालयको सुरूवात गरे । यसै पुस्तकालयलाई राणा प्रधानमन्त्री जङ्गबहादुरले थापाथली दरवारको जैसीकोठामा ल्याएर राखेपछि यिनै सामग्रीहरूलाई दरबार स्कूलमा “दरबार लाईब्रेरी” को नाममा र पछि घण्टाघरमा सारेपछि घण्टाघर लाईब्रेरी हुँदै वीरशमशेरले आफ्नो नाममा “वीर लाइब्रेरी” नामाकरण गरी सञ्चालन गर्न थाले । वि.सं. २०२३ सालमा राष्ट्रिय अभिलेखालयको स्थापना भएपछि वीर लाइव्रेरीमा भएका सवै सामग्रीहरू राष्ट्रिय अभिलेखालयमा सारिए ।

नेपालमा पुस्तकालयको इतिहास र विकासको कुरा गर्दा शाहकाल र राणाकाल मात्र हैन, सात सालको प्रजातन्त्रदेखि नेपाली कांग्रेसको सरकार २०१७ सम्म, पञ्चायत व्यवस्था (२०१७ देखि २०४६), बहुदलीय संवैधानिक राजतन्त्र व्यवस्था (२०४७ देखि २०६२), गणतन्त्र व्यवस्था (२०६३ देखि २०७२) सरकार (राज्य) बाट भन्दा सामुदायिक स्तरमा पुस्तकालयको स्थापना धेरै भएको छ ।

हाल विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा वर्णन गरेका पुस्तकालयहरूमध्ये विक्रम सम्वत् १९७२ मा स्थापना गरेको सिराहा जिल्लाको त्रिचन्द्र पुस्तकालय सवभन्दा पुरानो पुस्तकालय देखिन्छ । राणा विरोधी अभियान अगाडि बढी रहेको अवस्थामा धेरै जिल्लाहरूमा पुस्तकालय स्थापना गर्ने र त्यसको माध्यमबाट राजनैतिक भेटघाट, प्रशिक्षण, प्रचारप्रसार गर्ने अभियान नै सञ्चालन गरिएको पाइएको छ । तौलिहवा (१९९३), बिराटनगर (२००३), काठमाडौं (२००३) बागलुग (२००३), नेपालगञ्ज (२००३), बन्दीपुर (२००३), धरान (२००३), पाल्पा (२००४), बुटवल (२००४), गौर (२००४), धनकुटा (२००४), वीरगंज (२००४), भोजपुर (२००५), घोराही (२००५), झापा (२००७), महोत्तरी (२००७) मा सञ्चालनमा आएका केही नमूना पुस्तकालयहरू हुन् ।

आज मुलुकभरी १५०० भन्दा बढी सार्वजनिक अथवा सामुदायिक पुस्तकालयहरू सञ्चालनमा छन् । सार्वजनिक पुस्तकालय र सामुदायिक पुस्तकालयको भिन्नता भएपनि नेपालमा चलनचल्तीको भाषामा एकै समूहमा लिने गरिएको छ । सार्वजनिक पुस्तकालयको रूपमा अर्थात् सरकारको वजेटबाट सञ्चालन भैरहेका सार्वजनिक पुस्तकालयहरूमा काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय मात्र एक हो । नेपाल सरकार मातहत सञ्चालन भएका नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय,

डिल्लीरमण रेग्मी पुस्तकालय र विभिन्न मन्त्रालय तथा विभागमा रहेका पुस्तकालयहरू सरकारी बजेटबाट सञ्चालन हुने भएता पनि ती सार्वजनिक पुस्तकालयहरू हैनन् ।

**२. सार्वजनिक पुस्तकालयको विकासमा गरिएका केही प्रयासहरू**

नेपालमा पहिलो पटक वि.सं. २०१७ सालमा जननिर्वाचित सरकारले विभिन्न सार्वजनिक पुस्तकालयहरूलाई ८० हजार आर्थिक सहयोग प्रदान गरेको थियो । नेपाल सरकारको तर्फबाट सार्वजनिक पुस्तकालयहरूलाई आर्थिक सहयोग प्रदान गरीएको यो नै पहिलो अवसर हो । २०३२ सालमा नेपाल राष्ट्रिय पुस्तक विकास समिति गठन भएको थियो । वि. सं. २०४० सालमा पुरातत्व विभागका महानिर्देशकज्यूको अध्यक्षतामा "नेपाल राष्ट्रिय पुस्तकालय तथा अन्य पुस्तकालयहरूको व्यवस्था समिति" गठन भएको थियो । राष्ट्रिय शिक्षा आयोग, २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनमा पुस्तकालय विकासकालागि केही सुझावहरू दिएको थियो ।

पुस्तकालय क्षेत्रको संस्थागत विकासका लागि पुस्तकालयसेवीहरूको तर्फबाट पनि केही प्रयास भएका थिए । नेपाल पुस्तकालय संघले पुस्तकालय नीति र पुस्तकालय ऐनको आवश्यकताबारे सन् १९८६, १९९२ र २००३ मा राष्ट्रिय गोष्ठीहरू गरी गोष्ठीबाट पारित सुझावहरू सम्वन्धित मन्त्रालयमा पेश गरेको थियो ।

करिव तीस वर्षको अन्तरालमा आर्थिक वर्ष ०५४/५५ को बजेट वक्तव्यमार्फत् ७५ जिल्लाका पुस्तकालयहरूको लागि नेपाल सरकारले एकमुष्ठ रू.२५ लाख छुट्याइएको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा प्रत्येक गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिले आ-आफ्नो क्षेत्रमा पुस्तकालय तथा सूचना केन्द्र सञ्चालन गर्नुपर्ने प्रावधान राखिएको छ ।

देशभित्रका सबै पुस्तकालय प्रणालीलाई विकास गर्न शिक्षा मन्त्रालयअन्तर्गत २०६२ सालमा पुस्तकालय समन्वय शाखाको स्थापना भएको छ । तत्पश्चात्, आर्थिक वर्ष २०६२/०६३ देखि नियमित रूपमा केही सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूलाई आर्थिक अनुदान दिई आएको छ । स्थापनाकालदेखि नियमित रूपमा नेपाल सरकार शिक्षा मन्त्रालयमार्फत् आर्थिक अनुदान लिन सफल भएको पुस्तकालय हो: काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय ।

धेरै वर्षको प्रयासपछि २०६४ मा तथा सूचना सेवा राष्ट्रिय पुस्तकालय नीति पारित भयो । नेपाल सरकार शिक्षा मन्त्रालयबाट २०६९ मा सार्वजनिक सामुदायिक पुस्तकालयहरूको व्यवस्थापनकोलागि मार्ग निर्देशिका, २०६९ जारी गरेको छ । साथै नेपालको संविधान (२०७२) मा उल्लेख भएको भाग चार, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा (ज) नागरिकको आधार भूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत (४) नागरिकको व्यक्तित्व विकासकोलागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने उल्लेख भएको कुरा स्वागतयोग्य छ ।

**३. हाम्रो समाजको गन्तव्य**

नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधतावीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सवै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक

सिद्धान्तका आधारमा सामतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै ...संघीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं भन्ने उल्लेख छ ।

नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्याय पूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने निर्देशक सिद्धान्तमा उल्लेख गरिएको छ ।

धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवम् राष्ट्रिय गौरब, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यवद्धता र सामन्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको समाजिक र सांस्कृतिक उद्देश्य भएको कुरा निर्देशक सिद्धान्तमा उल्लेख छ ।

मौलिक हक र कर्तब्यअन्तर्गत सम्मानतापूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्वन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनियताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्वन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरुद्धको हक, संवैधानिक उपचारको हक दिएको छ ।

यी माथिका कुराहरूबाट पनि स्पष्ट सँगै हाम्रो समाजको गन्तव्य निक्यौल गरेको छ । त्यस गन्तव्यमा पुग्न पुस्तकालय एउटा महत्वपूर्ण र आधारभूत कुरा हो ।

**४. समाजको उत्थानमा पुस्तकालयको भूमिका**

स्थानीय बासिन्दाहरूको सूचनाको भोक अथवा सूचनाको आवश्यकता पूरा गर्ने जिम्मेवारी पुस्तकालयको हो । पुस्तकालय मार्फत् स्रोत र साधनको समतामूलक पहूँच र वितरण गरी न्यायपूर्ण सुसूचित समाजको सिर्जना गर्न सकिन्छ। आजको एकाइसौ शताब्दिको मुख्य विशेषता नै सूचनाको अधिकतम् प्रयोग हो । सूचनाको युगमा उचित साक्षर सीपको आवश्यकता नागरिकको लागि महत्वपूर्ण छ। आजको आधुनिक प्रजातान्त्रिक समाजको अगाडि प्रविधिमा आएको विकासलाई आत्मसात् गरी अघि बढ्नु बाहेक अर्को विकल्प छैन ।

आज पुस्तकालयकर्मीहरूको अगाडि ठूलो चुनौति भनेको परम्परागत पुस्तकालयको भूमिका निर्वाह गरी नागरिकको सूचनाको आवश्यकता परीपूर्ति गर्ने कुरामा छ । पुस्तकालयमा भएका नयाँ र पुरानो प्रविधि वीच सन्तुलन ल्याउनु परेको छ। इन्टरनेटको प्रभावले गर्दा हुने र नहुने वीचमा खाडल परेको छ । यसले गर्दा प्रजातान्त्रिक मूल्य मान्यतामा असर परेको छ ।

स्थानीय बासिन्दाहरूको सूचना तथा शिक्षामूलक सामग्रीहरू उपलब्ध गराउने मात्र हैन, पुस्तकालयले सार्वजनिक नीतिहरू मार्फत् प्रजातन्त्रको विकासमा

सघाउन सकिन्छ। सरकारी तहमा भएका सूचनाहरू (योजना नीतिहरू, प्रगति प्रतिवेदनहरू, आवधिक तथ्याङ्कहरू आदि) पाउन मुस्किल भएको हुनाले पुस्तकालयको माध्यमबाट समुदायले पाँउन सकिन्छ । बढ्दो सूचनाको महत्वले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका सूचनाहरूमा पहूँचको लागि पुस्तकालयले वकालत कर्ताको काम गर्न सक्छ ।

सार्वजनिक सूचनाको पहूँचमा नियन्त्रण कसले गर्ने भन्ने वहस चलिरहेको अवस्थामा सार्वजनिक पुस्तकालयको ठूलो भूमिका हुन आउँछ । यसै सन्दर्भमा, कृतिहरूको प्रयोगमा देखा पर्ने बौद्धिक सम्पत्तिसम्बन्धी विवादमा स्रष्टा र प्रयोगकर्ता वीच पुस्तकालयले पुलको काम गर्न सक्छ । साथै, प्रजातन्त्रको इन्जिनको रूपमा रहेको सूचना सामग्रीहरूको कपीराइट सम्बन्धमा पनि पुस्तकालयले निर्णायक भूमिका खेल्न सकिन्छ ।

पुस्तकालयले शुरूशुरूको समयमा वा स्थापनाकालमा प्रौढ शिक्षाको अवधारणामा आधारित गरी शिक्षित युवाहरूलाई ध्यानमा राखेर सेवा दिई आएको थियो । समाजमा भएको परिवर्तनसँगै पुस्तकालयले हाल आएर बालबालिका र जेष्ठ नागरिकहरूको सूचनाको आवश्यकता परीपूर्ति गर्न अगाडि सारेका छन् । महिलाहरू समाजका हरेक क्रियाकलापमा अगाडि आएका छन् । यस कुरालाई ध्यानमा राखी पुस्तकालयले प्रयोग कर्ताको माग अनुसार पुस्तकहरू सङ्कलन गर्ने, बालकक्षको व्यवस्था गर्ने, कथा वाचनदेखि बालकहरूको ध्यान आकषर्ण गर्ने विभिन्न कार्यक्रम गर्ने, महिलाहरूकोलागि विशेष कार्यक्रम जस्तै भाषा शिक्षा, सीपमूलक तालिम, सञ्चालन गरी पुस्तकालयमा आकर्षित गर्ने, जेष्ठ नागरिकहरूकोलागि आरामदायी कोठा, चिठि पत्र पठाउन तथा सामान्य सूचना हेर्न इन्टरनेट सेवा, समसामयिक विषयमा अन्तरक्रिया या छलफल गोष्ठी, आदि कामहरू सञ्चालन गर्न थालिएका छन् । विभिन्न पेशागत समूह जस्तै कृषक, को ध्यानमा राखी तत्सम्बन्धी सूचना सामग्रीहरू तथा प्रविधिको जानकारी दिनु पनि पुस्तकालय अगाडि सर्नु परेको छ। यी विविध कार्यक्रमहरूबाट समाजमा प्रजातान्त्रिक बातावरण सिर्जना गर्न पुस्तकालयले सहयोगी भूमिका निर्वाह गरी रहेको हुन्छ ।

**५. सारांश**

अन्तराष्ट्रिय पुस्तकालय महासंघका अनुसारः सार्वजनिक पुस्तकालय समुदाय वा स्थानीय, क्षेत्रीय, केन्द्रीय सरकार वा अन्य प्रकारका सामुदायिक संस्थाको सहयोग र सहायतामा स्थापित एवम् सञ्चालित संस्था हो । यसले समुदायका सवै सदस्यहरूलाई जातियता, राष्ट्रियता, उमेर, लिङ्ग, धर्म, वर्ण, भाषा, अपा आर्थिक र रोजगार एवम् शैक्षिकस्तरको विभेद नगरी सवैलाई समान रूपले विभिन्न प्रकारका ज्ञान र सूचना एवम् कल्पनाशील सामग्री एवम् सेवामार्फत पहुँच प्रदान गर्दछ ।

अन्य देशहरूमा सार्वजनिक पुस्तकालय भन्नासाथ राज्य (सरकार) को नियमित बजेट (आर्थिक सहयोग) मा सञ्चालित पुस्तकालयलाई भनिन्छ । सामुदायिक पुस्तकालय भन्नाले राज्य (सरकार) को आर्थिक सहयोग विना संस्थापकहरूद्वारा समुदाय स्तरमा आर्थिक सहयोग लिई सञ्चालन गर्ने पुस्तकालयलाई संझिन्छ । हामीहरूको सन्दर्भमा, सार्वजनिक र सामुदायिक पुस्तकालयलाई एउटै परिभाषा भित्र राखियो । समुदायस्तरमा वाचनालय, पुस्तकालय, अध्ययन केन्द्र, स्रोतकेन्द्र, सूचना केन्द्र आदि विभिन्न नामबाट खोलिएका पुस्तकालयहरूलाई सामुदायिक वा सार्वजनिक पुस्तकालयको नाम दिईयो । स्थानीय बासिन्दासँग छलफल गरी आवश्यकतालाई निर्क्यौल गरी तिनीहरूकै सहभागितामा पुस्तकालय सञ्चालन गरिएको भन्दा संस्थापकहरूको समूहगत स्वार्थबाट पुस्तकालय स्थापना भएको हाम्रो इतिहास हो ।

नागरिकको आधारभूत आवश्यकताको रूपमा भन्दा

राजनैतिक चेतना अभिवृद्धि गर्ने र भेटघाट गर्ने थलोको रूपमा पुस्तकालयहरू स्थापना गरिएको थियो । विक्रम सम्वत् १९७२ मा सिराहामा स्थापना भएको त्रिचन्द्र पुस्तकालय, १९९३ मा तौलिहवाको पशुपतिप्रताप पुस्तकालय होस् या २००३ सालताका काठमाडौंमा खोलिएको प्रदिप्त पुस्तकालय, विराटनगरको आदर्श पुस्तकालय, अथवा पाल्पाको धवल पुस्तकालय ती पुस्तकालयहरू तत्कालीन शासकहरू विरुद्ध जनचेतना फैलाउने र पुस्तकालयको आवरणमा भूमिगत रूपमा राजनैतिक भेटघाट र छलफल गर्ने मुख्य एजेण्डा लिएर स्थापना गरेका पुस्तकालयहरू हुन् । २००७ सालको प्रजातान्त्रिक व्यवस्था पछि स्थानीय बासिन्दाको सूचना (समाचार) को लागि पत्रपत्रिकाहरू राख्ने, फुर्सदको समयमा पढ्न धार्मिक तथा साहित्यिक पुस्तकहरू सङ्कलन गर्ने र समय समयमा साहित्यिक कार्यक्रमहरू जस्तै भानु जयन्ती, देवकोटा जयन्ती, मनाउने काममा मात्र सामुदायिक पुस्तकालयहरू सीमित थिए। सामाजिक संघ संस्थाहरूको राष्ट्रिय छाता संगठनको रूपमा २०३६ सालमा सामाजिक सेवा समन्वय परिषद् (हालको समाज कल्याण परिषद्) गठन भए पछि धेरै जसो सामुदायिक पुस्तकालयहरू पनि संघ संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालयमा दर्ता र समाज कल्याण परिषदसित आवद्ध भै काम गरियो । केही पुस्तकालयहरूले सरकारबाट आर्थिक सहयोग लिन सफल भयो भने केही पुस्तकालयहरूमा अन्तर्राष्ट्रिय दातृ तथा सहयोगी संस्थाहरूले सहयोग दिन थालियो ।

दुर्भाग्यवस, राजनैतिक व्यवस्थामा परिवर्तन भै शाहकालीन व्यवस्था, राणाकालीन व्यवस्था, प्रजातान्त्रिक व्यवस्था, पञ्चायत व्यवस्था, बहुदलीय संवैधानिक राजतन्त्रात्मक ब्यवस्थाबाट पार हुँदै आज संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आई पुग्दा पनि पुस्तकालयलाई समाजको अभिन्न अंगको रूपमा लिन सकिरहेको छैन। राज्य (सरकार) बाट सार्वजनिक पुस्तकालयको स्थापना गर्ने र आवश्यक बार्षिक वजेट विनियोजन गर्ने आवश्यक ठानेको छैन । स्थानीय निकाय विशेष गरी महानगरपालिका र जिल्ला विकास समितिको कार्य क्षेत्रभित्र सार्वजनिक पुस्तकालय सञ्चालनको जिम्मेवारी र दायित्व हुनु पर्ने थियो, त्यो हुन सकिरहेको छैन ।

सार्वजनिक सामुदायिक पुस्तकालयहरूको व्यवस्थापनको लागि मार्ग निर्देशिका, २०६९ ले मुलुकमा सञ्चालन भै रहेका सामुदायिक पुस्तकालयहरूका लागि जिल्लास्तरदेखि राष्ट्रियस्तरसम्म व्यवस्थापन समितिहरू गठन र समितिको काम, कर्तव्यबारे प्रष्ट उल्लेख गरेको छ । तर, पुस्तकालय सञ्चालनको लागि नभइ नहुने मूल स्रोत आर्थिक पक्षमा भने मौन रहेकोले यस निर्देशिकाबाट सामुदायिक पुस्तकालयहरूले कुनै सहयोग पाँउन सकेनन् र सामुदायिक पुस्तकालयहरूको विकासमा सघाउ पुऱ्याउन सकिरहेको छैन । सार्वजनिक र सामुदायिक पुस्तकालयको भिन्नतालाई छुट्याउन नसकेको हुनाले पनि यस निर्देशिकाको कार्यान्वयनमा शिथिलता देखिएको हो ।

नेपालमा सार्वजनिक पुस्तकालयको परिभाषादेखि यस्को गठन प्रक्रिया, संस्थापक अथवा सञ्चालकहरूको भूमिका र राष्ट्र (सरकार) बाट नियमित वजेट विनियोजनका लागि छुट्टै कानुनको आवश्यकता परेको छ ।

आर्थिक वर्ष ०५४/५५ को बजेट वक्तव्यमार्फत् ७५ जिल्लामा एउटा जिल्ला पुस्तकालय स्थापनाका लागि नेपाल सरकारले एकमुष्ठ रू.२५ लाख छुट्याइएको नजिर हामी कहाँ छ । विगतका वर्षहरूमा पनि शिक्षा मन्त्रालयबाट सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको लागि आर्थिक अनुदान दिदैं आएको छ । नेपालको संविधान (२०७२) राज्यका

निर्देशक सिद्धान्त, नीति तथा दायित्वको नागरिकको आधारभूत आवश्यकतासम्वन्धी नीति अर्न्तगत नागरिकको व्यक्तित्व विकासकोलागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने उल्लेख भएको छ । संविधानमा उल्लेखित ३२ वटा हकहरूमध्ये सार्वजनिक पुस्तकालयको सन्दर्भमा अति आवश्यक पर्ने सूचनाको हकमा सूचना माग्ने र पाँउने हक उल्लेख छ तर कहाँबाट पाउने स्रोत अर्थात् सार्वजनिक पुस्तकालयको उल्लेख छैन । त्यस्तै शिक्षासम्बन्धी हकमा आधारभूत शिक्षालाई औपचारिक शिक्षामा मात्र सीमित गरी अनौपचारिक शिक्षा वा नागरिकलाई सूसुचित गर्ने र आधारभूत शिक्षाका लागि अनिवार्य सार्वजनिक पुस्तकालयको कुरा कतै उल्लेख छैन ।

समाजको गतिशिलतालाई अगाडि बढाउने मूल काम भनेको राजनैतिक प्रणाली हो । हाम्रो सन्दर्भमा राजनैतिक पार्टीहरू विशेष गरेर नेतृत्ववर्गले पुस्तकालयको महत्व वुझ्दा बुझ्दै पनि संस्थागत विकासकोलागि पहल कदम लिएको देखिएन । नेतृत्व वर्गले देश (समाज) को विकास निर्माण कार्यमा पुस्तकालय क्षेत्र पनि एक महत्वपूर्ण र आधारभूत सेवा हो भन्ने भावनाका साथ संस्थागत विकासको लागि आवश्यक पूर्वाधारहरू जस्तै सार्वजनिक पुस्तकालय कानुन, संरचनात्मक गठन, बजेटको सुनिश्चितता, आदि तयार गर्न अति आवश्यक भएको छ । काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजका अध्यक्ष एवम् नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री डा.नारायण खड्का, नेपाल लाईब्रेरी फाउण्डेशनका अध्यक्ष एवम् नेकपा (संयुक्त) का अध्यक्ष पूर्वमन्त्री श्री गणेश शाह, नेकपा (माओवादी केन्द्र) का नेता एवम् पूर्वमन्त्री दिनानाथ शर्मा, नेकपा (एमाले) का नेता एवम् पूर्वमन्त्री श्री प्रदिप ज्ञवाली जस्ता पुस्तकालयलाई माया तथा सहयोग गर्ने व्यक्तित्वहरू थुप्रै हुनुहुन्छ । उहाँहरूको सहयोगमा पुस्तकालय विकासका पूर्वाधार निर्माण गर्ने कार्यमा सहयोग लिन सकिन्छ ।

यी कुराहरूलाई ध्यानमा राखी सार्वजनिक पुस्तकालय कानुन तर्जूमा गरी लागू गराउने तर्फ पुस्तकालयसेवी तथा पुस्तकालयप्रेमीहरू अगाडि बढाउने छ । सार्वजनिक पुस्तकालय कानून तर्जूमाको लागि शिक्षा मन्त्रालय (पुस्तकालय समन्वय शाखा) को भूमिका महत्व पूर्ण छ । पुस्तकालय संघ जस्ता व्यवसायिक संस्थाहरू, पुस्तकालयकर्मी तथा पुस्तकालय प्रेमीहरूको सहयोगमा नेपाल राष्ट्रिय पुस्तकालयको नेतृत्वमा सार्वजनिक पुस्तकालय कानुन लागू गर्न विशेष पहल गर्नु आवश्यक देखिन्छ ।

**सन्दर्भ सामग्री**

कानून किताव व्यवस्था समिति (२०७२). नेपालको संविधान, काठमाडौः लेखक ।

Libraries and Democracy: The Cornerstone of Liberty, ed. by Nancy Kranich. Chicago: Amerian Library Association, 2001.

Civic Librarianship: Renewing the Social Mission of the Public Libary, by Ronald B.

McCabe. Lanham, Scarecrow Press, 2001.

# कोसी देखा पुस्तकालयः ग्रामिण पुस्तकालयको विदेशी सपना

सागरराज सुबेदी
उपपुस्तकालयाध्यक्ष
त्रि.वि. इ.अ.स.पुल्चोक क्याम्पस

**पृष्ठभूमि**

इञ्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पस पुस्तकालयमा गएपछि एकदिन किचन (खाजा खाने कोठा) वनाईरहेको स्टोर जस्तो तर पुस्तकहरू नै पुस्तक रहेको कोठमा छिर्न पुगे । यताउति हेरेको त पुस्तकालय विज्ञानका पुस्तकहरू एकपछि अर्को देखिन थाले । हेर्दै जाँदा पुस्तकालय विज्ञान विषयमा स्नातक एवम् स्नातकोत्तर गर्दा पढेका लगभग सबै पुस्तकहरू देखिन थाले । त्यसका अलावा कुनै दक्ष पुस्तकालयकर्मीले सङ्कलन गरिराखेको जस्तो पुस्तकालय विज्ञानका नेपालबाट प्रकाशित भएका पुराना पुराना पुस्तकहरू पनि हात लागे । मुरारी विनोद पोखरेल सरको किताव, मधुसुधन सुबेदी, शान्ति मिश्र तथा नारायण मिश्र, कृष्णमान मानन्धरका किताबहरू सङ्कलनमा देख्दा मन फुरुङ्ग भयो । त्यस अलवा विभिन्न किसिमका रिर्पोटहरू पाँउदा झन म दगंदास परे । यसरी पुराना पुस्तकहरू प्राप्त गरेपछि यहि हुलमा मैले एउटा पुस्तक भनौ वा रिर्पोट भनौ भिलेज लाईब्रेरीज इन नेपाल नामक पुस्तक प्राप्त गरे । साह्रै उत्साहसाथ पुस्तक अध्ययन गरे । यो आलेख त्यहि पुस्तकको वारेमा तयार गरिएको छ । म यसै आलेखमार्फत् अग्रज पुस्तकालयकर्मीहरूलाई सो पुस्तकमा समेटेका कुराहरू वारेमा थप प्रकाश पारिदिनुहुन समेत अनुरोध गर्दछु ।

पुर्णतः अग्रेजी भाषामा लेखिएको सो पुस्तक हार्ड कभरमा रहेको र वाहिर पट्टिनै अग्रेजी अक्षरमा भिलेज लाईब्रेरीज इन नेपाल भनेर लेखिएको छ । सम्पूर्ण टेक्स्टहरू टाईपराइटरबाट टाईप गरिएका छन् र अगाडि दुई पाना पल्टाएपछि कन्टेन्ट भनेर नं. १. पेज नं. १ भनेर कोसी देखा पुस्तकालयको परिप्रेक्ष्यमा नेपालका ग्रामीण पुस्तकालयबारे साधारण छलफल, नं. २ कोशी देखा पुस्तकालयको संक्षिप्त विवरण, जसमा स्थान, पुस्तक, पद्धति, पुस्तकालयकर्मी, हामी कहा छौं र रकम भनी ५ देखि ९ पृष्ठसम्म समेटिएको देखिन्छ । त्यस्तै नं.३ हामीले यसपछि के गर्न सक्छौ भनेर कार्यालय र कोषको आवश्यकता भनेर पृष्ठ १२ देखि १४ देखाईएको छ । अनि नं. ४. एउटा लामो परिप्रेक्ष्य भनेर पृष्ठ १६ समेटिएको छ र नं. ५ मा फोटोग्राफ्स भनेर पृष्ठ १८ समेटिएको छ । (अग्रेजीमा भएका शीर्षकहरूलाई नेपालीकरण गरिएको हो) ।

अर्थर एन फ्रैनकच्युन अमेरिकन एम्बेसी भनेर लेखिएको लेखकको मन्तव्य पनि भिलेज लाईब्रेरीज इन नेपाल शीर्षकमा लेखिएको चारपेज कुरा गजब मार्मिक र उदगम सोचमा आधारित छ । कसरी पुस्तकालय स्थापना गरियो र के कस्तो तरीकाले पुस्तकालय चलाउन सकिन्छ भन्ने कुराको प्रस्तुती रहेको छ । गाउँमा रहेका साक्षरहरू पनि कसरी पुस्तक पढ्न पाईरहेका छैनन् र उनीहरूलाई पढ्न कसरी सामुदायिक पुस्तकालयबाट प्रेरित गर्न सकिन्छ भन्ने कुरा सरल तरिकाले फ्रैनकच्युनले प्रस्तुती गरेका छन् । काठमाण्डौबाट ६२ कि.मि. पुर्ब टाढा रहेका कोशी देखा गाउँमा गएर झण्डै ४० को दशकमा पुस्तकालय खोल्नु चानचुने कुरा

चाँहि थिएन । आफ्नै खल्तीको पैसा हालेर लगभग २० महिनाको अथक प्रयासबाट दुर्गम गाउँ जहाँ पुग्न बर्षात्को समयमा लगभग ७ कि.मी. त पैदल नै जानुपर्थ्यो त्यस्तो ठाउँमा एउटा विदेशीले पुस्तकालय बनाईदिएको कुरा साच्चि नै हाम्रो पुस्तकालयको इतिहासमा कहाँनेर आउँछ होला सोचनिय छ । त्यहि समयमा पनि फ्रैनकच्युन महोदयले पुस्तकालयमा डिवे डेसिमल बर्गीकरण पद्धति र कार्ड क्याटलगको कुरा सुरू गरेको उल्लेख गरेका छन् । प्रशस्त प्रकाशको व्यवस्था भएको कोठामा दुईजना तालिम प्राप्त पुस्तकालयकर्मीलाई तलबको जोहो गरेर पुस्तकका लागि छुट्टै ऱ्याक, नक्शाको लागि छुट्टै ऱ्याक र पिरियडिकल्सहरूको लागि छुट्टै ऱ्याक राखिएको कुरा उल्लेख गरेका छन् । त्यो समयमा यो पुस्तकालय एघार घण्टा खोल्ने व्यवस्था मिलाईएको कुरा अहिलेका मै हुँ भन्ने ठूला पुस्तकालयहरूको मुखमा विर्को लाग्ने खालको छ । पुस्तकालयलाई सधैं कसैले पनि आर्थिक सहयोग गरिरहन सक्दैन सो कुरालाई हृदयंगम गरी उनले स्कूल तथा पुस्तकालयलाई प्राप्त भएको जमिनमा झण्डै १२५ बोट कागतीका विरुवाहरू लगाईदिएका छन् जसबाट पाँचबर्ष पछि तिनै फलेका कागती विक्रि गरेर पनि पुस्तकालय स्वावलम्बी हुन सक्ने उनको तर्क रहेको छ ।

उनको प्राक्कथन पछि कोशी देखा भिलेज लाईब्रेरी भनेर उनले अहिलेको चलिरहेको ग्रामीण पुस्तकालको एकमात्र विधिबत पुस्तकालय रहेको दावी गरेका छन् । उनले कोशी देखा प्राथमिक विद्यालयको २०x३० फिटको कोठामा पुस्तकालय राख्दा त्यस विद्यालयका प्राध्यानाध्यापक झुलना नाथ उप्रेतीको सहयोगको मुक्त कण्ठले प्रंशसा गरेका छन् । सो कोठामा लगभग एकहजार पुस्तक राख्न सक्ने स्थान रहेको देखाउदै लगभग ४५० नेपाली भाषामा लेखिएका पुस्तकहरू अर्थरले राम थपलिया नामक उनका साथीको सहयोगमा खरिद गरेको उल्लेख गरेका छन् । पुस्तकालय समिति गठन गरेर पुस्तकलयध्यक्षको छनौटको व्यवस्था मिलाईएको, कार्ड क्याटलग तयार गरेर ग्रामीण व्यक्तिहरूलाई कार्ड हेरेर पुस्तक पत्ता लगाउँने कुरा कम रोचकको छैन । छनौट गरिएका दुबै लाईब्रेरियनहरूलाई ५ हप्ताको पुस्तकालय सम्बन्धी तालिम दिने त्रि.वि. केन्द्रीय पुस्तकालयका तत्कालीन लाईब्रेरियन श्रीमती शान्ति मिश्रलाई पनि धन्यवाद दिएका छन् । एक जनाले एउटा मात्र पुस्तक जारी गरेर लग्न सकिने व्यवस्था बनाइएको सो पुस्तकालयले पुस्तक जारी गर्ने तरिका त्रि.वि .केन्द्रीय पुस्तकालयकै अनुशरण गरेको उनले बताएका छन् । पुस्तकालय स्थापना गर्न अर्थर एन फ्रैनकच्युनले आफनै खल्तीबाट पैसा हालेका थिए । स्थापनाको समयमा उनले खर्चको बाँडफाँड यस्तो देखाएका छन्:

- ऱ्याकको निर्माणः २९,६००.००
- खाली क्याटलग कार्डः १३००.००
- कार्ड बनाउने खर्चः १३००.००
- कार्ड क्याटलगः २७००.००
- भर्‍याङ (पुस्तकालय माथिल्लो तल्लामा भएकोले) निर्माणः ८१५०.०० (पहिलोचोटी)
- भर्‍याङ निर्माणः ७०००.०० (बाढीले बगाउँकोमा पुनः निर्माण)
- तालिमको अवधिको चियाखाजा लाईर्बेरियनलाईः २१६०.००
- पानीट्याकीं: २०००.००
- शिक्षकको नयाँकोठा निर्माण (पुरानो कोठामा पुस्तकालय राखिएको हुँदा): ४०००.०० पुस्तकः १४,४०० .००
- यातायातः १०००.०० र
- विबिध आपुर्ति : १०००.०० गरी

**जम्मा ७८,५१०.००**

त्यस्तै उनले यो पुस्तकालय सञ्चालन गर्नको लागि मासिक खर्चको विवरण को वजेट निम्नानुसार प्रस्तुत गरेका छन्:

- लाईब्रेरियनको तलब: रू.७३७.००
- सहायकको तलब: रू. ३६५.००
- किसानको तलब: रू.८००.००
- गार्डको तलब: रू.२५०.००
- मट्टितेल: रू.१००.००
- स्टेशनरी: रू.२००.००
- पुस्तक प्रतिस्थापन : रू.३००.००

**जम्मा : रू.२,७५२.००**

पुस्तकालय रहेको परिसरमा भएको खाली जग्गामा लगाईएको कागतीबाट लगभग ५ बर्ष पछि बार्षिक रूपमा कम्तीमा रू.३५००० । आम्दानी हुने लक्ष्य राखिएको छ र जसबाट पुस्तकालयको बार्षिक बजेट समेटन सकिने दावि पनि फ्रैनकच्युनले गरेका छन् । यसको लागि बाँकी ४ बर्ष पुस्तकालय सञ्चालन गर्न लगभग रू.१,४०,००० । भएमा पुस्तकालय आत्मनिर्भर हुने उनको निष्कर्ष रहेको छ । त्यसपछि उनले नेपालका अन्य ३ गाउँहरूमा पनि यस्तै पुस्तकालय खोल्ने सपना देखेका छन् र उनले यी कार्यहरू गर्नको लागि लगभग ७२,५५० । अमेरिकी डलरको लागतको अनुमान गरेका छन् । यिनै खाकाहरूको आधारमा नेपालका लगभग ४०० ग्रामीण पुस्तकालयहरूको लागि झण्डै १० मिलियन डलर खर्च गर्न सकेमा नेपालका सबै भूभाग पुस्तकालयमा स्थापना गर्न सकिने उनको दावि रहेको देखिन्छ ।

उनले यस पुस्तकको अन्त्यमा केही फोटाहरू पनि प्रस्तुत गरेका छन् जसमा कोशीदेखा पुस्तकालय भवन, पुस्तकालयभित्रका र्याक तथा फर्निचर, पुस्तकालयमा पत्रिका राख्नलागेका फोटो, पाठकहरू बसेर पढिरहेका फोटोहरू, कार्ड क्याटलग राखिएको दराज, लाईर्बेरियन र सहायकले काम गरिरहेको फोटो, पुस्तकालय भवन निर्माण अवस्थाका फोटोहरू, पुस्तकालय उद्घाटन समारोहमा राजारानीका फोटोहरूमा माल्यापर्ण गरी सो समयममा उपस्थित लुईस आर म्याकफरलेन तत्कालीन निमित्त अमेरिकी राजदूत, केन्द्रीय पुस्तकालय प्रमुख शान्ति मिश्र, महेश कुमार उपाध्याय, उपकुलपति त्रि.वि., राम थपलिया, श्याम खकुरेल कोशी देखाको लाईब्रेरियन, अर्थर एन फ्रैनकच्युन र मधुसुदन सुवेदी, राष्ट्रिय पुस्तकालयका प्रमुख भएका फोटो रहेको पाँईन्छ ।

यो पुस्तकालय हालसम्म चलिरहेको वा बन्द भैसकेको यसको वारेमा मसँग केही पनि जानकारी छैन तैपनी यो पुस्तकालय उद्घाटन समयमा उपस्थित भएका तत्कालीन नेपाल राष्ट्रिय पुस्तकालयका प्रमुख तथा नेपाल कानुन पुस्तकालयका प्रमुख श्री मधुसुदन सुवेदीसँग जिज्ञासा राख्दा त्यो पुस्तकालय हालसम्म पनि चलिरहेको हुनुपर्ने अनुमान लगाउँनुभयो । यसरी लगभग ४० को दशकमा नै एउटा विदेशी नागरिकले आएर नेपालका दुर्गम ग्रामीण भेगमा बनाएको एक पुस्तकालयको अनुभवमा नेपालमा थोरै नै पैसामा पुस्तकालयमयी बनाउने सपना देखेको देख्दा आजको दिनमा हामी साँच्ची नै पुस्तकालय आन्दोलनमा पछि नै रहेको कुरा मनन हुन आउँछ । राज्यको सबै निकायहरूमा पुस्तकालयको प्रतिनिधित्व रहेको, लगभग लगभग ३००० जति पुस्तकालयकर्मीहरूको पनि प्रत्यक्ष उपस्थिति रहिसकेको परिस्थिति, पुस्तकालय संघको नाममा जुवारी खेल्न सक्ने परिस्थिति सिर्जना भईसकेको, राज्यको शिक्षा मन्त्रालयले नै पुस्तकालय दिवस मनाउन नेतृत्व लिईसकेको अवस्थामा पनि हामी एकजनाले गर्न सक्ने किसिमको सोचाई पनि राख्न नसक्ने परिस्थितिमा पुस्तकालय विकासलाई अगाडि बढाईरहेका छौं । निश्चय पनि अव सबैले सोच्न पर्ने बेला आईसकेको छ । राम्रो काम गर्न एकजना अगाडि बढ्दा पनि धेरै काम हुन सक्छ । पुस्तकालय दिवसको संघारमा हामी पुस्तकालयकर्मी, पुस्तकालय अभियन्ता, पुस्तकालय विकासे आईएनजिओ तथा एनजिओहरूले

केही गर्ने बेला आईसकेको छ । औपचारिक श्राद्ध गर्ने मानसिकताबाट उठी कोठे भाषण, औपचारिक कार्यक्रम, कसैलाई खादा ओढाउने, सम्मान गर्ने परिपाटीबाट माथि उठी पुस्तकालय दिवसको दिन कुनै एउटा नयाँ पुस्तकालय खोलौं । सबैलाई शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नपरोस् भन्दै पुस्तकालय सेवालाई अझ विस्तार गर्न सबैलाई आग्रह गरौं र सबैले पढून् सबै अगाडि बढून् भन्ने मनसायले काम गरे नेपालमा पुस्तकालयको विकास र विस्तार अझ मजबुत हुने थियो । सरकारलगायत सबै सरोकावालालाई समयमै चेतना भया ।

# हाम्रो पुस्तकालय दिवसले

अनिता भण्डारी (पौडेल )
नँया बानेश्वर, काठमाडौं

जोश, जाँगर बोकेर आयो हाम्रो पुस्तकालय दिवसले
ठूलो पर्व, ठुलै स्थान पायो हाम्रो पुस्तकालय दिवसले

वृक्षारोपण रक्तदान छलफल पत्रकार भेला कार्यक्रम
सबै आइ कौतुहल जगायो हाम्रो पुस्तकालय दिवसले

शक्त, अशक्त, गाउँ, शहर, धनि, गरीब छैन भेदभाव
मिठो भावना र खुशी छायो हाम्रो पुस्तकालय दिवसले

मनाइन्छ सप्ताहब्यापी समेटी विचारधाराको प्रवाह
एकआपसी मिलन गरायो हाम्रो पुस्तकालय दिवसले

नछुटोस् हाम्रो साथ नभत्कियोस् योजना र विकासहरू
सबको मन एकत्रित बनायो हाम्रो पुस्तकालय दिवसले

# पुस्तकालय दिवसको औपचारिकता र अबको बाटो

सूर्य क्षेत्री
पुस्तकालय अधिकृत
वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखरा ।

## १. पृष्ठभूमि

नेपालमा वि.सं. १८६९ भदौ १५ मा औपचारिक रूपमा लालमोहर मार्फत् पुस्तकालय व्यवस्थित गरीएको दिनलाई ऐतिहासिक उपलब्धिको रूपमा स्मरण गर्दै 'पुस्तकालय दिवस' मनाउन सुरू गरीएको नौ वर्ष भएको छ । वि.सं.२०६५ देखि सुरू भएको पुस्तकालय दिवसको पहिलो उद्देश्य ऐतिहासिक कदमको सम्मान गर्नु थियो भने दोस्रो महत्वपूर्ण उद्देश्य देशमा पुस्तकालयको संस्थागत विकास गरी ज्ञान र सूचनामा आधारित सभ्य, सुसंस्कृत एवम् संवृद्ध समाज निर्माणमा सहयोग पुऱ्याउनु थियो । नवौं पुस्तकालय दिवसको पूर्वसन्ध्यामा आइपुग्दा कार्यक्रम मार्फत् उठाइएका सवालहरू कति पूरा हुन सके वा सकेनन् भन्ने आम जिज्ञासाको विषय बनेको छ ।

## २. कार्यक्रमहरू

राजधानी काठमाडौंमा भाद्र १५ को सेरोफेरोमा सप्ताहव्यापी रूपमा पुस्तकालयका विविध पक्षहरूमाथि गोष्ठी, समीक्षा, रक्तदान, हेल्थ क्याम्प, वृक्षरोपण, कविता, निबन्ध प्रतियोगिता, प्रभातफेरी, पुस्तक दान, स्मारिका प्रकाशन तथा उत्कृष्ट पुस्तकालयकर्मी, पुस्तकालयसेवी र पाठकहरूको सम्मान आदि कार्यक्रमका साथ मनाइँदै आएको छ । पोखरामा सुरूदेखि नै क्रमशः अग्रज पुस्तकालयसेवीहरूका अनुभव आदान-प्रदान, कविता, निबन्ध, चित्रकला प्रतियोगिताहरू, विविध साङ्गीतिक प्रस्तुतिहरू, रक्तदान, पुस्तक आदान-प्रदान, मैत्रीपूर्ण खेल, पुस्तकालय विषयक गोष्ठीका साथै उत्कृष्ट पुस्तकालयकर्मी, पुस्तकालयसेवी र पुस्तकालयहरूको सम्मान गरी मनाइँदै आएको छ । यसप्रकार काठमाडौं, पोखरा, भक्तपुर, चितवन, दाङ, बुटवल, बिराटनगर, झापा लगायतका जिल्लाहरूमा आ-आफ्नो गच्छे अनुसार छुट्टाछुट्टै कार्यक्रमहरूका साथ पुस्तकालय दिवस मनाउँदै आएको देखिन्छ । नवौं पुस्तकालय दिवस मनाउन शिक्षा मन्त्रालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मातहतका सम्पूर्ण निकायहरूलाई परिपत्र जारी भएबाट पुस्तकालय दिवसको गरिमा बढ्नुका साथै आम नागरिकहरू बीच पुस्तकालय दिवस क्रमशः परिचित बन्दै गएको देखिन्छ ।

## ३. उपलब्धिहरू

पुस्तकालयको विकासमा विगतमा भए-गरेका गतिविधिहरूको स्मरण गर्नु, वर्तमानको दुरावस्था र भोलिको सुखद संभावना बारे समीक्षा गर्दै पुस्तकालय दिवस मनाउनु पुस्तकालयकर्मीहरूको व्यावसायिक धर्म बनेको छ। निर्वाध रूपमा अध्ययन तथा सूचना प्राप्त गर्न पाउने मौलिक अधिकार बारे नागरिकहरूलाई सुसूचित गर्दै जीवनपर्यन्त ज्ञान र सूचना प्राप्तिको पक्षमा उभिनु सकारात्मक विषय हो । यद्यपि नेपालमा पुस्तकालय दिवस मनाउन सुरू हुनुभन्दा धेरै अघिबाट पुस्तकालयको संस्थागत विकासमा पुस्तकालयकर्मीहरूले निरन्तर रूपमा आवाज उठाउँदै आएको कुरा विदितै छ । यतिखेर पुस्तकालय र पुस्तकालयकर्मीहरूको पेशागत सङ्गठनहरू समेत बिस्तार भएका छन् ।

नेपालको इतिहासमा विभिन्न कालखण्डहरूमा केही आशालाग्दा प्रयासहरू भएका छन् । पुस्तकालयकर्मी, पुस्तकालयसेवी र समस्त ज्ञानका पारखीहरूको पहलमा नेपाल सरकारद्वारा स्थानीय स्वायत्त शासन ऐन-२०५५ मा पुस्तकालय तथा सूचना केन्द्रको आवश्यकता औंल्याउनु, 'पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति-२०६४', 'पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका-२०६९' जारी हुनु, शिक्षा मन्त्रालय अन्तर्गत 'पुस्तकालय समन्वय शाखा' गठन हुनु, पहिलो पटक नेपालको संविधान २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व शीर्षक अन्तर्गत 'नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्द्धन गर्ने' कुरा उल्लेख हुनुका साथै गत २०७२ फागुन ३० गते शिक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट 'पुस्तकालय गुरु योजना', 'पुस्तकालय तथा सूचना व्यवस्थापन (नियमावली र निर्देशिका) मस्यौदा तर्जुमा', 'पुस्तकालय अभिलेख निर्माण', र 'पुस्तक नीति कार्यदल' गठन हुनु निश्चय पनि सुखद विषय हो । समयको आवश्यकतालाई आत्मसात् गर्दै हिजोआज क्रमशः कलेजदेखि विद्यालयसम्म पुस्तकालय बिस्तार भइरहेको देखिन्छ । सामुदायिक पुस्तकालयको विकास र संरक्षणमा जनस्तरको चासो बढ्दै गएको र कतिपय अभियान्ताहरू जीवनभर लागिपरेका ज्वलन्त उदाहरणहरू पनि प्रशस्तै भेटिन्छन् । इतिहासका विभिन्न कालखण्डहरूमा जुन जुन क्षेत्रबाट जे जति प्रयासहरू भए ती सबैका आ-आफ्नै महत्व छन् ।

### ४. कमी कमजोरीहरू

नेपालमा पुस्तकालयको विकासमा विभिन्न कालखण्डहरूमा यति धेरै सकारात्मक पहल कदमीहरू हुँदै आए तापनि पुस्तकालयको लामो ऐतिहासिक यात्रालाई फर्केर हेर्दा नत पुस्तकालय दिवस मार्फत् उठाइएका सबालहरू सम्बोधन भए, नत सरकारी कागजी प्रतिबद्धताहरू नै कार्यान्वयन हुन सके । ती सबै प्रयत्नहरू नारा र कागजमा मात्र सीमित रहे । भरखर बनेको नेपालको नयाँ संविधान, २०७२ मा मौलिक हक अन्तर्गत पुस्तकालयलाई समावेश गर्नु पर्थ्यो त्यसो गर्न सकिएन । २०७२ वैशाखको भूकम्पले थला परेका ऐतिहासिक पुस्तकालयहरूको पुननिर्माण सरकारको प्राथमिकतामा पर्न सकेन । विभिन्न आरोह अवरोहका बीच उपलब्धिविहीन तरिकाले समय अघि बढिरह्यो । यसो हुनुमा 'पुस्तकालयकर्मीहरूको निस्क्रियता' र 'सरकारी अदूरदर्शिता' मुख्य कारण भएको कुरा हामी सबैले गम्भीरतापूर्वक मनन् गर्नुपर्छ ।

सरकारले गरेको कागजी प्रतिबद्धतामा रमाउनु, सम्बद्ध पक्षहरूलाई पुस्तकालयको आवश्यकता र औचित्य बुझाउन नसक्नु र सरकारी प्रतिबद्धता कार्यान्वयनका लागि संस्थागत वा समूहगत रूपमा सम्बन्धित निकायमा निरन्तर दबाब दिन नसकेका कारण ठोस उपलब्धि हाँसिल हुन नसकेको यथार्थ हामी सबैले इमान्दारितापूर्वक स्वीकार्नु पर्छ ।

जनप्रतिनिधिहरू हुन् वा सरकारी सेवाका उच्चपदस्थ अधिकारीहरूले युगको प्राथमिकता बुझ्न नसक्नु र पुस्तकालय माथिको लगानी निरर्थक ठान्नु लज्जास्पद विषय हो । नेपालमा अनौपचारिक शिक्षा कार्यक्रमलाई सार्थक बनाउने विषय होस् वा प्राथमिक तहदेखि विश्वविद्यालयसम्मको शिक्षामा गुणस्तर कायम गर्ने सबाल वा आम नागरिकहरूले स्वतन्त्र अध्ययनद्वारा व्यक्तित्व विकास गर्ने सबाल होस् ती सबै उद्देश्य प्राप्तिका लागि पुस्तकालय अपरिहार्य मानिन्छ । नेपाल सरकारको साक्षरता कार्यक्रमबाट सामान्य लेखपढ गर्न जानेका जिज्ञासु नागरिकहरूदेखि मजदुर, किसान, उद्योगी, व्यावसायी, विद्यार्थी, गृहिणी, बृद्धबृद्धाहरू, अनुसन्धानकर्ता, सांसद, मन्त्रीहरू लगायत विभिन्न क्षेत्रबाट सेवा निवृत्त व्यक्तिहरू, जो फुर्सदको समयमा स्वतन्त्र अध्ययनद्वारा बौद्धिक आनन्द प्राप्त गर्न चाहन्छन्, त्यो सुविधाका लागि कहाँ जाने उनीहरू ? दृष्टिविहीन, श्रवणविहीन

लगायत अरू शारीरिक अपाङ्गता भएका नागरिकहरू कहाँ जाने ?

विश्वविद्यालय र विद्यालयका विद्यार्थी तथा शिक्षकहरूले सेवा अवधिमा आफू संलग्न संस्थाको पुस्तकालयबाट सुविधा लिएका हुन्छन् तर विद्यार्थीहरूले तोकिएको शैक्षिक तह पार गरेपछि, शिक्षक, कर्मचारीहरू सेवा निवृत्त भएपछि स्वाध्यायनका लागि कहाँ जाने ? पुस्तकालयप्रति स्थानीय निकायका अधिकारीहरूको नकारात्मक दृष्टिकोणका कारण पोखरा लगायत देशका विभिन्न भागमा सञ्चालित ऐतिहासिक सामुदायिक पुस्तकालयहरू धरासायी बनेका छन् । पुस्तकालय सेवा स्थानीय निकायको दायित्वभित्र पर्दैन ? सरकारको वार्षिक नीति तथा कार्यक्रममा यो विषय समेटिनु पर्दैन ? सरकारको नेतृत्व गर्ने राजनीतिकर्मीहरू र अधिकार प्राप्त राष्ट्रसेवक कर्मचारीहरूको अदूरदर्शिता र लाचारीपनको सिकार पुस्तकालयजगत कहिलेसम्म भइरहने ? राष्ट्रको सचेत नागरिक र पुस्तकालय पेशाकर्मीका नाताले हामीले यो दुर्दशालाई टुलुटुलु हेरेर बसिरहने वा केही गर्ने ? पुस्तकालय दिवसमा यस विषयको गम्भीर समीक्षा हुनु जरूरी छ ।

**५. अबको बाटो**

पुस्तकालय दिवस औपचारिकतामा मात्र सीमित भयो । वर्षमा भदौ महिनाको एक हप्ता पुस्तकालय दिवस मनाउनु मात्र हाम्रो उद्देश्य होइन, पुस्तकालयको गुरू योजना, ऐन, नियम र कार्यविधि मार्फत् पुस्तकालयको संस्थागत विकास अन्तिम लक्ष्य हो ।

पुस्तकालय दिवसलाई राष्ट्रिय पहिचानका साथ प्रत्येक विश्वविद्यालय, कलेज, विद्यालय हुँदै टोलटोलमा बिस्तार गर्नुपर्छ । आकर्षक पुरस्कार सहित हरेक शिक्षण संस्था, जिल्ला र राष्ट्रिय स्तरमा विद्यार्थीहरू बीच पुस्तकालय विषयक प्रतियोगिताहरू (कविता, निबन्ध, वक्तृत्वकला, हाजिरी जवाफ, चित्रकला, गीत) सञ्चालन गर्न सकिन्छ । यस्ता कार्यक्रमले विद्यार्थीहरूमा पुस्तकालयको महत्व बोध हुनुका साथै आत्मबल, लेखनशैली र वाक्पटुताको विकास हुन्छ । विद्यालय र सामुदायिक पुस्तकालयमा पाठक क्लब वा पुस्तकप्रेमी क्लब गठन गरी क्रियाशील गराउँदा पुस्तकालय, पुस्तक तथा सूचना सामग्रीप्रति मानिसहरूको रुचि र माया बढ्छ । विद्यार्थीहरूलाई प्रेरणादायी पुस्तक पढ्न लगाउँने र त्यस भित्र उनीहरूलाई मन परेका विषयहरू बारे अन्तरक्रिया गराउने, चर्चित लेखक र पाठक बीच प्रत्यक्ष संवाद गराउने जस्ता कार्यक्रमबाट उनीहरूमा हौसला बढ्छ । प्रत्येक वर्ष शिक्षा मन्त्रालयबाट पुस्तकालय प्रबर्द्धन तथा पठन संस्कृतिसँग सम्बन्धित पोष्टर, पम्प्लेट, बुक मार्क छापेर वितरण गर्ने, रेडियो, टेलिभिजन, फेसबुक, ट्वीटर, लगायतका विद्युतीय सञ्जालहरूबाट प्रचारात्मक कार्यक्रमहरू सञ्चालन गर्ने । पुस्तकालय दिवसमा प्रत्येक विद्यालयमा पुस्तकालय गान गाउँन लगाउँने । शिक्षा मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसमा उत्कृष्ट विद्यालय र क्याम्पसहरूलाई नगद र सम्मानपत्र सहित पुरस्कृत गरे जस्तै पुस्तकालय दिवसमा उत्कृष्ट सामुदायिक र शैक्षिक पुस्तकालयहरूलाई पुरस्कृत गर्ने परम्पराको थालनी गर्नुपर्छ ।

शिक्षा मन्त्रालयको २०७२ फागुन ३० गतेको निर्णयबाट गठन भएको कार्यदलले के कति प्रगति हाँसिल गरेको छ, त्यसलाई समेटेर अबका दिनमा सरकारको मुख नताकी जनस्तरबाट अग्रज पुस्तकालयकर्मीहरूको संयोजकत्वमा पुस्तकालय सम्बन्धी छुट्टाछुट्टै कार्यदल गठन गरी एक वर्षको समय सीमाभित्र पुस्तकालय सम्बन्धी गुरु योजना, ऐन, नियम, कार्यविधि, पुस्तक तथा सूचना सामग्री सञ्चय कानुन आदिको मस्यौदा तयार गरौं । संरचनात्मक रूपमा केन्द्र, प्रदेश, जिल्ला, नगर, ग्राम पुस्तकालयको अवधारणा उपयुक्त हुन्छ ।

शैक्षिक पुस्तकालय अन्तर्गत विश्वविद्यालय तहमा आंगिक र सम्बन्धन प्राप्त कजेहरू र विद्यालय तहमा छुट्टाछुट्टै संरचना निर्माण गर्ने । सामुदायिक पुस्तकालय सञ्चालनको लागि स्थानीय निकाय र शैक्षिक पुस्तकालयका लागि मातृ संस्थाको कुल बजेटको न्यूनतम १० प्रतिशत रकमको व्यवस्था गर्नुपर्छ । स्तरीयता र एकरूपताका लागि सबै पुस्तकालयहरूको न्यूनतम मापदण्ड तोकिनुपर्छ । विद्युतीय पुस्तकालय सञ्चालनमा आवश्यक इन्टरनेट सुविधाका लागि सामाजिक अभियान्ता महावीर पुनसँग सहकार्य गर्नुपर्छ । उनीसँगको सहकार्यद्वारा गाउँ-गाउँमा ई-लाईब्रेरी सुविधा बिस्तारमा सहजता आउनुका साथै पुस्तकालयप्रति स-साना विद्यार्थीहरूदेखि आम नागरिकहरूको आकर्षण बढ्छ । पुस्तकालयको संस्थागत विकास र महावीर पुनको इन्टरनेटमा आधारित सूचना प्रविधिको विकास अभियान अति दूरगामी महत्वका छन् । यसलाई हामी सबैले मिलेर पूरा गर्न सक्छौं ।

सूचना भण्डारणका लागि प्रादेशिक डाटा बैंक र राजधानी काठमाडौंमा केन्द्रीय डाटा बैंक स्थापना गर्नुपर्छ । प्रदेशका विद्युतीय सूचना सामग्रीहरू प्रदेश र देशभरका डाटाहरू केन्द्रीय डाटा बैंकमा (महत्वपूर्ण विद्युतीय सूचना सामग्री, बिब्लियोग्राफिक डाटाहरू र सरकारी सूचना सामग्रीहरू) सङ्ग्रह गर्नु सान्दर्भिक ठहर्छ । अब निर्माण हुने पुस्तकालयका भौतिक संरचनाहरू भूकम्प प्रतिरोधीका साथै सम्पूर्ण रूपमा वातावरणमैत्री र प्रविधिमैत्री हुनुपर्छ ।

सबै मस्यौदाहरू तयार भएपछि क्रमशः प्रदेशहरू र अन्तिममा राष्ट्रिय स्तरमा सम्बद्ध पक्षहरू बीच खुला छलफल गराई सबैको अनुभव, विचार र भावनालाई समेट्नुपर्छ, जुन कार्यबाट प्रत्येक क्षेत्रका नागरिकहरूले अपनत्व महसुस गर्न सकून् । यस प्रकार पूर्ण दस्तावेज तयार पारी कानुनी मान्यताका लागि राजनीतिक दलहरू मार्फत् संसदमा पेश गर्नुपर्छ । सँगसँगै उच्च स्तरीय दबाब समूह गठन गरी संसद भवन र सिंहदरबार केन्द्रित दबाबमूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसबाट पनि केही लागेन भने राष्ट्रिय आवश्यकता पूरा गर्न निजी स्वार्थ र आपसी वैमनस्यताबाट माथि उठेर पुस्तकालयकर्मीहरू संस्थागत रूपमा डा. गोविन्द केसीको बाटो हिंड्न तयार हुनुपर्छ । परिवर्तन अरू कसैबाट होइन आफैबाट अर्थात् 'म' बाट सुरू नगरेसम्म हामीले कल्पेको पुस्तकालयको विकास संभव छैन । त्यसैले अब केही गरौं । हामीले देखेको सपना हाम्रै जीवनकालमा संभव छ ।

# संघीयतामा पुस्तकालय सेवा अबको आवश्यकता

निमा धिताल (पण्डित)
पुस्तकालय अधिकृत
नेपाल गुणस्तर तथा नापतौल विभाग

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको छ । अहिले हामी संक्रमणकालीन अवस्थामा रहेका छौं । सरकारले संघीयता कार्यान्वयन गर्नका लागि विभिन्न पाँच वटा क्लष्टर तथा थिमेटिक ग्रुप वनाएर गृहकार्य थालेको छ। यस पृष्ठभूमिमा हामी नवौं पुस्तकालय दिवस मनाउने क्रममा छौं । यसरी पुस्तकालय दिवस मनाइरहदा हामी पुस्तकालयकर्मीहरूले पनि संघीयतामा पुस्तकालयको व्यवस्थापन कसरी गर्ने भन्ने सवालमा गहन रूपमा छलफल गरी उपयुक्त निश्कर्ष निकाल्नु पर्ने भएको छ । उता सरकारले गठन गरेका पाँच वटा थिमेटिक ग्रुपमध्ये सामाजिक ग्रुप (क्लष्टर) अन्तर्गत शिक्षा र संस्कृति पनि परेको छ जसमा पुस्तकालयको भूमिका पनि जोडिएको छ। त्यसैले हामीले यही क्लष्टर मार्फत् संघीयतामा हुने पुस्तकालयको विकास, विस्तार र श्रीवृद्धि खोज्न ढिलाई गर्नु हुँदैन ।

हामीसंग पुस्तकालयको दुईसय चारवर्षे इतिहास छ तर अहिलेसम्म कुनै ऐननियम बन्न सकेको छैन । गिर्वाणयुद्धबिक्रमको १८६९ भदौ १५ को पुस्तक चिताइ तहविल पछि विसं. २०६४ मा पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति बनेको छ। उक्त नीति ऐन नियमको अभावमा प्रभावकारी कार्यन्वयन हुन सकेको छैन । नीतिको उद्देश्यअनुसार पुस्तकालय तथा सूचना ब्यवस्थापन निर्देशिका २०६९ आएको छ त्यो पनि संघीय शासनमा पर्याप्त हुने देखिँदैन ।

समयको माग तथा जनताको सूचनाको आवश्यकता पुरा गर्न र संघीय शासन पद्धतिअनुरूप पुस्तकालयको संरचना पनि सोहीअनुसार परिवर्तन हुन जरूरी छ। निरन्तर शिक्षाका लागि सबैलाई पुस्तकालय सेवा अत्यावश्यक रहेको छ । पुस्तकालयको नियमित प्रयोग सबै तह र तप्काका व्यक्तिको आवश्यकता हो। आम जनताका सरोकारका विषय, देश विकासका योजना तर्जुमा गर्ने नीति निर्माणकर्ताहरूका लागि यो सेवा अपरिहार्य मानिन्छ। सवै प्रकारका सेवाहरू स्थानीय जनताको घर दैलोमा प्रत्यक्ष रूपमा पुऱ्याउन सक्नु नै संघीय शासनको वास्तविक र व्यावहारिक प्रयोग हो । त्यसैले सरकारले आगामी दिनमा पुस्तकालय सेवालाई सर्वत्र विस्तार गरी केन्द्रदेखि गाउँ र स्थानीयतह सम्म नै नागरिकलाई पुस्तकालयको पहुँच दिलाउन सक्नु पर्छ ।

अध्ययनशील व्यक्तिले मात्र वास्तविक आवश्यकता पहिचान गरी योजना निर्माण गर्न सक्दछ । योजनाको प्रभावकारी कार्यन्वयन भएमा आशातित सफलता प्रप्त गर्न सकिन्छ । विकासका योजना, सरकारका नीति तथा कार्यक्रम राम्रा बन्छन्, किन प्रभावकारी कार्यन्वयन हुदैनन् ? योजना बनाउनेक्रममा आवश्यकताको सहि पहिचान गर्न सहि सूचनाको उपयोग भयो कि भएन ? व्यवस्थित सूचना प्रणालीको विकास भएको छकि छैन ? सूचना व्यवस्थापन र संप्रेषणमा उल्लेख्य भूमिका खेल्ने पुस्तकालय लाई कुन दृष्टिकोणले हेरिएको छ ? वास्तविक सूचना प्रदायक को हो ? आज यस्ता अनेकौ प्रश्नहरूको जवाफ सरोकारवालाहरूले दिनैपर्छ । सहि सूचना सहि समयमा सहि व्यक्तिले प्रयोग गरी बनाइएको योजना वास्तवमा कार्यन्वयन योग्य बन्न सक्दछ। यो वास्तविकतालाई सरकारको

संघीयता कार्यन्वयन गर्न वनेको थिमेटिक ग्रुप लगायत सरकारका उच्चस्तरका प्रशासकहरूले संवेदशील रूपमा ग्रहण गर्न सक्नुपर्छ ।

अन्तर्राष्ट्रिय परिवेशलाई हेर्ने हो भने जुन देशमा पुस्तकालयको महत्वलाई आत्मसात गरीएको छ त्यो देशले नै वढि विकास र प्रगति हाँसिल गर्न सकेको छ । देशको विकासको मापन र समृद्धिको पहिचान दिलाउने महत्वपूर्ण पक्ष नै त्यो देशको राष्ट्रिय पुस्तकालय हो । तर विडम्वना यतिखेर हाम्रो देशको राष्ट्रिय पुस्तकालय अत्यन्त्यै नाजुक र दयनीय अवस्थामा छ । १२ वैशाख २०७२ मा गएको विनासकारी भूकम्पमा परी पुस्तकालय क्षतिगस्त बनेको भएपनि सरकारी निकायले त्यसको उचित व्यवस्थापनमा ध्यान पुऱ्याउन नसक्दा राष्ट्रिय पुस्तकालय सहित अधिकांश पुस्तकालयको अवस्था अत्यन्तै नाजुक अवस्थामा छ । अव ती पुस्तकालयहरूको तत्काल व्यवस्थापन गर्न ढिलाई गर्न हुदैन । जति ढिलाई गर्छौ उती नै हाम्रो पहिचानमा प्रश्न उठ्न सक्ने भएकाले यस तर्फ समयमा नै विचार पुऱ्याउनु पर्छ ।

अर्कोतर्फ नेपाली सन्दर्भमा पठन तथा अध्ययन संस्कृतीको विकास पूर्ण रूपमा हुन सकेको छैन । देशको शिक्षा प्रणाली रोजगारमुलक छैन । विश्वविद्यालयको शैक्षिक पाठ्यक्रम र लोकसेवा आयोगको पाठ्क्रम वीचमा समन्वय भएको देखिँदैन । विश्वविद्यालयको औपचारिक शिक्षा पछि रोजगारीका लागि छुट्टै तरिकाले तयारी गर्नुपर्ने हुन्छ । विद्यालय देखि विश्वविद्यालयसम्म व्यक्तिले हाँसिल गरेको शिक्षा जागिरे जीवनमा फरक तरिकाले प्रयोग हुन्छ ।

पुस्तकालयको विकास सभ्य समाजको आधार हो । सुसंस्कृत समाज निर्माण तथा प्रभावकारी नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यन्वयनको लागि व्यवस्थित सूचना प्रणाली आजको आवश्यकता हो । कहाँ चुकियो ? कुन माटोको लागि ? कुन समाजको लागि ? कुन प्रकृतीको योजना, नीति तथा कार्यक्रम बनाउने हो ? त्यसको लागि विगतको परिप्रेक्ष, परिवेश विश्लेषण हुन जरूरी छ । विश्लेषणका क्रममा वास्तविक र परिपक्व सूचनाको सदुपयोग महत्वपूर्ण पक्ष हुन आउँछ । यसको लागि पुस्तकालय अनिवार्य हुन्छ । किनकि भविष्यको लागि सूचनाको संरक्षण तथा संबर्द्धन गरी सान्दर्भिक प्रयोग गर्ने गराउने थलो पुस्तकालय नै हो ।

काठमाण्डौको लागि बनाइएको नीति तथा कार्यक्रम मोफसलका लागि सान्दर्भिक नहुन सक्छ । व्यक्ति जहाँको माटोमा हुर्किएको हो त्यसैको परिवेश सुहाँउदो आवश्यकता सिर्जना हुन्छ । आवश्यकता पहिचान गर्नु नीति निर्माण कर्ताको पहिलो कर्तव्य हो । नेपाल साँस्कृतिक तथा जैविक विविधताले भरिपूर्ण देश हो । देशको शीर छ हिमाल । जलश्रोत विकासका लागि प्रशस्त छ पानी । अध्ययन, अनुसन्धान तथा उत्खन्न हुन नपाएका थुप्रै खानीहरू पनि छन् । उपयोग गर्ने गराउने तौरतरिकामा तालमेल देखिँदैन । पानी र खानीसंग सम्बन्धित पुस्तकालयहरू अस्तव्यस्त छन् ।

नेपालमा पुस्तकालय दिवश मनाउन थालेको एक दशक हुनै लाग्यो । २०६५ मा “सबैका लागि पुस्तकालय” भन्ने नाराका साथ पहिलो पुस्तकालय दिवश मनाइएको थियो । चौथो पुस्तकालय दिवशदेखि नै शिक्षा मन्त्रालयले यसलाई नेतृत्व प्रदान गर्दै आएको छ ।

नवौं पुस्तकालय दिवशमा “निरन्तर शिक्षाका लागि पुस्तकालय” भन्ने नाराका साथ भदौ १५ मा मनाउन पुस्तकालयकर्मीहरू लगायत पुस्तकालयसंग सम्बन्धित सबै सरोकारवालाहरू लागेका छन् । पुस्तकालय सूचनाको हक प्रत्याभूत गर्ने वास्तविक प्रयोगशाला हो । लोकतन्त्रको प्राणवायुको रूपमा रहेको सूचनाको हक हरेक नेपालीको घरघरमा

पुग्नु पर्दछ । पुस्तकालय सेवा नितान्त सेवामूलक सूचनाप्रदायक संस्था हो । घरघरमा पुस्तक र टोलटोलमा पुस्तकालय भएमा सूचना सम्प्रेषणमा सहजता आउँछ । नवौं पुस्तकालय दिवशसम्म आइपुग्दा हाम्रा आर्दश वाक्यहरू कति सार्थक भए विश्लेषण गर्नुपर्ने भएको छ ।

अध्ययनले परिपक्वता ल्याउँदछ त्यो नै व्यक्तिको सिकाइ मापन गर्ने आधार पनि हो । बालक, वयस्क र बृद्ध सबैको लागि उमेर सुहाँउदो पठनसामग्री आवश्यक हुन्छ । सबै प्रकारको सङ्कलन भएको सार्वजनिक पुस्तकालय देशका कुना कन्दरामा बन्नु पर्दछ ।

आर्थिक, सामजिक, साँस्कृतिक, शैक्षिक सबै पक्षको उच्चतम् विन्दु सम्बृद्धि हो । व्यक्तिमा सबै पक्षको विकास गर्न उच्चतम ज्ञान र समुचित उपयोग गर्ने सीप चाहिन्छ । पुस्तकालयबाट सञ्चालन हुने संरक्षण, सूचना, शिक्षा तथा सिर्जनासंग सम्बन्धित कार्यहरू प्रभावकारी तवरले सञ्चालन हुन सके संमृद्धि संभव छ ।

व्यक्तिव्यक्तिका स्वभाव र आनीबानी फरक हुन्छन् । व्यक्तिले वंशाणुगत रूपमा ल्याएको गुणलाई उसले प्राप्त गर्ने वातावरण र व्यावहारले पक्कै पनि उसको जीवनशैलीमा फरक पार्दछ । सभ्य, सुसंस्कृत, सक्षम र वौद्धिक नागरिक तयार पार्न सुव्यवस्थित पुस्तकालयले भूमिका खेल्दछ । पठन संस्कृतीको विकास भएमा मात्र व्यक्ति सचेत नागरिक बन्न सक्दछ ।

हरेक गाउँ र विद्यालयमा पुस्तकालय भएमा ज्ञान वृद्धि हुन्छ । गाउँको पुस्तकालयले जीवनशैलीमा परिवर्तन ल्याउदछ भने विद्यालय पुस्तकालयले शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारीता संगै नानीहरूमा पठन संस्कृतीको विकास गर्दछ । शिक्षित, शुशील र सुसंस्कृत व्यक्ति राष्ट्रको सम्पत्ति हो । सभ्य र शिक्षित व्यक्तिले मात्रै नागरिक दायित्व पूरा गर्दछ । हरेक नागरिकको व्यक्तित्व विकाशको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रर्वद्धन गर्ने कुरा संविधानमा उल्लेख छ । यसको अक्षरसः पालनाका लागि पनि पुस्तकालयको विस्तार आजको आवश्यकता हो । पुस्तक ज्ञानको श्रोत हो । यसको संरक्षण, सम्बर्द्धन गर्न पुस्तकालय प्रतिको माया, मोह भएमा पुस्तकालयको विकासमा टेवा पुग्दछ । पुस्तक अध्ययन गर्ने बानीले व्यक्तिगत रूपमा पुस्तकालय बनाउन प्रेरणादायी भूमिका खेल्छ । त्यस्तो व्यक्तिगत सम्पत्ति पछि सर्वाजनिक सम्पत्ति हुन आउँदछ । यसको उदाहरण नेपालको केसर पुस्तकालयलाई मान्न सकिन्छ । केसर शमशेरको पुस्तकालयप्रतिको माया र मोहका कारण नै केसर पुस्तकालयको जन्म भएको थियो ।

**निरन्तर शिक्षाका लागि पुस्तकालय**

शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । आजको शिक्षा भोलिको परिवेशमा पुरानो बन्न सक्दछ । शिक्षा औपचारिक, अनौपचारिक र अनियमित गरी तीन प्रकारको हुन्छ । सबै प्रकारको शिक्षा सधैं औपचारिक शिक्षालयमा धाएर संभव छैन, हुँदैन । समयसापेक्ष र आवश्यकताअनुरूपको सूचना सेवा दिने, जुनसुकै उमेर समूहका व्यक्तिलाई सबै समयमा सेवा दिने निकाय पुस्तकालय हो । औपचारिक रूपमा हाँसिल गरेको शिक्षालाई व्यावहारमा उतार्न पनि पुस्तकालय मार्फत् दिइने शिक्षा उपयोगी हुन्छ । त्यसैले नियमित शिक्षाका लागि पुस्तकालय आजको आवश्यकता हो ।

नेपालको संविधान (२०७२) को धारा ३२ मा भाषा तथा संस्कृतीसम्बन्धी मौलिक हक सुनिश्चत गरिएको छ । सोही धाराको उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृती, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ भनिएको छ । धारा २७ र ३२ को अक्षरसः पालना गर्न, गराउन पनि संघियताका प्रत्येक तहमा

पुस्तकालयको संरचनात्मक विकास र सेवा विस्तार हुनुपर्दछ। यसका लागि सबै सरोकारवाला आआफ्नो स्थानबाट जागरुक हुनै पर्दछ। संघीयता कार्यान्वयनको संघारमा पुस्तकालयकर्मीहरूले सरकारद्वारा बनाइएको थिमेटिक ग्रुपलाई समयमै पुस्तकालयका सवालहरू विश्लेषण गरी भावी संरचना बनाउन आवश्यक सुझावहरू दिनुपर्दछ। यस विषयमा गम्भिर, दूरदर्शी र चनाखो नभएमा आगामी दिनमा पुस्तकालयको विकास विस्तारमा झन अप्ठ्यारो अवस्था सिर्जना हुनेछ।

यो समय पुस्तकालय विकास विस्तारको अवसर पनि हो। देशको मूल कानून संविधानको अनुसूची ५ मा संघको अधिकारको सूचिमा केन्द्रिय (राष्ट्रिय) पुस्तकालय रहने व्यवस्था छ। संविधानको मर्मअनुरूप अब संघीयतामा जाँदा नेपाल राष्ट्रिय पुस्तकालयलाई संघमा रहने पुस्तकालयको रूपमा विकास गराउन सक्नु पर्दछ। त्यसैगरी अनुसूची ६ मा प्रदेश पुस्तकालय हुनुपर्ने व्यवस्थानुरूप अब बन्ने सबै प्रदेशहरूमा प्रदेशस्तरिय पुस्तकालय निर्माण गरिनु पर्दछ। यसै गरी स्थानीय तहमा पनि स्थानीयस्तरकै पुस्तकालय वनाइनु पर्दछ। यसरी संघीय शासनमा पुस्तकालयको उचित व्यवस्थापन र विस्तार गर्न सकिएमा पुस्तकालयको सेवामार्फत् जनतामा निरन्तर शिक्षा प्रदान गर्न सकिन्छ। निरन्तर शिक्षाले हरेक व्यक्तिलाई पूर्ण शिक्षित र साक्षर बनाउन सहयोग गर्दछ। व्यक्ति जव शिक्षित हुन्छ तब ऊ सभ्य नागरिक बन्दछ। सुशिल, शिक्षित र सभ्य नागरिक भएमा मात्र सुसंस्कृत समाजको परकिल्पना गर्न सकिन्छ। त्यसैले संघियतामा पुस्तकालय, निरन्तर शिक्षा, पूर्ण साक्षारता, सभ्य नागरिक, सुसंस्कृत समाज हुँदै संमृद्ध नेपाल निर्माणमा पुस्तकालयकर्मीको भूमिका सार्थक बनोस्। नवौं पुस्तकालय दिवसको अवसरमा सबैलाई शुभकामना।

**सन्दर्भ सामग्री**

कानून किताब व्यवस्था समिति (२०७२). नेपालको संविधान, काठमाडौः लेखक।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय (२०७३). संघीयता कार्यन्वयन तथा प्रशासन पुनः संरचना सम्बन्धी कार्ययोजना, काठमाडौः लेखक।

शिक्षा मन्त्रालय (२०६४). पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ काठमाडौः लेखक।

शिक्षा मन्त्रालय (२०६९).पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ काठमाडौः लेखक।

# सन्दर्भ नवौं पुस्तकालय दिवसको: प्रसंग पुस्तकालय आवाज मासिक पत्रिकाको

रमेशकुमार भुसाल
सम्पादक, पुस्तकालय आवाज मासिक

**पुस्तकालय दिवस**

२०६५ सालको प्रारम्भमै नेपालमा पुस्तकालय दिवस मनाउने बारेमा बहस सुरू भयो र त्यसले छोटो अवधीमा नै साकार रूप दिन सफल भयो । अनि पहिलो पुस्तकालय दिवस २०६५ सालको भदौ १५ गते मनाउने निर्णय गरियो र धुमधामका साथ पहिलो पुस्तकालय दिवस राजधानीमा मनाइयो । पहिलोदेखी तेस्रो पुस्तकालय दिवस मनाउँदासम्म प्रत्यक्ष वा परोक्ष रूपमा यस सेवामा आवद्ध संघ संस्था एवं व्यक्ति समेतको सक्रिय र अपनत्व सहितको सहभागिता देखिएको थियो तर जव यस दिवसलाई शिक्षा मन्त्रालयले आयोजना गर्ने वातावरण बन्दै गयो तवदेखी यस विसमा नयाँनयाँ खालका प्रहसनहरू देखा पर्दै जान थालेको आभाष हुँदै जान थाल्यो । अहिले त यससँग सरोकार राख्ने धेरै संघ संस्थाहरूले पुस्तकालय दिवसका बारेमा बेलैमा जानकारी समेत पाउन छाडि सकेका छन् । सुरूका दिन अत्यन्त सक्रियताका साथ सहभागिता जनाउने रिड नेपाल, द एसिया फाउण्डेसन, रुम टु रिड, लायन्स मनराम फाउण्डेसन, शिक्षा पत्रकार समूह लगाएतका संस्थाको सम्बन्धित सरकारी निकायलाई अहिले आवश्यकता महसुस नभएको हो कि जस्तो आभाष हुन थालेको छ । जबकी मोफसलमा सबैभन्दा सक्रियता पूर्वक स्थानीय समुदाय तथा विधार्थी लगाएतको सहभागितामा यो दिवस भव्यताका साथ मनाउने यस्तैखाले गैरसरकारी संस्थाहरू नै रहेको देखिन्छ ।

जे होस् नेपालमा पुस्तकालय विकासको लामो इतिहास भएपनि एउटा सकारात्मक सुरूवात २०६५ सालबाट नै भएको भन्ने कुरालाई सबैले मान्नुपर्छ । सुरूका वर्षहरूमा पुस्तकालय दिवसको तयारी र जिम्मेवारी यससँग सरोकारवाला संघ, संस्था एंव व्यक्तिहरूको काँधमा रहेको थियो भने अहिले यो दिवस नेपाल सरकारको वार्षिक कार्य तालिकामा नै समावेश हुन पुगेको छ । नेपाल सरकारले वर्षेनी प्रकाशन गर्ने वार्षिक क्यालेण्डर (सरकारी पात्रो) मा समेत यस वर्षदेखि यो दिवस उल्लेख हुन थालेकोमा यसप्रति सबै पेशाकर्मी एंव पुस्तकालयप्रेमीहरूले गर्व गर्नै पर्दछ । ज-जसले यसकालागी दिलो ज्यानले पहल गर्नुभयो उहाँहरू सबै अवश्य धन्यवादका पात्र बन्नु भएको छ ।

यसरी हरेक वर्ष सप्ताहव्यापी रूपमा मनाउने यो दिवसको आयोजना विगत केही वर्षदेखि नेपाल सरकार शिक्षा मन्त्रालयले नै गर्दै आएको छ र हरेक वर्ष भाद्र १५ गते पुस्तकालय दिवस भव्य रूपमा मनाउन उसले आफ्नो मातहतका सरकारी निकायहरूलाई देशव्यापी रूपमा परिपत्र गर्ने गरेको छ । यसपटक त गोरखापत्र राष्ट्रिय दैनिकमै सार्वजनिक सूचना प्रकाशित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत् जिल्ला विकास समिति र सो भन्दा तलका स्थानीय निकायहरू, गृह मन्त्रालय मार्फत् जिल्ला प्रशासन कार्यालय, गरेर पुस्तकालय दिवसको महत्वलाई अझ बढि आत्मसाथ गरेको देखिएको छ । यति हुँदाहुँदै पनि सरकारका अन्य निकायसँग राम्रो समन्वयको अभावमा जिल्ला तहमा भने राम्ररी कार्यान्वयन हुने कुरामा संदेह रहेको छ । उल्लिखित मन्त्रालयबाहेक विज्ञान प्रविधि मन्त्रालय, महिला बालबालिका तथा

समाज कल्याण मन्त्रालय लगायतका सरोकारवाला निकायसँग राम्रो समन्वयको खाँचो रहेको देखिन्छ। साथै शिक्षा मन्त्रालयले हालसम्म पुस्तकालय दिवस मनाउन समयमै पर्याप्त बजेटको व्यवस्था गर्न भने कन्जुस्याँई गरेको देखिन्छ। जब कि यही महिनामै पर्ने अन्तर्राष्ट्रिय साक्षरता दिवसमा नेपालको शिक्षा दिवस समेत समावेस गरी त्यो दिवस भव्य रूपमा मनाउनका लागि मन्त्रालय र विभागले महिनौदेखि तयारी गरिरहेको देखिन्छ। आगामी वर्ष जिल्ला तहमा पुस्तकालय दिवस मनाउन जिल्ला शिक्षा कार्यालयको वार्षिक कार्यक्रम तथा बजेटमा यो दिवस समेत समावेस गर्ने गरी अर्को परिपत्र गर्नु आवश्यक देखिन्छ।

**पुस्तकालय आवाज मासिक**

२०६१ सालको कुरा हो, यो पंक्तिकारको दिमागमा पुस्तकालय सेवाको सम्बोधन गर्नेगरी एउटा पत्रिका प्रकाशन गर्ने सोँच आयो। तर आफू त्यसबेला यो पेशा र विषयका बारेमा जानकार मानिस नभएका कारण आफ्नो मात्र चाहाना र प्रयत्नबाट त्यो सम्भव थिएन। पत्रिकाको सम्पादक मात्र भएपनि सम्बन्धित क्षेत्रकै राख्ने निधो गरी त्यस्तो पात्र खोजी गर्दै जाने क्रममा त्यसबेला पुस्तकालय तथा सूचना विज्ञानमा स्नातकोत्तर गर्नु भएका विष्णुप्रसाद अर्यालसँग चिनजान भयो र पहिलो भेट र चिनजानमै पत्रिका प्रकाशन गर्ने निधो गरियो। नेपालमा पुस्तकालय तथा सूचना सेवासम्बन्धी पाठ्सामग्रीको अभाव भइरहेको अवस्थामा एउटा मासिक पत्रिकाको नियमित प्रकाशन आफैंमा एकातिर अत्यन्त चुनौतिपूर्ण कार्य थियो भने अर्कोतिर अवसर पनि। हामीले ति दुबै कुरालाई परीक्षणको रूपमा अभ्यास गर्ने निधो गर्‍यौं। त्यसैले हामीले सुरूमा अवसर भन्दा चुनौतिलाई केन्द्रमा राखेर पत्रिकालाई कानूनी मान्यता प्रदानै नगरी पत्रिका प्रकाशन गर्ने प्रयास गर्‍यौं।

दुई अंक प्रकाशन भएपछि पत्रिका बन्द भयो। पत्रिका बन्द हुनका दुईवटा कारण थिए, जसमा पहिलो कारण थियो पत्रिकाको नाममा नेपाल पुस्तकालय संघले २०३८ सालतिर आफ्नो मूख्य पत्रको रूपमा पुस्तकालय आवाज नामको बुलेटिन प्रकाशन गरेको रहेछ त्यसैले केही अग्रजहरूले यसको नामको विषयमा प्रश्न उठाउनुभयो। खासगरी नेपाल पुस्तकालय संघका तत्कालिन अध्यक्ष भोलाकुमार श्रेष्ठले नामको विषयलाई लिएर अलि जोड दिएर उठाउनुभयो। अनि हामीले पनि उहाँहरूको सुझावलाई मनन गरेर अंग्रेजीमा ठूलो र नेपालीमा पुस्तकालय आवाज सानो राखेर प्रकाशन गर्‍यौं। तर पत्रिका नेपालीमा प्रकाशित हुने नाम अंग्रेजीमा राख्नेगर्दा आफैलाई अप्ठ्यारो महसुस भयो। त्यसैले नाम के राख्ने भन्ने विषयमै हाम्रो बीचमा लामो अन्तरक्रिया भयो। अर्कोतिर पत्रिका वैधानिक रूपमा नै प्रकाशन गर्न आवश्यक कानुनी प्रक्रियाहरू पनि पुरा गर्नुपर्ने जरूरी थियो। त्यसबेलासम्म यो पत्रिका सरकारी निकायमा दर्ता नै गरिएको थिएन। पत्रिकाको वैधानिकता माथि नै प्रश्न उठ्ने देखिएपछि हामीले पत्रिका दर्ता गरेर मात्र प्रकाशन गर्ने निधो पनि गर्‍यौं। पत्रिका दर्ता गर्न नै करिव तीन वर्ष लाग्यो। पत्रिका दर्ता गर्नुभन्दा पहिले त्यस पत्रिकाको के नाम राख्ने भन्ने विषयमा नै लामो समय खर्चनु परेको थियो। त्यसैले त्यसबेलासम्म नेपाल सरकारको कुनैपनि निकायमा पुस्तकालय आवाज नामको कुनै पत्रिका दर्ता भएको पाइएन। अर्कोतर्फ नेपाल पुस्तकालय संघले पनि लामो समयदेखि आफ्नो प्रकाशनको रूपमा पुस्तकालय आवाज नामको कुनै प्रकाशन गरेको पनि रहेनछ। त्यसैले पत्रिकाले समेट्ने सामग्रीको मानका खातिर पनि त्यही नाम राख्न आवश्यक ठानियो र सोही नाममा अन्तत वि.सं. २०६४ साल माघमा मासिक रूपमा प्रकाशन गर्ने गरी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा पत्रिका दर्ता गरियो।

दर्ता गरेको वर्ष पहिलो यो पत्रिका ४ अंक मात्र प्रकाशन गर्न सफल भइयो ।

संयोग नै मान्नुपर्छ २०६५ साल भदौ १५ गते पहिलो पुस्तकालय दिवस मनाईरहँदा पुस्तकालय आवाज मासिक तेस्रो अंक प्रकाशनको तयारीमा थियो । तर पत्रिका प्रकाशनको दोस्रो वर्षदेखि हालसम्म पत्रिकाले निरन्तरता पाईरहेको छ र हरेक वर्ष कम्तिमा १० अंक प्रकाशित भइरहेको छ । सुरूमा विष्णुप्रसाद अर्याल र यो पंक्तिकारको प्रयासमा प्रकाशन आरम्भ गरिएको पुस्तकालय आवाज आजको दिनसम्म आइपुग्दा सयौं पुस्तकालयकर्मी, पुस्तकालयप्रेमी तथा पुस्तकालयसेवी लगायतको आफ्नो पत्रिका बन्न सफल भएको छ । जसरी पुस्तकालय दिवसलाई सबै पेसाकर्मी, पुस्तकालयसेवी तथा पुस्तकालयप्रेमीहरूले आफ्नो गहनाको रूपमा ग्रहण गर्दै आएका छौं, त्यसरी नै पुस्तकालय आवाज पत्रिकालाई पनि आफ्नो पेशाको गहनाको रूपमा ग्रहण गर्नु भएको छ ।

एकातिर नेपाल सरकार शिक्षा मन्त्रालयसहित अन्य सरकारी तथा गैरसरकारी संघसंस्था र पुस्तकालयसेवी तथा पुस्तकालयप्रेमीहरूले नवौं पुस्तकालय दिवस सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रमको आयोजना गरेर मनाइरहँदा संयोग नै मान्नु पर्दछ, पुस्तकालय आवाजले पनि भर्खरै मात्र आफ्नो नवौं वार्षिकोत्सव पहिलो पटक धुमधामका साथ मनाउन सफल भएको छ । हामीले गर्वकासाथ भन्न सक्छौं कि पहिलो पुस्तकालय दिवसदेखि आठौं पुस्तकालय दिवससम्मका सबै गतिविधीलाई विशेष महत्वका साथ प्रकाशन गर्दै आएको छ र आगामी दिनमा पनि यो कार्यले निरन्तरता पाइरहने छ ।

जे होस् नवौं पुस्तकालय दिवस मनाईरहँदा सरोकालवाला पक्ष र सरकार मिलेर सबैलाई खड्केको पुस्तकालयसम्बन्धी शिक्षा ऐनमा अहिलेसम्म उल्लेख हुन नसकेको विषय समावेस गराई पुनः शिक्षा ऐन संसोधनका लागि नेपाल सरकार शिक्षा मन्त्रालयसँग सहजीकरण गर्ने तथा भूकम्पपछि वेवारिसे जस्तै बन्न पुगेको नेपाल राष्ट्रिय पुस्तकालय पूर्ननिर्माणका लागि उचित स्थानमा जग्गाको व्यवस्था गर्न लागि पर्नुपर्ने भएको छ । साथै पुस्तकालय दिवसको प्रारम्भमा सबैभन्दा बढि सक्रियता देखाएको र नेतृत्वदायी भूमिका समेत निर्वाह गरेको पुस्तकालय कर्मीहरूको एकमात्र छाता संगठन नेपाल पुस्तकालय संघभित्रको विवाद हल गरी नयाँ उर्जाकासाथ एउटै संगठनका रूपमा पुर्नगठन वा समायोजन भई अगाडि बढोस् र आगामी दशौं पुस्तकालय दिवसमा यसको सक्रिय भूमिका देख्न पाईयोस् । नवौं पुसतकालय दिवस २०७३ का अवसरमा यही शुभकामना ।

# विद्यालयमा पुस्तकालय र यसको प्रभावकारी प्रयोग

नर्बदा पोखरेल
का. महासचिव
नासल ।

विद्यालयभित्र रहेको साधन स्रोत सम्पन्न पुस्तकालयले बालबालिकालाई सिर्जनशील, सुसूचित एवम् सभ्य र योग्य नागरिक बनाउन सहयोग गर्दछ । यसले व्यक्तिलाई गुणस्तरीय र जीवनोपयोगी शिक्षाका माध्यमबाट व्यावहारिक वनाउन महत्वपूर्ण भूमिका खेल्छ । शिक्षामा गुणस्तरीयता भन्नाले शिक्षकमा गुणस्तरीयता, शिक्षण सिकाइ क्रियाकलाप र वातावरणमा गुणस्तरीयता, पाठ्यक्रम पाठ्यपुस्तकमा गुणस्तरीयता, शैक्षिक प्रशासन र व्यवस्थापनमा गुणस्तरीयता गुणस्तरयुक्त पुस्तकालयको व्यवस्था आदि पर्दछन् । उल्लिखित विभिन्न गुणस्तर हाँसिल गर्न विद्यालय पुस्तकालयलाई साधन श्रोत सम्पन्न वनाई बढी भन्दा बढी शिक्षक तथा विद्यार्थीहरूको प्रयोगमा ल्याउनु पर्छ ।

कक्षा कोठाभित्रको शिक्षण सिकाइलाई व्यावहारमा उतार्ने र अर्थपूर्ण वनाउने उत्तम थलो हो पुस्तकालय। सोकेशमा सजाउन राखेको जस्तो पुस्तक संग्रह गर्ने ठाउँ मात्र नभई २१ सौं शताब्दीको आवश्यकता अनुसारका सबै सूचनाहरू सजिलै प्राप्त हुन सक्ने र खोज तथा अनुसन्धानात्मक सिकाइका लागि विविध शिक्षण सामग्रीहरू आधुनिक प्रविधि युक्त पुस्तकालय हुनुपर्छ । सामान्यतयाः पुस्तकालयमा श्रब्यदृष्य सामग्री जस्तोः क्यासेट, माइको फिल्म, फिल्म, सफ्टवेयर, मल्टिमिडिया, इन्टरनेट, इमेल सुविधाहरूदेखि लिएर शिशुकक्षाका साना विद्यार्थीहरूलाई रङ्ग-विरङ्गका चित्रात्मक स्रोत-सामग्रीहरू भएमा सिकाइलाई अर्थपूर्ण बनाउन सकिने हुनाले यसतर्फ सवैको ध्यान केन्द्रित हुनु आवश्यक छ ।

विद्यालय शिक्षाको वर्तमान् परिवेशलाई हेर्दा विद्यालय शिक्षाको गुणस्तरीयताको ठूलो हिस्सा अध्ययन-अध्यापनमा संलग्न शिक्षकलाई जान्छ । शिक्षाको गुणस्तरमा ह्रास हुने प्रतिशतका आधारमा बढी सजायको भागिदार शिक्षक हुन सक्छ तर यस सँगसँगै विद्यालदयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारी लगायत राज्यको नीति निर्माण तहमा रहने उच्चपदस्थ कर्मचारीहरू र राजनैतिक दलहरूपनि यसबाट अलग रहन सक्दैनन् ।

जव बिद्यार्थीको नतिजा प्रकाशन हुन्छ, तबमात्र किन प्रवेशिका परीक्षामा बढी अनुत्तीर्ण हुन्छन् भनी खोज्ने प्रयास गरिन्छ। किन प्रत्येक कक्षामा यस किसिमको खोजी गर्ने संरचना वन्दैन ? किन विद्यालयभित्रको वातावरण शिक्षण सिकाइको परिवर्तनका लागि उपयुक्त छ-छैन हेरिदैन ? अनि शिक्षकको मानसिकतालाई किन राज्यद्वारा ऊर्जा प्रदान गर्न सकिदैन ? किन पुस्तकालयलाई सिकाइ केन्द्रका रूपमा विकास गर्न सकिदैन? अनि किन माथिल्लो कक्षाका असल र अध्ययनशील विद्यार्थीहरूको सिकाइलाई तल्लो कक्षाका विद्यार्थीमा स्थानान्तरण गरी अध्ययन गर्न सक्ने वातावरण निर्माण गर्न सकिदैन? असल शिक्षकलाई किन नमूनाका रूपमा प्रस्तुत गर्न सकिदैन? यस लेखमार्फत् प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध राख्ने पुस्तकालयलदे सबै सरोकार समूहलाई केही मात्रामा भए पनि सहयोग गर्ने र अभिभावकहरूमा समेत यसले उपयुक्त पठन सामग्री प्रदान गर्ने वातावरणको सिर्जना अपेक्षा गरिएको छ ।

नेपाल थुप्रै विकासोन्मुख राष्ट्रमध्ये एक हो जहाँ शिक्षालाई अझै प्राथमिकतामा राख्न सकिएको छैन । फलस्वरूप देशको आर्थिक, भौतिक, शैक्षिक, सामाजिक, राजनैतिक विकास हुन नसकी गरीवीको चपेटामा परेको छ। विश्व नारा बनेको सबैका लागि गुणस्तरीय शिक्षा लाई अझै नेपालले आत्मसात् गर्न सकेको छैन । नेपालको अन्तरिम संबिधान २०६३ ले शिक्षा र स्वास्थ्यलाई नागरिकको मौलिक हक अन्तर्गतको र नेपालको संविधान (२०७२) ले समेत अंगिकार गरेतापनि कार्यान्वयन पक्ष कठिन देखिएको छ । देश निर्माणको अभिभारा बोक्ने भविष्यका कर्णाधार बालबालिकाहरूको जीवनको सफलता खोजमूलक, अनुसन्धानात्मक र व्यावाहारिक शिक्षाले मात्र प्रदान गर्न सक्छ । परिणामस्वरूप बालबालिकाले आत्मनिर्भर र जीवनोपयोगी सीप सिकी आफूलाई पूर्ण मानव बनाउन सक्छन् । आजको प्रमुख आवश्यकता भनेको पुस्तकालयलाई शिक्षण सिकाइ क्रियाकलापको केन्द्रका रूपमा विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु, विद्यार्थीहरूलाई खोजमूलक, अनुसन्धानात्मक, व्यावाहारिक शिक्षा प्रदान गर्नु, विद्यार्थीहरूलाई आवश्यक सूचना प्रदान गरी एक्काइसौं शताब्दीको विश्वसंग प्रतिस्पर्धी बनाउनु रहेकाले हामी सबैको ध्यान त्यसतर्फ केन्द्रित हुनु जरूरी छ ।

विद्यालयमा पुस्तकालयको प्रभावकारी प्रयोगका लागि कक्षा शिक्षण गर्ने शिक्षक र पुस्तकालयको जिम्मेवारी लिने शिक्षक विचको समन्वय र सहकार्य हुनु अत्यन्त जरूरी छ । पुस्तकालयका माध्यमबाट गुणस्तरीय शिक्षा प्राप्तिका लागि शिक्षक र लाईब्रेरियन बीच **तपशिलबमोजिम समन्वय हुनु जरूरी छः**

क. कक्षा शिक्षकद्धारा आ-आफ्नो कक्षामा पुस्तकालयको अधिकतम प्रयोग गर्न विद्यार्थीहरूलाई यसको महत्ववारे जानकारी गराउने एवम् विषय शिक्षकहरूले आफ्नो विषयसंग सम्बन्धित परियोजना कार्यहरू दिंदा पुस्तकालयको प्रयोग गर्नुपर्ने विषयलाई प्राथमिकता दिने ।

ख. विद्यालयमा पुस्तकालय क्लव गठन गर्ने र गठित पुस्तकालय क्लवलाई क्रियाशील वनाउने तथा क्लवका सदस्यहरूलाई सक्षम र दक्ष वनाउन छोटो अवधिको तालिम प्रदान गर्ने साथै पुस्तकालय प्रयोग सम्बन्धी एक वा दुई दिनको गोष्ठी आयोजना गर्ने ।

ग. पुरा समय पुस्तकालय खुला गर्नुपर्ने, पुस्तकालय जिम्मा लिने शिक्षकको कक्षा घण्टी घटाउने र पुस्तकालय सफा र शान्त राख्ने ।

घ. शिक्षण सिकाइ क्रियाकलापसंगसम्बन्धित शैक्षिक सामग्रीहरू निर्माण गरी पुनः प्रयोग गर्न सक्ने गरी पुस्तकालयमा व्यवस्थित गर्ने ।

ङ. पुस्तकालयको क्षमताले भ्याएसम्म विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने खालका पुस्तकालयसँग सम्बन्धित विविध क्रियाकलापहरू सञ्चालन गर्ने ।

च. पाठकका रूचि र चाहना अनुसारका वजारमा आएका नयाँ पुस्तकहरूका बारे जानकारी राखी आवश्यक नयाँ पुस्तकहरूको खरिदको व्याख्या मिलाउने साथै बौद्धिकता, ज्ञानवर्धक र सकारात्मक सोचको विकास गर्न विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने खालका पुस्तकहरू थप्दै जाने ।

छ. पुस्तकालयको क्षमताले भ्याएसम्म विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने खालका पुस्तकालयसँग सम्बन्धित विविध क्रियाकलापहरू सञ्चालन गर्ने ।

ज. पुस्तकालय प्रयोग सम्बन्धी नीति, नियम वनाई सवैले यसको पालना गर्ने ।

झ. पुस्तकालयको विकास र विस्तारलाई मध्यनजर गर्दै यसका लागि वार्षिक रूपमा पर्याप्त बजेट विनियोजन गर्ने पुस्तकालयलाई सूचना मूलक, खोजमूलक अनुसन्धान केन्द्रका रूपमा विकास र प्रवर्द्धन गर्ने ।

ट. पुस्तकालयको बढी भन्दा बढी प्रयोग गराउने शिक्षक तथा बढी प्रयोग गर्ने विद्यार्थीलाई हौसला प्रदान गर्न पुरस्कारको व्यवस्था गर्ने ।

उपर्युक्त क्रियाकलापहरू गर्न सकेमा पक्कै पनि कक्षाकोठाभित्रबाट नै गुणस्तर प्राप्त भई भोलिका देश निर्माता बालबालिकाहरू गुणस्तरीय हुन सक्छन् । यसबाट विद्यार्थी तथा शिक्षकहरूले आफ्नो अध्ययन अध्यापनका क्रममा बढी भन्दा बढी समय पुस्तकालय कार्यमा विताउनु, शिक्षकहरूका अनुपस्थितिमासमेत समयको सदुपयोग गर्न सक्नु, विषयगत, कक्षागत र तहगत शैक्षिक उपलब्धिमा वृद्धि, स्वाध्यायनमा वृद्धि, लगनशीलतामा वृद्धि हुनुका साथै परिश्रम गर्ने बानीको विकास तथा सकारात्मक सोचको विकास भइ नवौं पुस्तकालय दिवसको नारा “जीवन पर्यन्त शिक्षाका लागि पुस्तकालय” सफलीभूत हुने निस्चित छ । यसका लागि पुस्तकालयकर्मी, शिक्षक लगायत प्र.अ., वि.व्य.स. श्रोतव्यक्ति, वि.नि., जि.शि.अ. अनि नीति निर्माण तहमा रहने नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरू सबैको समन्वय र सहकार्य हुनु अत्यन्त जरूरी छ ।

अन्त्यमा खोज र अनुसन्धानमा आधारित व्यावहारिक र जीवनपयोगी सीप प्राप्त गर्न सकिने महत्वपूर्ण सिकाइ थलो विद्यालय भित्रको पुस्तकालय हो भन्ने कुरालाई मनन गरी विश्वका विकसित राष्ट्रहरूले यही शिक्षाको गुणस्तरीय विकासका माध्यमबाट आर्थिक, सामाजिक तथा भौतिक फड्को मार्न सकिने उदाहरणबाट पाठ सिकी हामीले पनि आफ्नो विद्यालयहाताभित्र रहेको पुस्तकालयको विकास, विस्तार र यसको प्रभावकारी प्रयोगबाट दक्ष, लगनशील, अनुशासित र परिश्रमी विद्यार्थी उत्पादन गर्नका लागि महत्वपूर्ण सहयोग प्राप्त हुने आशा गरिएको छ ।

# गुणस्तरीय शैक्षिक विकासमा समर्पित संस्था लायन्स मनराम प्रतिष्ठान

रामप्रसाद घिमिरे
सचिव, लायन्स मनराम प्रतिष्ठान, २००५ ।

**पृष्ठभूमि**

हामी सबैलाई थाहा छ, शिक्षा मुलुकको भविष्य निर्माणको कारक तत्व हो। आजका बालबालिकालाई हामीले गुणस्तरीय शिक्षा दिनसक्यौं भने भोलि गएर तिनले राष्ट्रनिर्माणमा लिने नेतृत्व पनि गुणस्तरीय नै हुन्छ । उचित शिक्षा र संस्कार दिन नसक्दा ती बालकहरू भविष्यमा राष्ट्रका लागि बोझ हुन पनि सक्छन् । यसतर्फ हामी समयमै सचेत हुन आवश्यक छ ।

शिक्षाको यही महत्वलाई दृष्टिगत गरी नेपालको वर्तमान संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा परिभाषित गरेको छ । बर्षेनी कुल बजेटको १६/१७ प्रतिशत रकम शिक्षामा विनियोजन गर्ने गरिएको छ । तर विनियोजत रकमको ठूलो रकम शिक्षकहरूको तलब भत्तामा नै जाने हुँदा गुणस्तरतर्फ खासै ध्यान दिन सकिएको छैन । गुणस्तर सुधारका लागि गरिएको लगानीबाट पनि लक्षित वर्गले अपेक्षित लाभ हाँसिल गर्न नसकेको अवस्था छ । यसरी एकातिर बिकास निर्माणका कतिपय आयोजनाहरू कटौती गरी राष्ट्रिय बजेटले शिक्षा क्षेत्रमा ठूलो लगानी गरेको छ भने अर्कातिर शैक्षिक गुणस्तरको अभिबृद्धिमा अपेक्षित प्रतिफल नआइरहेको सन्दर्भमा कतै हाम्रा लगानीहरू सही दिशातर्फ उन्मूख त छन् भन्ने प्रश्न पनि हामी माझ टड्कारो रूपमा देखिन आउँछ ।

यही पृष्ठभूमिमा पढ्ने बानीको बिकास गराउँदै शैक्षिक गुणस्तर सुधारतर्फ नेपाल सरकारबाट प्रतिपादित नीतिहरूलाई सहयोग गर्ने गरी लाईन्स मनराम प्रतिष्ठानबाट भएगरेका गतिबिधिहरू बारे संक्षेपमा यहाँ चर्चा गर्ने प्रयास गरीएको छ ।

**संस्था गठन र मनराम पुस्तकालय**

देशको शैक्षिक विकासका लागि सरकार मात्र होईन, हामी नागरिक पनि जिम्मेवार हुनुपर्छ भन्ने भावनाबाट प्रेरित भै संखुवासभा, खाँदबारी निवासी समाजसेवी स्वर्गीय रामबहादुर श्रेष्ठ र उहाँकी धर्मपत्नी श्रीमती मनमाया श्रेष्ठको संरक्षकत्वमा गैरसरकारी संस्था लायन्स मनराम प्रतिष्ठान २००५ नेपाल विक्रम संवत २०६८ सालमा जिल्ला प्रशासन कार्यालय, काठमाडौमा दर्ता गरी गठन गरीयो । संस्थापकहरूमध्ये रामबहादुर श्रेष्ठले खासै औपचारिक शिक्षा नलिनु भएको र मनमाया श्रेष्ठलाई विद्यालय जाने अवसरसमेत नमिलेको, तर संयुक्त राज्य अमेरिकालगायत विभिन्न विकसित मुलुकहरूको भ्रमण गर्दा उहाँहरूले शिक्षाको महत्व बुझ्नु भएकाले शिक्षामार्फत् समाजसेवामा समर्पित हुने उहाँहरूको उत्कट अभिलाषालाई पुरा गर्ने उद्देश्यले यो संस्थाको जन्म भएको हो ।

२०६८ साल भाद्र १५ गते स्थापित यस संस्थाले सुरूमा ५ वर्षभित्रमा ७५ वटै जिल्लाका कम्तीमा एक एकवटा सामुदायिक विद्यालयमा मनराम पुस्तकालय स्थापना गर्ने लक्ष्य राखेको थियो । हालसम्म यसले ७४ जिल्लाका एक/एक वटा र संखुवासभा जिल्लाका ५९ वटा गरी कुल १३३ सामुदायिक विद्यालयहरूमा सम्बन्धित विद्यालय परिवारसँग मिलेर मनराम पुस्तकालय स्थापना

गरिसकेको छ ।

**अक्षयकोष र पुस्तक हस्तान्तरण**

स्थापित प्रत्येक पुस्तकालयमा विद्यालय परिवारको दस हजार र प्रतिष्ठानको नब्बे हजार गरी एकलाख रूपैयाँ अक्षयकोषको रूपमा रहनेगरी स्थानीय बाणिज्य बैंकमा मुद्दती खाता खोली राखिएको छ । मुद्दती खाताबाट प्राप्त हुने व्याज विद्यालयले पत्रपत्रिका खरिदलगायतमा खर्च गर्नसक्ने, तर दुबैपक्षको सहमतिविना मूलधन चलाउन नपाइने व्यवस्था गरिएको छ । साथै पुस्तकालय तत्काल सञ्चालनमा ल्याउन विद्यालयबाट किताबको सूची प्राप्त गरी पैंतीसहजार रूपैयाँ मूल्य बराबरका किताबहरू प्रतिष्ठानबाट खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्ने गरिएको छ ।

**क्षमता अभिबृद्धि**

पुस्तकालयमा कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि पुस्तकालय स्थापना गर्दाका बखत सम्बन्धित विद्यालयको पुस्तकालय हेर्ने शिक्षक/कर्मचारीका लागि पुस्तकालय विज्ञानमा दक्षता हाँसिल गर्नु भएका विज्ञहरूबाट तीन दिवसीय आधारभूत विद्यालय पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गर्ने गरीएको छ । त्यस्तै पुस्तकालयको सञ्चालन र व्यवस्थापन राम्रो गर्ने विद्यालहरूलाई प्रोत्साहन स्वरूप बेलाबेलामा ल्याप टप, कम्प्युटर, प्रोजेक्टर आदि शैक्षिक सामाग्री उपलब्ध गराउने गरिएको छ । त्यस्तै मनराम पुस्तकालय भएका विद्यालयका विद्यार्थीहरूका वीच स्वस्थ प्रतिष्पर्धा गराउने उद्देश्यले बेलाबेलामा अन्तर मावि निबन्ध प्रतियोगिता, कविता प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, बाल गायन प्रतियोगिताजस्ता शैक्षिक गतिबिधि सञ्चालन गर्ने गरिएको छ ।

**चालू वर्षको कार्ययोजना**

स्थापित पुस्तकालयको क्षमता अभिबृद्धिसमेतका लागि यस आर्थिक वर्षमा विद्यालयसंगको सहकार्यमा निम्न कार्यक्रम गर्नेगरी वजेट व्यवस्था गरिएको छ ।

१. पुस्तकालयको क्षमता बढाउन सहयोग पुग्ने र लागतको ५० प्रतिशत विद्यालयले वेहार्नेगरी एकलाख रूपैयाँसम्मको परियोजना प्रस्ताव पठाउन सबै १३३ वटै विद्यालयहरूलाई पत्राचार गरिएको छ ।

२. संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीस्थित हिमालय उच्चमाध्यमिक विद्यालयमा विद्युतीय पुस्तकालय स्थापना गर्न वजेट व्यवस्था गरिएको छ ।

३. जिल्ला शिक्षा कार्यालय, संखुवासभासंग मिलेर जिल्लाका प्रत्येक गाविसमा एक/एकवटा र नगरपालिकामा तीन/तीनवटा गरी कुल ३४ वटा नमूना विद्यालय छनौट गर्ने र ती विद्यालयमा अध्ययनरत करिब दस हजार विद्यार्थीहरूको सामाजिक मनोबैज्ञानिक आवश्यकता पुरा गर्न विभिन्न सन्दर्भ सामाग्रीहरू, तालिमका सामाग्रीहरू, फस्ट एड किट, व्याग, नोटबुक, टुथ ब्रस, पेस्ट, साबुन आदिको व्यवस्था गर्ने कार्यक्रम रहेको छ ।

४. संखुवासभा जिल्लाको वागीश्वरी उच्च माविमा विज्ञान प्रयोगशालाका लागि एकलाख मूल्य बराबरका सामाग्रीहरू प्रदान गर्ने, धुपु उच्च माविमा पिउनेपानीका लागि तुम्लेट वितरण गर्ने र केही छात्रवृत्तिको कार्यक्रम राखिएकोमा विज्ञानका सामाग्री प्रदान गर्ने कार्यक्रम हालै सम्पन्न भएको छ ।

५. संखुवासभा जिल्लाका आधारभूत तह (कक्षा १-८) मा अध्ययनरत करिब २४,००० विद्यार्थीका लागि नि:शुल्क कापी कलम वितरणको कार्यक्रमलाई यस वर्षपनि निरन्तरता दिइनेछ । गत वर्ष यो कार्यक्रम

सीमित विद्यालयमा सञ्चालन गरिएको थियो ।

**बजेट व्यवस्थापन**

१. हालसम्म विद्यालय परिवार र प्रतिष्ठानको सहकार्यमा कार्यक्रम सञ्चालन हुने गरेको छ। कुनै विदेसी संघसंस्था वा दातृ निकायबाट कुनै प्रकारको नगद वा जिन्सी सहयोग लिइएको छैन ।

२. प्रतिष्ठानको नाउँमा स्थानीय बाणिज्य बैंकमा एकाउन्न लाख रूपैयाँको मुद्दती खाता रहेको छ । सोको व्याजबाट प्रतिष्ठानको प्रशासनिक खर्च व्यवस्थापन हुने गरेको छ ।

३. कार्यक्रमतर्फ प्रतिष्ठानको बार्षिक व्ययभार एक करोडभन्दा बढी नै हुने गर्दछ । प्रतिष्ठानका संरक्षक, अध्यक्ष तथा उहाँहरूका परिवारजनबाट व्यावसाय गरी आर्जन गरेको सम्पत्तीमध्येबाट प्रतिष्ठानलाई आवश्यक पर्ने रकम अनुदानको रूपमा प्राप्त भई कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् ।

४. चालू आर्थिक वर्षका लागि विनियोजित बजेटमा भने लाईन्स क्लब अन्तर्राष्ट्रिय र किवानिज क्लब अन्तर्राष्ट्रियको साझेदारीमा केही कार्यक्रमहरू गर्नेगरी ती संस्थाहरूमा प्रस्ताव पठाउन कार्यसमितिबाट निर्णय भएको छ ।

**अन्त्यमा,**

शिक्षा, स्वास्थ्यजस्ता राष्ट्रको भविष्यसंग प्रत्यक्ष जोडिएका सामाजिक विषयहरू सबै नेपालीहरूका लागि सुलभ हुने गुणस्तरीय वन्ने र हामी सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गर्न सक्ने वातावरण बन्न सकेमा समुन्नत नेपाल र समृद्ध नेपालीको हाम्रो सपना निश्चय नै पुरा हुने कुरामा आशावादी हुन सकिन्छ ।

# श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय घैनकोट, मुगुको पुस्तकालयको सङ्कलन विस्तारमा द एशिया फाउण्डेसनको योगदान

पूर्ण बहादुर मल्ल

नेपालको मध्यपश्चिम कर्णाली अञ्चल मुगु जिल्लाको विकट तथा दुरदराज घैनकोट गा.वि.स.वडा नं.७ मा अवस्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको स्थापना वि.सं.२०३२ सालमा भएको हो । विभिन्न समयमा आइपरेका बाधा व्यवधान सामना गर्दै वि.सं.२०६८ सालदेखि प्रस्तावित माध्यमिक विद्यालयका रूपमा सञ्चालन हुँदै आएको छ । निरन्तर सात वर्षको सेवा र अनुभवले शिक्षक, विद्यार्थी र भवनमात्र भएर पुग्दो रहेनछ भन्ने मलाई लाग्यो । विद्यालयमा हरेक अभावहरू खड्कीरहेको अवस्था देखें, भोगे । यहाँ सम्म कि फुर्सदको वेलामा शिक्षक विद्यार्थीहरूले चाहेको पुस्तक तथा सन्दर्भ सामाग्री पढ्ने अवसरसम्म पनि पाइएको छैन । यस्तो लेखिरहँदा कतिपयलाई हाँसो पनि लाग्ला । कतिपय आश्चर्य लाग्ला त कतिपय कठै भन्ने पनि लाग्ला । जसलाई जे लागे पनि यो वास्तविकता हो । त्यसैले विद्यालयलाई सहयोग गर्ने सहयोग प्रत्येक हातहरूसंग हातेमालो गर्दै विद्यालयको शैक्षिक उन्नती, विद्यार्थीहरूमा सचेतना र ज्ञानको क्षितिज बृद्धि गर्न लागि परेको छ ।

आधारभूत शिक्षा तहको पाठ्यक्रम २०६९ अनुसार कक्षा ६ देखि ८ सम्म कम्प्यूटर शिक्षाको अध्यापन गराईन्छ । विद्यार्थीले कम्प्यूटर शब्द त देखेका छन् पढेका छन्, तर बिडम्बना विद्यार्थीले कम्प्यूटर कस्तो हुन्छ कसरी प्रयोग गरिन्छ भनेर प्रत्यक्ष देख्न पाएका छैनन् । यस्तो देख्दा भित्रैदेखि मन भक्कानिएर आउँछ । यही कारणले होला सरकारले पनि पिछडाको बिल्ला लगाई दिएको पनि । त्यतिमात्र कहाँ हो र शैक्षिक सत्र सुरू भएको ६ महिनासम्म पनि विद्यार्थीको हातमा पाठ्यपुस्तक नभएर भौतारिनु पर्ने अवस्था झनै ठूलो विकराल समस्या हो । यस्तै छ व्यथा दुर्गम कर्णालीको ।

कसैले भन्यो मलाई पहल गरे विद्यालयका लागि केही सन्दर्भमै पुस्तकहरू उपलब्ध गराउने संघ संस्थाहरू धेरै छन् । ति संस्थाहरू मध्य द एशिया फाउण्डेसन नामक संस्था पनि एक रहेछ। स्वभाविक नै थियो, म विद्यालय, विद्यार्थी, शिक्षक र समाजको प्रगति देख्न चाहने भएकाले यस संस्थामा गएर अनुरोध गरे । मेरो अनुरोध आदरका साथ स्वीकार भयो र त्यहाँबाट हाम्रो विद्यालय पुस्तकालयलाई केहि जानकारीमूलक पुस्तकहरू प्राप्त भए । यसका लागि म र समस्ता विद्यालय सपरिवार द एशिया फाउण्डेसनप्रति हार्दिक आभार व्यक्ति गर्दछौ ।

फाउण्डेनका समीरा श्रेष्ठलगायतको टिमले यस विद्यालयको पुस्तकालयका लागि पुस्तक दिएर हामीलाई धेरै कुरा सिक्ने प्रदान गर्नुभयो । भविष्यमा पनि मुगुजस्तो ठाउँको दुर्गम जिल्लाको शिक्षाको स्तर उकास्नका लागि द एशिया फाउण्ेसनजस्ता धेरैओटा सहयोगी हातहरूको आवश्यकता पर्छ । म नवौं पुस्तकालय दिवसका सन्दर्भमा प्रकाशित यो छोटो आलेखमार्फत् निरन्तर सहयोगका लागि हार्दिक अपिल गर्दछु ।

# बालमैत्री शिक्षा आजको आवश्यकता

कल्पना अर्याल
एरुडाइट एकेडेमी
आँपचौर-४, गुल्मी

विशेष क्षमता भएका, शिक्षाको किरणबाट पछिपरेका, दुर्गमका, द्वन्द्वपीडित, बालश्रमिक, सडक बालबालिका लगायत सबैलाई शिक्षाको मूल धारमा समावेश गरी बिना कुनै भेदभाव बालमैत्री वातावरण निर्माण गरी पठन-पाठनको व्यवस्था मिलाउनु बालमैत्री शिक्षा हो । वालमैत्री शिक्षाले सबै लिङ्ग, वर्ग, जातजाति, संस्कृतिका बाबालिकाहरूलाई सँगै सबै मिलेर बसौं, मिलेर काम सिकौं भन्ने सामाजिक भावनाको विकास गराउँछ । बालमैत्री शिक्षा प्रदान गर्नका लागि सामाजिक विविधताको व्यवस्थापन गर्नु पर्छ । नेपाल एक बहुभासिक बहुसाँकृतिक बहुजातिय देश हो । नेपाललाई अनेकतामा एकता भएको देश भनेर पनि चिनिन्छ । बालबालिकाहरूको इच्छा, चाहना, आवश्यकता र समयको मागलाई ध्यानमा राखी पठन-पाठन गराउनु आजको आवश्यकता हो ।

बालअधिकारको प्रत्याभूतिसहित रमाईलो बात्सल्यपूर्ण वातावरणमा बालकेन्द्रित शिक्षण विधि अपनाउँदै गरीने पठन-पाठन नै बालमैत्री शिक्षा हो । हाम्रा कतिपय विद्यालयमा अझै पनि प्रजातान्त्रिक संस्कारयुक्त व्यावहार भएको पाँईदैन । शिक्षकको दण्डले समाजमा आजीवन अपाङ्ग, दृष्टिविहिन, स्मरण शक्ति गुमाएका, यौन शोषणमा परेका, दुर्व्यवहारमा परी निस्कासित भएका खबरहरू पनि बेलाबेलामा आउँछन् । यी सबै बालमैत्री शिक्षाको उपहास हुन् । जसले आदर्श शिक्षकहरूको शीर झुकाउन बाध्य बनाएको छ ।

बालमैत्री विद्यालय यस्तो विद्यालय हो जहाँ बालमनोविज्ञानलाई बुझी उनीहरूकै ईच्छा, चहाना, आकांक्षा र समयको माग अनुसारको शिक्षा दिईन्छ । जहाँ रमाइलो वातावरणमा पठनपाठन गराएर उनीहरूका हकहित र अधिकारको कुनै पनि कुरामा हस्तक्षेप गरिदैन, बालककै इच्छाअनुसार शिक्षामा पहुँच र गुणस्तरीयता बृद्धि गरिन्छ । वास्तवमा यस्तो विद्यालयलाई बालमैत्री शिक्षायुक्त विद्यालयका रूपमा लिन सकिन्छ ।

अतः बालमैत्री शिक्षा दिनको लागि शिक्षकले निम्न कुरामा ध्यान दिनु पर्छः

- बालबालिकाको प्रत्येक पाना पढेको हुनुपर्छ, त्यही अनुसारको शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्छ ।
- बालमैत्री विद्यालय तयार गर्नुपर्छ ।
- विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।
- मनोविज्ञान बुझेर पठन-पाठन गराउनु पर्छ ।
- बालबालिकाको निरन्तर मूल्याङ्कन गर्ने र आवस्यक परेमा पृष्ठपोषण दिने गर्नुपर्छ ।
- समयसमयमा अभिभावक सँग अन्तरक्रिया गर्नुपर्छ ।
- सहयोगी भावनाको विकास गरी अतिरिक्त क्रियाकलापमा सहभागी गराउनु पर्छ ।

यसरी शिक्षण सिकाइ क्रियाकलाप गर्दा बालमैत्री वातावरणमा शिक्षा दिन सकिन्छ । बालमैत्री शिक्षा

दिनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगहरू पनि भइरहेका छन्, त्यसको सही सदुपयोग गर्नु आवश्यक देखिन्छ । जसरी दि एसिया फाउण्डेशनले बालमनोविज्ञानलाई बुझ्रेर बालबालिकाको उमेरअनुसारका अंग्रेजी र नेपाली भाषाका पुस्तकहरू साथै खेलकुदका सामानहरू उपलब्ध गराएर गुल्मी जिल्लालाई एउटा नमूना जिल्लाको रूपमा स्थापित गरेको छ। फाउण्डेसनको यो सहयोग र योगदानप्रति गुल्मीवासीका तर्फबाट आभार प्रकट गर्दछु ।

**"पुस्तक जतिको बिनम्र साथी कोही भेटिदैन"**

### नेपालको प्रथम पुस्तकालय गीत

## पुस्तकालय ज्ञानको घर

सुदीप ढकाल
पुस्तकालय अधिकृत, त्रिभुवन विश्वविद्यालय

पुस्तकालय ज्ञानको घर पर्खाल विनाको संसार
ज्ञान विज्ञानको विकाशमा लागिरहन्छ निरन्तर

उद्देश्य यसको सूचनाहरू छरितो गरी दिनु हो
इच्छुकलाई श्रोतमा ल्याई ज्ञानमा खेल्न दिनु हो
पढ्ने लेख्ने सोच्न सक्ने सभ्य समाजको आधार
पुस्तकालय ज्ञानको घर ..........................

सौन्दर्य छर्दै फूलले मौरीहरूलाई वोलाए जस्तै
सूर्यले किरण छरेर धर्तिलाई ब्युँझाए जस्तै
ज्ञानको ज्योति फैलाउँछ संसारभरी निरन्तर
पुस्तकालय ज्ञानको घर ........................

रचनाः सुदीप ढकाल, संगीतः जीवन शर्मा, स्वरः जीवन शर्मा, निलिमा पुन, भाषा सम्पादनः प्रा.डा. कृष्णहरि वराल, डा. प्रमोद ढकाल, संगीत संयोजनः वि. वि. अनुरागी, अंग्रेजी रूपान्तरणः डा. प्रमोद ढकाल

# विद्यालय पुस्तकालयको अवधारणा तथा पर्वत जिल्लामा पुस्तकालयको अवस्था

ईन्द्रप्रसाद सापकोटा
लाईब्रेरियन
मोती सामुदायिक पुस्तकालय पर्वत

**पृष्ठभूमि**

परम्परागत रूपमा हेर्दा पुस्तकालयको व्युत्तपत्ति गर्दा संस्कृत भाषामा पुस्तक भनेको किताव र आलय भनेको घर भन्ने अर्थ लाग्छ । यसरी शब्दको अर्थ लगाउँन खोज्दा पुस्तकालय भनेको पुस्तकहरू राख्ने ठाँउ अर्थात् पुस्तकको गोदाम भन्ने बुझिन्छ । तर अहिले पुस्तकालय ज्ञान, विज्ञान तथा सूचनाको भण्डार हो । यो वास्तवमा यस्तो सङ्गम हो जहाँ ज्ञानका प्राचीन कुरादेखि समाज परिवर्तनका लागि आवश्यक सबैखालका पठन सामग्री पाउन सकिन्छ । जहाँ पुस्तकालयको राम्रो विकास भएको छ त्याहाँ सभ्य समाजको निर्माण भएको छ भन्ने पहिचान हुन्छ ।

मानव जातिको लागि सव भन्दा ठूलो र मुल्यवान् सम्पति भनेको पुस्तक नै हो । मानव जीवनलाई सफल र सार्थक पार्ने कुरा ज्ञान र त्यसको प्रयोग नै हो । जीवनमा लगातार पुस्तकको अध्ययन नगरी ब्याक्ति र समाज अघि बढ्न सक्तैनन् । त्यसैले जीवनलाई र समाजलाई सफल, सार्थक, समृद्धि र सुखी बनाउन चाहन्छ उसले विविध विषयको अध्ययन गरेर त्यसलाई व्यावहारमा प्रयोग गर्नै पर्दछ । त्यसका निम्ति हामीले बालक जीवनदेखि नै पुस्तकालयको नाता जोड्नै पर्दछ । यसलाई माया र सम्मान गर्नैपर्छ र अधिकतम् ज्ञान लिन सकेसम्म प्रयास गर्नै पर्दछ ।

जव हामी पुस्तकालय सँग नाता गाँस्छौ, तव त्याहाँका विभिन्न पुस्तकभित्र हाम्रा धेरै खालका आफन्तहरू भेटिदै जान्छन् । त्यहाँ हामी जीवनकको गहन अनुभवका अर्ति उपदेश दिने हजुरबालाई भेटाउन सक्छौ, थरिथरिका दन्त्य कथा सुनाएर छक्क पार्ने हजुरआमा भेटाउन सक्दछौ । त्यहाँ छोराछोरीको भविष्य उज्यालो पार्न, तिनलाई माया ममतामा डुवाउन र कर्तब्यको बाटोमा हिडाउन निरन्तर लागिरहने आमाबुवा पाउँन सक्छौ । त्यहाँ जीवनभरि स्नेह, सम्मान र सहयोग गर्ने जीवनसाथी भेटाउन सक्छौ । सुखदुःखमा साथ दिने असल मित्र देखि लिएर दार्शनिक, वैज्ञानिक लगायत विश्वमा फैलिएर बसेका सम्पूर्ण मानवलाई पुस्तक तथा सञ्चारको माध्यमबाट सहजै भेट्न सकिने एउटै मात्र स्थान हो पुस्तकालय ।

नेपालमा शिक्षाको विकासक्रमसँगै पुस्तकालयको विकासको सुरूवात गर्न खोजिए पनि अहिलेसम्म यसको विस्तार र विकासको कममा ठोस तथा बृहत कार्यकम आएको कमै मात्र देखिन्छ । देशको राष्ट्रिय पुस्तकालयको अवस्थाले नै यसको प्रष्ट पार्दछ । पुस्तकालयमा गरिएको लगानीले तत्काल प्रतिफल देखाउन सकिरहेका छैनन् । सुरूवात गरिएका कुनै प्रकारको पुस्तकालयलाई राज्यले निरन्तरता दिन नसक्दा समुदायले थेग्न सकिरहेको छैनन् । कुनै व्यक्ति, संघ सस्था तथा गैह्रसरकारी संघ, सस्थाले स्थापना तथा सञ्चालन गरेका पुस्तकालयहरूलाई

समुदाय तथा सरकारी निकायबाट निरन्तरता दिन नसक्दा भएका पुस्तकालयको स्तरोन्नती हुन सकिरहेका छैनन् ।

नेपालमा विद्यालय पुस्तकालयको अवधारणा विद्यालयमा रहेको एउटा सुरक्षित, ब्यबस्थित कोठामा पुस्तक तथा शैक्षिक सामाग्री जम्मा गरी छुट्टै पुस्तकालयध्यक्षको ब्यबस्था गरी विद्यालय खुलेको बेलामा कुनै एक वा दुई घण्टा भन्दा वढि दैनिक रूपमा विद्यालयका सवै बालबालिका तथा शिक्षकले पढ्ने ब्यबस्था गरी पुस्तकालयको नियमानुसार सञ्चालन रहेका पुस्तकालयलाई विद्यालय पुस्तकालय भनिन्छ । कतिपय ठाउँमा विद्यालय खुल्ने समयभन्दा अघिपछि समेत समुदायको आवश्यकता ईच्छा र चाहनाअनुसार समेत सञ्चालन गरेको पाईन्छ । यसरी सञ्चालन गरिएका पुस्तकालयमा बालवालिका रुचि तथा सन्दर्भ सामाग्रीका बालकथा, कविता, नाटक, चित्रकथा, खेलौनादेखि शिक्षक तथा समुदायका ब्यक्तिहरूले अध्ययन गर्ने पुस्तक तथा पत्रपत्रिकाहरू सङ्कलन गरी अध्ययनका लागि राखिएको हुन्छ ।

नेपालमा विद्यालय पुस्तकालयको स्थापना गर्न सहयोग गर्ने अमेरिकी नागरिक जोन उडले नेपाल घुम्ने क्रममा लमजुमको बाहुँनडाँडाको एक स्रोत केन्द्रमा कार्यरत शिक्षकको प्रेरणाबाट प्रभावित भई विद्यालयमा पुस्तकालय “पढ्नका लागि कोठा” को स्थापना गरिएको थियो । नेपालमा सन् २००४ बाट विद्यालय पुस्तकालयको अवधारणा ल्याई सिमित जिल्लाबाट सुरू गरिएको यो अभियान हाल संसारका १० ओटा भन्दा बढी मुलुकमा रूम टु रिडको नाममा फैलिएको छ ।

पर्वत जिल्ला खानीगाउँ गा.वि.स. वडा नं. २ मा अवस्थित मोती सामुदायिक पुस्तकालय वि.स. २०१६ सालमा स्थापना भएको विशुद्ध मुनाफारहित ब्यबस्थित पुस्तकालय हो । पुस्तकालयको विकासको लागि खटिरहने संस्थापक अध्यक्ष श्री भोलानाथ शर्माले पुस्तकालयको स्तरोनती तथा विकास कसरी गर्न सकिन्छ भनेर विभिन्न संघ, संस्था तथा ब्यक्तिसँग सम्पर्क गर्ने क्रममा रूम टु रिडका राष्ट्रिय निर्देशक श्री दिनेश श्रेष्ठसगं सम्पर्क भएपछि मोती पुस्तकालयको लागि केहि पुस्तक उपहारस्वरूप लिने कममा रूम टु रिडले विद्यालय पुस्तकालयको विकास गर्ने उद्देश्यले स्थापना भएको कुरा पटकपटक कुराहरू चलिरहको अवस्थामा विद्यालय पुस्तकालय कार्यकम अधिकृत राजिवधर जोशीसँग भेट भएछ । रुम टु रिडले साझेदार संस्था खोजीको कममा पर्वत जिल्लामा रूम टु रिडको सहयोग तथा मोती सामुदायिक पुस्तकालयको ब्यबस्थापनमा सन् २००४ मा सम्झौता गरी सुरूवात गरिएको हो । यसरी सुरूवात गरिएको कार्यकममा पर्वत जिल्लामा रुम टु रिड, रिड नेपाल, नेपाल लाईब्रेरी फाउण्डेसन क्यानडा, जिल्ला शिक्षा कार्यालय पर्वत, जिल्ला विकास समितिको कार्यालय पर्वत, पुस्तकालयप्रेमी ब्यक्ति, समाजसेवी, संघ संस्था, राजनैतिक पार्टी तथा सम्बन्धित विद्यालयको सहकार्यमा २०७२ पौष सम्ममा अर्थात् सन २०१५ सम्ममा पर्वत जिल्लामा मोती पुस्तकालयको सहकार्यमा १७० विद्यालयमा विद्यालय पुस्तकालयको अवधारणाअनुसार स्थापना तथा सञ्चालन गरिएको छ। यो मोती पुस्तकालयको महत्वपूर्ण कार्य हो ।

पुस्तकालय स्थापना भएको वर्ष तथा सहयोग भएका विद्यालय पुस्तकालयको विवरण निम्नअनुसार रहेको छ ।

१. रूम टु रिडको सहयोग तथा मोती पुस्तकालयको ब्यबस्थापनमा स्थापित विद्यालय पुस्तकालयहरू:

| क.स. | विद्यालयको नाम | ठेगाना | स्थापना ई.वि.सनमा |
|---|---|---|---|
| १. | श्री भवानी विद्यापिठ उ.मा.वि. | खानीगाउँ २, पर्वत | २००४ |
| २. | श्री जनता उ.मा.वि. | देविस्थान ५, पर्वत | २००४ |
| ३. | श्री शारदा उ.मा.वि. | कुर्घा ३, पर्वत | २००४ |
| ४. | श्री देविस्थान प्रा. वि. | देविस्थान ९, पर्वत | २००४ |
| ५. | श्री सरस्वती प्रा.वि. | कुर्घा ४, पर्वत | २००४ |
| ६. | श्री जनता नि.मा.वि. | खानीगाँउ ९, पर्वत | २००५ |
| ७. | श्री धुर्व नमूना मा.वि. | खानीगाँउ ८, पर्वत | २००५ |
| ८. | श्री चन्दनी प्रा.वि. | देविस्थान १, पर्वत | २००५ |
| ९. | श्री लिमिठाना मा.वि. | लिमिठाना ५, पर्वत | २००५ |
| १०. | श्री जनता प्रा.वि. | लिमिठाना २, पर्वत | २००५ |
| ११. | श्री जनज्योती उ.मा.वि. | ठानामौला ७, पर्वत | २००५ |
| १२. | श्री नेपाल तारा उ.मा.वि. | रानीपानी १, पर्वत | २००५ |
| १३. | श्री जनकल्याण नि.मा.वि. | बाच्छा ८, पर्वत | २००५ |
| १४. | श्री जनकल्याण उ.मा.वि. | बाच्छा ४, पर्वत | २००५ |
| १५. | श्री सिद्ध मा.वि. | पाङ्राङ् ३, पर्वत | २००५ |
| १६. | श्री चण्डि जनकल्याण प्रा.वि. | पङ्राङ् ९, पर्वत | २००५ |
| १७. | श्री महेन्द्रोदय प्रा.वि | कुर्घा ६, पर्वत | २००५ |
| १८ | श्री सरस्वती नि.मा.वि. | कुर्घा ८, पर्वत | २००५ |
| १९. | श्री चन्द्रोदय प्रा.वि. | बालाकोट ५, पर्वत | २००५ |
| २०. | श्री विश्वज्योती मा.वि. | पाखापानी ४, पर्वत | २००५ |
| २१. | श्री जनसहयोगी नि.मा.वि. | शंकरपोखरी ९, पर्वत | २००५ |
| २२. | श्री त्रिभुवन उ.मा.वि. | शंकरपोखरी १, पर्वत | २००५ |
| २३. | श्री बालज्योती प्रा.वि. मैदान | शंकरपोखरी ८, पर्वत | २००५ |
| २४. | श्री भुमे नि.मा. वि. | थापाथाना ९, पर्वत | २००५ |
| २५. | श्री जनजागृत नि.मा.वि. | थापाथाना ७, पर्वत | २००५ |
| २६. | श्री सरस्वती प्रा.वि. | आर्किनेटा ४, पर्वत | २००५ |
| २७. | श्री जनता सुर्दशन उ.मा.वि. | ठुलिपोखरी ४, पर्वत | २००५ |
| २८. | श्री तुलोदय मा.वि. | तिलाहार ३, पर्वत | २००५ |

| | | | |
|---|---|---|---|
| २९. | श्री शिवालय उ.मा.वि. | शिवालय ४, पर्वत | २००५ |
| ३०. | श्री युवावर्ष प्रा.वि. | शिवालय २, पर्वत | २००५ |
| ३१. | श्री हिमालय उ.मा.वि. | खुर्कोट २, पर्वत | २००५ |
| ३२. | श्री नुवार सुवेदीथर उ.मा.वि. | पाङ्ग ४, पर्वत | २००५ |
| ३३. | श्री खरिवोट मा.वि. | पाङ्ग ६, पर्वत | २००५ |
| ३४. | श्री पाङ्गधैरेनी उ.मा.वि. | पाङ्ग १, पर्वत | २००५ |
| ३५. | श्री माटेदेवल जनसहयोगी उ.मा.वि. | मुडिकुवा १, पर्वत | २००५ |
| ३६. | श्री गहते अम्वोट नि.मा.वि. | मुडिकुवा ५, पर्वत | २००६ |
| ३७. | श्री शारदा नि.मा.वि. | मुडिकुवा ८, पर्वत | २००६ |
| ३८. | श्री जनसहयोगी मा.वि. | शंकरपोखरी ३, पर्वत | २००६ |
| ३९. | श्री महादेव प्रा.वि. | शंकरपोखरी ४, पर्वत | २००६ |
| ४०. | श्री बाल मन्दिर प्रा.वि. | शिवालय ८, पर्वत | २००६ |
| ४१. | श्री दालपोखरी प्रा.वि. | दुर्लुङ्ग २, पर्वत | २००६ |
| ४२. | श्री सुर्यप्रकास मा.वि. | दुर्लुङ्ग ४, पर्वत | २००६ |
| ४३. | श्री कालिका मा.वि | खुर्कोट ६, पर्वत | २००६ |
| ४४. | श्री जनक मा.वि. | पिपलटारी १, पर्वत | २००६ |
| ४५. | श्री थापाठाना मा.वि. | थपाठाना ३, पर्वत | २००६ |
| ४६ | श्री पञ्चरत्न प्रा.वि. | आर्थर १, पर्वत | २००७ |
| ४७. | श्री सार्वजनिक मा.वि. | क्टुवा चौपारी,पर्वत | २००७ |
| ४८. | श्री विश्वज्योती उ.मा.वि. | पकुवा ४, पर्वत | २००७ |
| ४९. | श्री हलहले नि.मा.वि. | क्याङ्ग ९, पर्वत | २००७ |
| ५०. | श्री खरेहा प्रा.वि. | शिवालय १, पर्वत | २००७ |
| ५१. | श्री राम मा.वि. | शंकरपोखरी ७, पर्वत | २००७ |
| ५२. | श्री ज्ञानेन्द्र प्रा.वि. | तिलाहार ९, पर्वत | २००७ |
| ५३. | श्री शुभ कल्याण नि.मा.वि. | आर्थर ३, पर्वत | २००७ |
| ५४. | श्री जनसेवा संस्कृत उ.मा.वि. | ह्वास ३, पर्वत | २००७ |
| ५५. | श्री फर्से धाईरिङ्ग मा.वि. | धाईरिङ्ग ४, पर्वत | २००७ |
| ५६. | श्री स्वधर्म मा.वि. | पाखापानी २, पर्वत | २००७ |
| ५७. | श्री कर्नास प्रा.वि. | पाङ्गराङ्ग १, पर्वत | २००७ |
| ५८. | श्री जनकल्याण मा.वि. | नाङ्गलीवाङ्ग ३, पर्वत | २००७ |

| | | | |
|---|---|---|---|
| ५९. | श्री सरस्वती प्रा.वि. | थापाठाना खुम, पर्वत | २००७ |
| ६०. | श्री धर्मोदय मा.वि. | भोर्ले ५, पर्वत | २००७ |
| ६१. | श्री शहिदशुक्र प्रा. वि. | ठुलिपोखरी ५, पर्वत | २००७ |
| ६२. | श्री सरस्वती मा.वि. | बाजुङ्ग १ पर्वत | २००७ |
| ६३. | श्री शालिकग्राम उ.मा.वि. | शलिकग्राम ९, पर्वत | २००७ |
| ६४. | श्री सरस्वती नि.मा.वि. | राम्जा ३, पर्वत | २००७ |
| ६५. | श्री चन्द्र मा.वि. | उरामपोखरा ४, पर्वत | २००७ |
| ६६. | श्री चन्द्र मा.वि. | उरामपोखरा ६, पर्वत | २००७ |
| ६७. | श्री वहाकी उ.मा.वि. | वहाकी, पर्वत | २००७ |
| ६८. | श्री ग्रामोदय मा.वि. | भगरा ६, पर्वत | २००७ |
| ६९. | श्री कालिका प्रा.वि. | बालाकोट ३, पर्वत | २००७ |
| ७०. | श्री महेन्द्रज्योती उ.मा.वि. | लुङ्खु ९, पर्वत | २००७ |
| ७१. | श्री बालारानी मा.वि. | बालाकोट ५, पर्वत | २००७ |
| ७२. | श्री अन्नपुर्ण उ.मा.वि. | खर्किनेटा १, पर्वत | २००७ |
| ७३. | श्री सगरमाथा नि.मा.वि. | वहाकी ७, पर्वत | २००७ |
| ७४. | श्री नारायणस्थान प्रा.वि. | पाङ्राङ्ग ५, पर्वत | २००७ |
| ७५. | श्री लुङ्गदी प्रा.वि. | मल्लाज १, पर्वत | २००७ |
| ७६. | श्री वीरेन्द्र उ.मा.वि. | पकुवा ६, पर्वत | २००७ |
| ७७. | श्री सिद्धार्थ प्रा.वि. | बाजुङ्ग ६, पर्वत | २००७ |
| ७८. | श्री नारायण उ.मा.वि. | शिवालय, कुश्मा पर्वत | २००७ |
| ७९ | श्री आम्वारी नि.मा..वि. | बराचौर ९, पर्वत | २००७ |
| ८०. | श्री नवजाग्रित उ.मा.वि. | तिलाहार, पर्वत | २००७ |
| ८१. | श्री पशुपति नि.मा.वि. | पातीचौर देउपुर १, पर्वत | २००७ |
| ८२. | श्री बाजुङ्ग नि.मा.वि. | क्याङ्ग ६, पर्वत | २००७ |
| ८३. | श्री शिव मा.वि. | फर्से नाङ्गलीवाङ्ग ९,पर्वत | २००७ |
| ८४. | श्री गुरुङ्ग गाँउ प्रा.वि. | क्याङ्ग ९, पर्वत | २००७ |
| ८५. | श्री पञ्चकोशी प्रा.वि. | चित्रे १, पर्वत | २००७ |
| ८६. | श्री जनसेवा प्रा.वि. | शंकरपोखरी ६, पर्वत | २००७ |
| ८७. | श्री महेन्द्र प्रा.वि. | खैला ३, पर्वत | २००७ |
| ८८. | श्री बसन्त प्रा.वि. | ठुलीपोखरी ८, पर्वत | २००७ |

| | | | |
|---|---|---|---|
| ८९. | श्री स्यानीपोखरी प्रा.वि. | पकुवा १, पर्वत | २००७ |
| ९०. | श्री पञ्चकोशी उ.मा.वि. | आर्थर ६, पर्वत | २००७ |
| ९१. | श्री सगरमाथा नि.मा.वि. | लुङ्खु २, पर्वत | २००७ |
| ९२. | श्री फलामखानी नि.मा.वि. | फलामखानी ४ पर्वत | २००७ |
| ९३. | श्री चनौटे प्रा.वि. | लुङ्खु ५, पर्वत | २००७ |
| ९४ | श्री जनविकास मा.वि. | पाखापानी ३, पर्वत | २००७ |
| ९५. | श्री चन्द्रनगर प्रा.वि. | पाखापानी ४, पर्वत | २००७ |
| ९६. | श्री महेन्द्रशिखरी उ.मा.वि. | बाजुङ्ग ३, पर्वत | २००८ |
| ९७. | श्री बनौ मा.वि.बनौ | बनौ ६, पर्वत | २००८ |
| ९८. | श्री जनसिद्ध मा.वि. | चित्रे ४, पर्वत | २००८ |
| ९९. | श्री सरस्वती प्रा.वि. | आर्थर डाँडाँखर्क ९ पर्वत | २००८ |
| १००. | श्री काफलचौर उ.मा.वि. | दुर्लुङ्ग ८,पर्वत | २००८ |
| १०१. | श्री जननेत्र उ.मा.वि. | देउपुर ८,पर्वत | २००८ |
| १०२. | श्री भुकदेउराली मा.वि. | भुकताड्ले ६, पर्वत | २००८ |
| १०३. | श्री शालिजा मा.वि. | क्याङ्ग ३, पर्वत | २००८ |
| १०४. | श्री ज्योती मा.वि. | ओर्खेनी शालिजा २, पर्वत | २००८ |
| १०५. | श्री खौलालाकुरी मा.वि. | खैलालाकुरी ६, पर्वत | २००८ |
| १०६. | श्री महेन्द्रोदय मा.वि. | भोक्सीङ्ग ३, पर्वत | २००८ |
| १०७. | श्री पालुस्थान मा.वि. | बेउलीबास ५,पर्वत | २००८ |
| १०८. | श्री हिमालय मा.वि. | देउराली ४, पर्वत | २००८ |
| १०९. | श्री लक्ष्मी नि.मा.वि. | उराम २, पर्वत | २००८ |
| ११०. | श्री क्यामसने भञ्ज्याङ्ग नि.मा.वि. | हुवास १, पर्वत | २००८ |
| १११. | श्री लक्ष्मीदय नि.मा.वि. | होर्साङ्गदी ६, पर्वत | २००८ |
| ११२. | श्री समाजकल्याण प्रा.वि. | मल्लाज माँझफाँट ५,पर्वत | २००८ |
| ११३. | श्री नवदुर्गा प्रा.वि. | तिलाहार २, पर्वत | २००८ |
| ११४. | श्री जीवन ज्योती प्रा.वि. | राम्जादेउराली ७, पर्वत | २००८ |
| ११५. | श्री गणेश्वर प्रा.वि. | खुर्कोट ७, पर्वत | २००८ |
| ११६. | श्री बुद्ध प्रा.वि. | लुङ्खुदेउराली | २००८ |
| ११७. | श्री जनसेवा प्रा.वि. | बराचौर १, पर्वत | २००८ |
| ११८. | श्री पैयुँकालीका नि.मा.वि. | हुवास १, पर्वत | २००८ |

| | | | |
|---|---|---|---|
| ११९. | श्री गायत्री प्रा.वि. | क्टुवाचौपारी १, पर्वत | २००८ |
| १२०. | श्री सिद्धेश्वर प्रा.वि. | पिपलटारी ७, पर्वत | २००८ |
| १२१. | श्री बालज्योती प्रा.वि. | शालिग्राम ६, पर्वत | २००८ |
| १२२. | श्री ज्ञानज्योती प्रा.वि. | पाङ्गराङ्ग ७, पर्वत | २००८ |
| १२३. | श्री सिन्दुरे प्रा.वि. | बेउलीवास २, पर्वत | २००८ |
| १२४. | श्री जनप्रिय प्रा.वि. | कटुवाचौपारी ८, पर्वत | २००८ |
| १२५. | श्री रानीपानी प्रा.वि. | विहादी रानीपान ५, पर्वत | २००८ |
| १२६. | श्री आर्दश प्रा.वि. टापु | देउपुर ५, पर्वत | २००८ |
| १२७. | श्री शारदा प्रा.वि. | त्रिबेणी ३, पर्वत | २००८ |
| १२८. | श्री खेल्नेपोखरी प्रा.वि. | त्रिवेणी ५, पर्वत | २००८ |
| १२९. | श्री रम्वादेवी माता प्रा.वि. | वहाँकीठाटी ५, पर्वत | २००८ |
| १३०. | श्री टकलाक मा.वि. | टकलाक ७, पर्वत | २००८ |
| १३१. | श्री वालनयन प्रा.वि. | वेउलीवास ५, पर्वत | २००८ |
| १३२. | श्री बाल ज्योती प्रा.वि. | हुवास ७, पर्वत | २००८ |
| १३३. | श्री तारा प्रा.वि. | नाङ्लीवाङ्ग १, पर्वत | २००८ |
| १३४. | श्री लक्ष्मी भवन प्रा.वि. | वहाकी २, पर्वत | २००८ |
| १३५. | श्री विनु नि.मा.वि. | सरौखोला १, पर्वत | २००८ |
| १३६. | श्री मिलन प्रा.वि. | मिलनचोक धाईरिङ्ग, पर्वत | २०१० |

**२. जिल्ला विकास समिति तथा जिल्ला शिक्षा कार्यलय पर्वतको सहयोग तथा मोती पुस्तकालयको ब्यबस्थापनमा स्थापित विद्यालय पुस्तकालयहरू**

| | | | |
|---|---|---|---|
| १३७. | श्री शिव प्रा.वि | शंकरपोखरी २, पर्वत | २०११ |
| १३८. | श्री कालिका सामुदायिक प्रा.वि. | देविस्थान ७, पर्वत | २०११ |
| १३९. | श्री देउराली प्रा.वि. | टकलाक ८, पर्वत | २०११ |
| १४०. | श्री मातृभूमि प्रा.वि. | रानीपानी ३, पर्वत | २०११ |
| १४१. | श्री देवीस्थान प्रा.वि | लेखफाँट ६, पर्वत | २०११ |
| १४२. | श्री महेन्द्र प्रा.वि. | तिलाहार ८, पर्वत | २०११ |
| १४३. | श्री भिल्लिवराङ्ग नि.मा.वि. | भुकदेउराली ८, पर्वत | २०११ |
| १४४. | श्री गोर्ल्याङ्गधाम नि.मा.वि. | ह्लेसाङ्गदी ५, पर्वत | २०११ |
| १४५. | श्री जनता नि.मा.वि. | रानीपानी ४, पर्वत | २०११ |

| | | | |
|---|---|---|---|
| १४६. | श्री मालिका नि.मा.वि. | लेखफाँट ७, पर्वत | २०११ |
| १४७. | श्री शिला नि.मा.वि. | शलिकग्राम ५, पर्वत | २०११ |
| १४८. | श्री थम मा.वि. | भुकताङ्ले १, पर्वत | २०११ |
| १४९. | श्री मंगलोदय मा.वि. | चुवापर्वत | २०११ |
| १५०. | श्री शालिजा उ.मा.वि. | शलिजा, पर्वत | २०१२ |
| १५१. | श्री निर्मल जनसेवा उ.मा.वि. | त्रिवेणी १, पर्वत | २०१२ |
| १५२. | श्री भवानी नि.मा.वि. मोहोरिया | भुकदेउराली १, पर्वत | २०१२ |
| १५३. | श्री त्रिभुवन नि.मा.वि. | ठुलिपोखरी, पर्वत | २०१२ |
| १५४. | श्री भवानी प्रा.वि. काहुले | भँगरा ४, पर्वत | २०१२ |
| १५५. | श्री सरस्वती प्रा.वि. | ठानामौला ४, पर्वत | २०१२ |
| १५६. | श्री कालिका प्रा.वि. भतेरपाटा | उराम, पर्वत | २०१२ |
| १५७ | श्री मदनआश्रीत मा.वि. | फलामखानी, पर्वत | २०१४ |
| १५८. | श्री डिम्मुवा प्रा.वि. डिम्मुवा | तिलाहार, पर्वत | २०१४ |
| १५९. | श्री शिशुनिकेतन प्रा.वि. | देविस्थान ३, पर्वत | २०१४ |

**३. श्री रूद्र शर्मा पकुवा हाल कोरियाको विशेष सहयोग तथा मोती पुस्तकालयको ब्यबस्थापनमा स्थापित विद्यालय पुस्तकालयहरू**

| | | | |
|---|---|---|---|
| १६०. | श्री नवज्योती प्रा.वि | तिलाहार ५, पर्वत | २०११ मा |
| १६१. | श्री दुर्गा भवानी प्रा.वि. | चित्रे ६, पर्वत | २०११ मा |
| १६२. | श्री भगवती प्रा.वि. | प्कुवा ८, पर्वत | २०११ मा |
| १६३. | श्री पञ्चस्वरूप प्रा.वि. | तिलाहार ७, पर्वत | २०११ मा |
| १६४. | श्री सिद्ध प्रा.वि. | राम्जादेउराली ४, पर्वत | २०११ मा |

**माईसंसार डट कम (my sansar .com) र रुद्र शर्माको सहयोगमा**

| | | | |
|---|---|---|---|
| १६५. | श्री पशुपति उ.मा.वि. राम्जाठाँटी | राम्जा, पर्वत | २०११ |

**लुना नेपाली हाल बेल्जियमको सहयोगमा**

| | | | |
|---|---|---|---|
| १६६. | श्री जनता उ.मा.वि. | भोर्ले, पर्वत | २०१२ |

**रिचा धिताल हाल अष्ट्रेलियाको सहयोगमा**

| | | | |
|---|---|---|---|
| १६७. | श्री लिमिउल्लेरी नि.मा.वि.उल्लेरी | भगँरा, पर्वत | २०१३ |

**रामबाबु शर्मा हाल अमेरीकाको सहयोगमा**

| | | | |
|---|---|---|---|
| १६८. | श्री देवीस्थान प्रा.वि. | ठूलीपोखरी, पर्वत | २०१३ |

**बल्लभ तिमिल्सिनाको प्रयासको सहयोगमा ।**

| | | | |
|---|---|---|---|
| १६९. | श्री अर्मादी प्रा.वि. अर्मादी | शिवालय ९, पर्वत | २०१४ |

**आसा फाउण्डेसनको आर्थिक सहयोगमा**

| | | | |
|---|---|---|---|
| १७०. | श्री सूर्य मा.वि. | होर्साङ्गदी, पर्वत | २०१५ |

यसरी पर्वत जिल्लामा विद्यालय पुस्तकालय कार्यक्रम सन् २००४ देखि शुभारम्भ गरि रूम टु रिड, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यलय पर्वत सहित व्यक्ति विशेषको सहयोगमा १७० विद्यालयमा पुस्तकालयको व्यवस्थापन तथा सञ्चालनमा रहेका पुस्तकालय मिति २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प तथा जेष्ठ २९ को पराकम्पले विद्यालय पुस्तकालयलाई धेरै ठूलो असर पुऱ्यायो ।

यसरी असर पुगेका विद्यालयका पुस्तकालय पूर्ण रूपमा बोरा तथा कोठामा थुपारिएको छ । यसरी थुपारिएका विद्यालय पुस्तकालय पर्वत जिल्लामा मोती सामुदायिक पुस्तकालयले भूकम्प पछि गरेको अनुसन्धानमा पुस्तकालय कोठा पूर्ण रूपमा ध्वस्त भएका पुस्तकालय १४ ओटा रहेका छन् । पुस्तकालय भवन भत्केका २५ ओटा, विद्यालयमा कुनै भवन भत्केर पुस्तकालय सञ्चालनमा असर पुगी पुस्तकालय सञ्चालनमा ल्याउन नसकी बन्द भएका पुस्तकालय २१ सहित जम्मा ६० विद्यालय पुस्तकालय पूर्ण रूपमा बन्द रहेका छन् । यि पुस्तकालय सञ्चलनमा ल्याउन विद्यालयको भवन, पुस्तकालय कोठा, फर्निचर तथा थप पुस्तक सहित सम्पूर्ण कार्य सकिनु पर्दछ । अन्य सञ्चालनमा रहेका पुस्तकालयमा थप पुस्तक, फर्निचर, तालिम, तथा सरकारी तथा गैरसरकारी सरोकारवलाको बेलाबेलामा अनुगमन तथा सुझाव सल्लाहसहित पुस्तकालयको स्तरोन्नती गर्नुपर्ने देखिन्छ । यसको लागि सरकारी निकाय तथा सरोकारवालाहरूको विशेष भूमिका भएकोले यसमा ध्यान जानु जरूरी छ ।

# सामुदायिक विकासको लागि सामुदायिक पुस्तकालय

चिन काजी श्रेष्ठ
कार्यक्रम अधिकृत, रिड नेपाल

**समुदाय र समुदायका सदस्यहरूको चौतर्फी विकासका लागि सरकारले 'एक गाउँ, एक सामुदायिक पुस्तकालय' सम्बन्धी नीति जतिसक्दो छिटो कार्यान्वयनमा ल्याउनु पर्दछ ।**

तिमीलाई पुरस्कार के दिउँ भन्दा उनले सहजै भने "अरू केही चाँहिदैन, मेरो गाउँमा एउटा सानो पुस्तकालय भइदिए हुन्थ्यो ।" आफ्नो गाउँमा पुस्तकालयको आबश्यकता देखेका ती व्यक्ति कुनै शिक्षाविद् थिएनन् । उनी थिए सोलुखुम्बुको जुनबेशी गाउँका आङ्गदोमे शेर्पा, जो पर्यटकको पथप्रदर्शक भएर परिवारको पेट पाल्दै आएका थिए । प्रसंग आजभन्दा २५ बर्षअघि सन् १९९१ को हो । हरेक बर्ष नेपालमा भ्रमण आउने डा. एन्टोनिया न्यूवरले त्यस वर्ष सगरमाथा आधार शिविरबाट फर्कने क्रममा आफ्नो पथप्रदर्शक आङ्गदामे शेर्पालाई सोधेकी थिइन् "धेरै रहयोग गर्‍यौं, यात्रा सफल भयो, तिमीलाई केही उपहार दिन चाहन्छु, भन के मन पर्छ?" जबाफमा शेर्पाले भने "मेरो गाउँमा सानो पुस्तकालय दिनुहोस् ।" जुन जबाफबाट प्रभाबित भएर डा. एन्टोनिया सन् १९९१ मा सोलुखुम्बुको जुनवेशीमा पुस्तकालय स्थापनामा सहयोग गरेकी थिइन् । नेपाल र नेपालीलाई अति माया गर्ने उनले नेपालमा सामुदायिक पुस्तकालको स्थापना र विकासमा आफ्नो जीवन समर्पित गर्ने प्रण गरीन् । जसको फलस्वरूप हिजो जुनबेशीबाट सुरू भएको नेपालमा सामुदायिक पुस्तकालयको अभियान हाल ४२ भन्दा बढी जिल्लामा बिस्तार भएको छ । बिभिन्न जिल्लामा ६५ वटा सामुदायिक पुस्तकालय निर्माण गरीसकेको यो अभियान पछिल्लो समय नेपालमा मात्र सीमित नभई भारत र भुटानसम्म विस्तार भइसकेको छ ।

सामुदायिक पुस्तकालयको पर्यायबाची बनेको छ ग्रामीण शिक्षा तथा विकास (रीड नेपाल) । तिनै पुस्तकालय आज नेपाल र नेपालीको शैक्षिक, आर्थिक, सामाजिक विकासको आधार बनेको छ । रीड नेपालको सहयोगमा स्थापना भएका सामुदायिक पुस्तकालय लेखपढ गर्नसक्ने वौद्धिक जमातमा मात्र सीमित छैन, यस्ता पुस्तकालय अक्षर नचिनेको समुदायको लागि समेत अत्यन्त उपयोगी साबित भएका छन् । रीड नेपालको सहयोगमा सञ्चालित त्यस्ता सामुदायिक पुस्तकालयमा पुस्तकालय कक्ष, बालबालिका कक्ष, महिला कक्ष, श्रव्यदृश्य कक्ष, सूचना प्रविधि कक्ष, युवा कक्ष, संगीत कक्ष तथा खेलकुद कक्षका साथै सामुदायिक हल समेतको व्यबस्था छ । हरेक पुस्तकालयले दिगो आर्थिक आम्दानीका लागि सञ्चालित दीगो परियोजनामा रीड नेपालले आर्थिक सहयोगसमेत गर्दै आएको छ । यति मात्र कहाँ हो र रीड नेपालले समुदाय बिशेषको आवश्यकता पहिचान गरी ती समुदायका सदस्यहरूको आर्थिक स्तर उकास्न, समुदायको सामाजिक विकास गर्न, समुदायको शैक्षिकस्तर उकास्न र समुदायका सदस्यहरूमा सूचना प्रविधिको विकास गर्ने विभिन्न किसिमको गतिविधि तथा कार्यक्रमलाई आर्थिक तथा प्राविधिक सहयोग पनि गरेको छ ।

### साझा चौतारी

सामुदायिक पुस्तकालयहरू स्थानीयबासीमा समस्या

समाधानको साझा चौतारी समेत भएका छन् । मेरो भैसीलाई ज्वरो आयो के गर्ने ? भैसीले दूध कम दियो के गर्ने ? बारीको काँक्रो तितो भयो के गर्ने ? धानमा गभारो लाग्यो के गर्ने ? घरमा हिंसा भएको छ के गर्ने ? यी र यस्ता प्रश्न जम्मा गर्ने अनि तिनका सहि समाधान निकाल्ने साझा चौतरी समेत भएका छन् सामुदायिक पुस्तकालयहरू । पुस्तकालयमा सञ्चालित प्राविधिक ज्ञान सेवा कार्यक्रम अन्तर्गत समुदायका सदस्यहरूले पुस्तकालयमा यस्ता प्रश्नहरू बारम्बार गर्ने गरेका छन् । जुन कार्यक्रम अन्तर्गत समुदायका सदस्यहरूले कृषि, पशु, विपद् व्यवस्थापन र मौसम परिवर्तन जस्ता बिषयका जिज्ञासा सङ्कलन गरी पुस्तकालयले समाधानका उपायहरू बताइदिने गरेको छ । यति मात्र नभई पुस्तकालयले कृषि र पशुपालन व्याबसायमा संलग्न समुदायका सदस्यहरूलाई मौसम अनुसारको तालिम, विज्ञसँगको अन्तरक्रिया समेत गराउँदै आएको छ ।

लेखपढ गर्न नजान्नेलाई साक्षर कक्षा, कम्प्यूटर नजान्नेलाई कम्प्यूटर शिक्षा, अरूका अगाडि उभिएर बोल्न लाज मान्नेहरूलाई नेतृत्व विकास तालिम सञ्चालन गर्दै आएको छ । यतिमात्र होइन, पढ्न मन नलागेका बेला खेल्ने कुरा र संगीतको सामग्री उपलब्ध गराउने काम पनि पुस्तकालयले नै निःशुल्क रूपमा गर्दै आएको छ । बिना शुल्क यति धेरै जानकारी पाउन सकेकोमा समुदायका सदस्यहरू पनि कम्ति खुसी छैनन् ।

**इतिहास जोगाउँने चिन्ता**

गाउँघरतिर राति खाना खाएर सुत्ने बेला हजुरबा हजुरामाले आफ्ना नाती नातिनीलाई पौराणिक, धार्मिक तथा कतिपय दन्त्य कथाहरू भनेर बच्चालाई त्यसमा ध्यानमग्न बनाउँदै सुताउने गर्छन् । जुन कथा हजुर बाबा-आमाको निधनपछि लोप हुँदै गएका छन् । ज्ञानका खानी ती हजुरबा, हजुरामा समाजका सम्पत्ति हुन् । त्यसकारण ज्ञानका ती खानीको संरक्षण गर्ने पवित्र उद्देश्यले पछिल्लो समय सामुदायिक पुस्तकालयले हजुरबा हजुरआमाको कथा हाम्रो/मेरो चित्र भन्ने कार्यक्रम सञ्चालन गरेको छ । जसअन्तर्गत हजुरबा, हजुरआमाले भनेका कुरालाई सुनेका आधारमा स्थानीय बालबालिकाले कथा बनाउँछन् । त्यहि कथाअनुसार चित्र बनाउँछन् । जुन कथा र चित्र पुस्तकका रूपमा तयार पारेर पुस्तकालयहरूले इतिहासको संरक्षणमा अग्रणी भूमिका निर्बाह गर्दै आएका छन् ।

हिजोआज जुनसुकै समयमा पनि सामुदायिक पुस्तकालयमा युवाको भीड देख्न सकिन्छ । युवाहरूको लागि पुस्तकालयले पुस्तकालय आएर पुस्तक पढ्नका लागि प्रेरित त गरेकै छ, साथै युवा भनेको भोलिको समाजिक नेता हो, पुस्तकालयको भोलिको नेतृत्व गर्ने युवाले नै हो भनेर नेतृत्व विकास तालिममा सहभागी हुन युवालाई प्रोत्साहन दिदैं आएको छ । त्यति मात्र नभई युवाहरूलाई जीवनोपयोगी सीप, खेलकुद आदि कार्यक्रममा सहभागी गराउँदै आएका छन् । जसले गर्दा कुलतमा लाग्ने संभाबना ज्यादै कम भएको छ । अर्थात् जीवनोपयोगी सीप तथा खेलकूदका कार्यक्रममा सहभागी हुन पाउँदा त्यस किसिमका दुर्व्यसनबाट टाढै रहन मद्दत गरेको छ ।

**कामको मूल्याङ्कन**

सन् २००६ मा रीड नेपालले रू. ८ करोड अन्तर्राष्ट्रिय प्रतिष्ठित पुरस्कार पायो, यस्तै कामका लागि पुऱ्याएको योगदानको कदर गर्दै । जुन पुरस्कार विश्वकै धनी व्यक्ति विल एण्ड मेलिण्डा गेट्सका नाममा स्थापित फाउण्डेशनबाट दिइएको थियो । फाउन्डेशनले त्यस वर्ष बिश्वभरका उत्कृष्ट सामाजिक संस्थाको रूपमा छनौट गरेर रीड नेपाललाई पुरस्कृत गरेको हो । पुरस्कारको नाम थियो Access To Learning Award । जुन पुरस्कारबाट सामुदायिक पुस्तकालयको विकास र

विस्तारमा काम गर्न रीड नेपाललाई थप हौसला मिलेको छ । साथै, रीड नेपालका यस्ता नमूना कार्यलाई भारत र भुटानमा पनि बिस्तार गरीयो । हाल भुटान र भारतमा ४० भन्दा बढि सामुदायिक पुस्तकालय नेपालको मोडेलमा निर्माण भइ सेवा प्रदान गरिरहेका छन् ।

रीड नेपालको २५ वर्षको इतिहास र अनुभव त छदैछ, साथै सामुदायिक पुस्तकालयले समुदायमा पारेको प्रभावलाई मध्यनजर गर्ने हो भने सामुदायिक पुस्तकालय बिना सामुदायिक विकास सम्भव हुदैन भन्ने कुराको पुष्टि भएको छ । त्यसैले गणतन्त्र नेपालमा समुदाय र समुदायका सदस्यहरूको चौतर्फी विकासका लागि सरकारले 'एक गाउँ एक सामुदायिक पुस्तकालय' को नीति जतिसक्दो छिटो कार्यान्वयनमा ल्याउनु पर्दछ । सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालयको दीगोपनमा सरकारले न्यूनतम आर्थिक सहयोग गर्ने नीतिगत व्यबस्था मिलाउनु पर्दछ । त्यसको अलवा राज्यले पुस्तकालयलाई विजुली, पानी जस्ता आधारभूत कुरामा लाग्ने शुल्क मिनाहा गर्न व्यवस्था पनि मिलाउनु पर्दछ। जसले गर्दा भोलिका दिनमा सामुदायिक पुस्तकालयले स साना समस्या भ्फेल्नु नपरोस् ।

# विद्यालय शिक्षामा पुस्तकालय तथा सूचना प्रविधिको प्रयोग

हरिकृष्ण ढुंगेल
राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर ।

**परिचय**

नेपाल जस्तो विकासशील देशका लागि शिक्षा, स्वास्थ्य, व्यापार, कृषि, आदि अधारभूत कुरा हुन् । यस क्षेत्रमा व्यापक सुधार ल्याई जनताको जीवनस्तर उकास्नु आजको आवश्यकता हो । जनताको जीवनस्तर उकास्ने शशक्त माध्यम पुस्तकालय, सूचना तथा प्रविधिको प्रयोग पनि एक हो । प्रविधिको व्यापक बिस्तारबाट आर्थिक उन्नती, लोकतान्त्रिक मूल्य, मान्यताको विकास, सूचनाको हकको प्रत्याभूति, मानवीय जीवनस्तरमा सुधार हुन गई नागरिक चेतनाको अभिवृद्धि हुन्छ ।

आजको प्रतिस्पर्धी युगमा सबैलाई सफल, सक्षम, र प्रतिस्पर्धी नागरिकको रूपमा स्थापित हुन आवश्यक छ । जसका लागि ज्ञान सामाग्रीहरूका साथै सूचना तथा सञ्चारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । संविधानमा भएका मौलिकहकहरू मध्ये सूचनाको हकलाई सुनिश्चित गरी अधिकतम रूपमा उपयोग गर्नका लागि आम नागरिकहरू माफ सरल र सहज तरिकाले सूचनाको स्रोत तथा प्रविधिको पहुँच पुऱ्याउन अत्यन्त आवश्यक छ । सूचनाका स्रोतहरू तथा प्रविधिको पहुँच गाँउदेखि केन्द्रसम्म अनिर्वाय विस्तार र गतिशिल भएको हुनुपर्छ। सूचनाको सङ्कलन, भण्डारण, आदानप्रदान, उपयोग आदि कार्यमा सरलीकरण एवम् शीघ्रता ल्याउन पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिन्छ। शिक्षाकै माध्यमबाट यस्ता प्रविधिको विकास भएको हुन्छ भने अर्कोतिर तिनै विकसित प्रविधिको माध्यमबाट शिक्षा लगायत सबै क्षेत्रमा आमूल परिर्वतन गर्न पनि सकिन्छ । तसर्थ शिक्षा तथा सञ्चार प्रविधि बीच दोहोरो सम्बन्ध रहेको कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

मुलुकको शैक्षिक पद्धतिको महत्त्वपूर्ण आधारशिलाका रूपमा पुस्तकालय, सूचना तथा प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्नु श्रेयस्कर हुन्छ । शिक्षा, सूचना तथा प्रविधिको विकासले मानिसलाई सहज र सरल तरिकाबाट जीवनोपयोगी कुराको पहुँच बढाउँछ । खोज, अनुसन्धान र सिकाइ प्रक्रियामा सिर्जनशीलता ल्याउँदछ । सिर्जनशीलताले विकासका लागि निरन्तर रूपमा अनुसन्धानात्मक कार्यहरू गर्न प्रेरित गर्दछ । अनुसन्धान तथा सिकाइ प्रक्रियाका लागि सूचनाका स्रोतहरूको आवश्यकता पर्दछ। सूचनाका स्रोतहरू पुस्तकालय, ई-पुस्तकालय तथा सूचना केन्द्रहरूबाट प्राप्त हुन्छन् । सूचनाका स्रोतहरू प्राप्त गर्न सक्ने माध्यम नै प्रविधिको विकास हो । दूरसञ्चार तथा विद्युत सेवा, रेडियो तथा टेलिभिजन, स्याटेलाइट तथा इन्टरनेट लगायतका माध्यमबाट हुने कार्य नै सूचना प्रविधिको विकास हो । जस्तोः विद्युतीय व्यापार, ई-पुस्तकालय, दूर शिक्षा, स्कूल नेट, रिर्सच नेट, कर्मस नेट जस्ता नेटवर्किङ पद्धति आदि ।

इ-पुस्तकालय र सूचना प्रविधि नै नेपाल जस्तो भौगोलिक विविधता भएको मुलुकमा एक सशक्त पूर्वाधारका रूपमा स्थापित गर्नु जरूरी छ। आगामी वर्षहरूमा सूचना प्रविधिले धेरै फड्को मार्ने नै छ, जसले गर्दा सूचना प्रविधि पहुँच भएका राष्ट्रहरू शक्तिशाली बन्नेछन् भने सूचना तथा प्रविधिको पहुँच कम रहेका राष्ट्रहरू गरिब मुलुकको रूपमा रहने प्राय निश्चित छ । साक्षरहरूलाई ज्ञान, सीप एवम् सूचनाको उपयोग गर्नसक्ने तथा बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच हुने गरी औपचारिक शिक्षालाई सुदृढ गर्दै शिक्षा र सूचनालाई अधिकारका रूपमा स्थापित गर्नु अनिवार्य भएको छ ।

**विद्यालय शिक्षामा पुस्तकालय तथा सूचना प्रविधिको प्रयोग सम्बन्धी व्यवस्था**

पुस्तकालय तथा सूचना प्रविधिको प्रयोगले अध्ययन तथा अध्यापनलाई सहज, सरल, प्रभावकारी बनाई मुलुकको शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, जीवन उपयोगी, सीपमूलक, समसामयिक र प्रतिस्पर्धी बनाउँछ । सूचना र सञ्चार प्रविधिले शिक्षामा महत्त्वपूर्ण भूमिका रहेको कुरालाई बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ:

- पुस्तकालय तथा सूचना प्रविधिको माध्यमबाट शिक्षामा सबैको पहुँच सुनिश्चित गरी शैक्षिक अवसरको विस्तार गरी सबैका लागि शिक्षा पुरा गर्न टेवा पुऱ्याउँछ ।
- समयानुकूल विधि तथा प्रकृया अपनाइ सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न सकिन्छ ।
- कुनै विषयमा सरल र सहजरूपमा जीवनोपयोगी, दक्ष र कार्यमूलक बनाउँछ ।
- शिक्षकको पेशागत दक्षतामा अभिवृद्धि हाँसिल गरी शिक्षण सिकाइमा प्रभावकारिता सुनिश्चित गर्छ ।
- खोज अनुसन्धान, अध्ययन अध्यापन कार्यलाई सहज एवम् सरल बनाई गुणस्तरमा वृद्धि गर्दछ
- सिकाइको प्रक्रिया र सिकाइ उपलब्धिमा अपेक्षित सुधार ल्याउँछ ।
- राष्ट्रको अर्थतन्त्र विकासका सहयोग पुऱ्याउँछ ।
- सूचना व्यवस्थापनमा सुधार र आधुनिकीकरण गरी विवेकशील निर्णय गर्नका लागि आधार प्रदान गर्दछ ।
- सबै प्रकारका शिक्षाको अवसर प्रदान गरी सिकाइलाई छनोटको सुविधा दिन्छ ।
- आधुनिक बिश्व परिवेशमा समाजको चाहाना र रूचिको उचित सम्बोधन गर्छ ।

**तत्काल गरिएका र गर्न खोजिएका प्रयासहरू**

समग्र शिक्षा क्षेत्रको विकास गर्ने हिसावले राष्ट्रिय बृहत्तर हितलाई ध्यानमा राखी पुस्तकालयको गुरु योजना निमार्ण गर्ने काम अगाडि बढाइएको छ । त्यस्तै पुस्तकालय स्वचालिकरण तथा विद्युतीय पुस्तकालय व्यवस्थापन, पुस्तकालय तथा सूचना व्यवस्थापनसंग सम्बद्ध जनशक्तिको पेशागत दक्षता विकासका लागि उपयुक्त तालिम नीतिको व्यवस्था तथा विभिन्न पुस्तकालयका बीच सूचना आदान प्रदानमा सहजीकरण गर्नका लागि साझा मापदण्ड समेत निर्धारण गर्ने व्यवस्थाका लागि कार्यदल गठन गरिसकेको छ । त्यस्तै पाठ्यक्रम विकास केन्द्रको स्थापना दिवसको अवसरमा २०७३ भदौं ५ गते केन्द्रले पाठ्पुस्तक तथा शैक्षिक सामाग्रीहरू सहज रूपमा उपलब्ध गराउन मोबाइल एपको सुरूवात गरेको छ । जसले गर्दा शिक्षक, विद्यार्थी तथा पाठ्यक्रमसँग सम्बन्धित सरोकारवालाहरूले अब पाठ्यपुस्तकको अभावमा पनि सिकाइ सम्बन्ध कार्यलाई निरन्तरता दिन सक्ने अपेक्षा गरिएको छ ।

**शिक्षामा पुस्तकालय, तथा सूचना प्रविधि प्रयोग सम्बन्धी गरिएका केही व्यवस्था :**

**१. नेपालको संविधान**

- ‘राष्ट्रिय आवश्यकताअनुसार सूचना प्रविधिको विकास र बिस्तार गरी त्यसमा सर्वसाधरण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम् उपयोग गर्ने’ कुरा राज्यको नीतिमा उल्लेख छ ।
- ‘प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ’ भन्ने कुरा सूचनाको हकमा उल्लेख छ ।

**२. तेह्रौं योजना, (२०७०/०७१-२०७२/०७३)**

- ‘सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा एकीकृत

गर्दै डिजिटल डिभाइडलाई कम गर्दै लगिने छ' भन्ने कुरा उल्लेख गरिएको छ ।

- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइेछ ।

### ३. सूचना प्रविधि नीति, २०६७

- सबै विद्यालयहरूमा क्रमशः इन्टरनेटको व्यवस्था गर्ने ।
- सूचना प्रविधिसम्बन्धी शिक्षाको निरन्तरता, सान्दर्भिकता र गुणस्तरीयताका लागि स्वदेशमै दक्ष जनशक्ति विकास गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सहकार्यलाई प्रोत्साहन गर्ने ।
- आइसिटी सम्बन्धी उद्योग र शिक्षण संस्थाहरूबीच सहकार्यलाई प्रोत्साहन गर्ने ।
- आइसिटीसम्बन्धी दक्ष जनशक्ति विकासका लागि विद्यार्थी, शिक्षक र विद्यालयहरूमा लक्षित गरी बिशेष कार्यक्रहरू सञ्चालन गर्ने ।

### ४. विद्यालय क्षेत्र सुधार कार्यक्रम, २०६६-२०७२

- विद्यालयहरूमा आइसिटी पूर्वाधारको विकास गर्ने ।
- हरेक विद्यालयहरूमा आइसिटीलाई सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गर्ने ।
- आइसिटीको माध्यमबाट वैकल्पिक उपायद्वारा विद्यालय शिक्षाको अवसर बिस्तार गर्ने ।
- खुल्ला तथा दुर सिकाइको माध्यमबाट शिक्षक कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्ने ।

### ५. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३

शैक्षिक प्रवर्द्धनको प्रमुख साधनको रूपमा सूचना तथा सञ्चार प्रविधिलाई निम्न तीन किसिमबाट प्रयोगमा अवलम्बन गर्ने प्रावधान छ ।

- विभिन्न विषयहरू प्रभावकारी शिक्षण गर्ने साधनको रूपमा,
- शिक्षाका तथ्याङ्कहरू सञ्चार गर्ने साधनका रूपमा, र
- छुट्टै बिषयको रूपमा ।

### ६. पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४

- परम्परागत तथा मौलिक ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन गर्न स्थानीय तहमा रहेका साँस्कृतिक सम्पदा तथा ज्ञानका सामग्रीहरूको सङ्कलन गरी राष्ट्रियस्तरमा संरक्षण गर्न नेपाल राष्ट्रिय पुस्तकालय तथा विधागत केन्द्रीय पुस्तकालयको सुदृढीकरण गर्ने ।
- सूचनाको हकको अधिकार सुनिश्चित गरी सूचना साक्षारताको प्रवर्द्धन र विकास गर्ने तथा उपलब्ध सूचना प्रविधिको उपयोग गरी ज्ञानमा आधारीत समाजको निर्माण गर्ने र पुस्तक लेखन र पठन संस्कृतिको विकास गर्ने ।
- शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न, सिर्जनशीलता र प्रविधि विकाशमा सहयोग पुऱ्याउन बिद्यालयतहदेखि उच्च तहसम्म शैक्षिक पुस्तकालय र अनुसन्धान केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानहरूमा अनुसन्धान पुस्तकालयहरू स्थापना र सञ्चालन गर्ने ।
- प्रत्येक नागरिकको सूचनाको आवश्यकता परिपूर्ति गर्न उपयुक्त सूचना तथा शैक्षिक सामाग्रीहरूको व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न प्रचलीत नेपाल कानूनअनुसार स्थापना गरिएका र गरिने गाँउदेखि केन्द्रसम्मका सार्वजनिक/सामुदायिक पुस्तकालय तथा सूचना केन्द्रहरूका लागि उपयुक्त पूर्वाधार निर्माण गर्ने ।
- पुस्तकालय तथा सूचना केन्द्रहरूलाई विकसित सूचना प्रविधिबाट सुसज्जित गराई क्षमता वृद्धि गराउने तर्फ विशेष पहल गर्ने ।

### ७. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग सम्बन्धी गुरु योजना (सन् २०१३-२०१७)

- शिक्षा क्षेत्रमा आइसिटीको प्रयोग विस्तार गरी सबैका लागि पँहुच गुणस्तरीय शिक्षाको

सुनिश्चितता गर्ने ।

- शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने ।
- शिक्षाको गुणस्तर वृद्धि गर्ने ।
- डिजिटल डिभाइड कम गर्ने ।
- शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने ।

**८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग सम्बन्धी निर्देशिका, २०६९**

- अध्ययन तथा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शैक्षिक गुणस्तर वृद्धि गर्ने ।
- विश्वव्यापी शैक्षिक स्रोत सामाग्रीहरूलाई इन्टरनेटको माध्ययम मार्फत् विद्यार्थीहरूको पहूँचमा पुऱ्याउने ।
- आइसिटी प्रयोग व्यवस्थापन समितिले समन्वय, साझेदारी, सहकार्य, पूर्वाधार विकास, जनशक्ति विकास, सिकाइ सामाग्री व्यवास्थापन, ई-पुस्तकालय व्यवास्थापनका कार्यहरूमा सहजीकरण गर्ने ।

**९. आ. व. २०७१/०७२ र २०७२/०७३ को वार्षिक बजेट तथा कार्यक्रम**

- एक माध्यमिक विद्यालयमा एक पुस्तकालय स्थापना गर्ने ।
- को माध्यमबाट १०० विद्यालयमा विज्ञान, अंग्रेजी र गणित बिषयको कक्षा सञ्चालन र व्यवास्थापन गर्ने
- इन्टरनेट सुविधा विस्तारका लागि विद्यालयलाई कम्प्युटर व्यवस्था गर्ने ।
- आइसिटी प्रयोगलाई बढावा दिई शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न शिक्षकलाई आइसिटीसम्बन्धी तालिमको व्यवस्था गर्ने ।

**१०. पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९**

- समाजको सर्वाङ्गिण विकासको लागि परम्परागत तथा मौलिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन एवम् विकास गर्ने ।
- राष्ट्रिय, शैक्षिक, विशेष, सार्वजनिक तथा निजी गुठी एवम् प्रतिष्ठानहरूबाट सञ्चालित पुस्तकालयहरूले पुस्तकालय कर्मलाई अगाडि बढाउँदै पुस्तकालय स्थापना एवम् सञ्चालनमा सहजता ल्याउने ।

**शिक्षामा पुस्तकालय, तथा सूचना प्रविधि प्रयोगसम्बन्धी चुनौतिहरू**

- शिक्षा ऐन नियमावलीमा पुस्तकालय तथा सूचना प्रविधि प्रयोग सम्बन्धमा केही उल्लेख गरिएको छैन । कानूनी प्रावधानको कमिले कार्यान्यवयनमा समस्या देखिन्छ । भएका प्रावधानको पनि कार्यान्वयन पक्ष प्रभावकारी छैन ।
- भएका जनशक्तिहरू केन्द्रमा मात्र सिमित छन् । आवश्यक प्राविधिक जनशक्तिको अभाव छ । प्राविधिक जनशक्ति पुस्तकालय तथा सूचना प्रविधि (आइसिटी) सम्बन्धी तालिमको अभाव छ ।
- आवश्यक स्रोत साधनको कमी छ । लोडसेडिङ भइरहने समस्या छ भने अधिकांश ग्रामिण विद्यालयहरूमा विद्युत उपलब्ध छैन । कम्युटर तथा इन्टरनेटको सुविधा छैन ।
- पुस्तकालय तथा सूचना प्रविधि सम्बन्धी पाठ्क्रम, सिकाइ सामग्री, तालिम तथा अध्यापनको कमी छ । भएका अध्यापन पनि सैद्धान्तिक ज्ञानमा मात्र सिमित छ ।
- पुरानो मनोवृति तथा परम्परागत प्रणालीबाट चल्न खोज्ने अनि आधुनिक सूचना प्रविधिको गर्न नरुचाउने प्रवृत्ती हावी छ । जसले गर्दा नयाँ पुस्तामा परिर्वतन हुन समस्या छ ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको साझेदारीको लागि स्पष्ट खाका निमार्ण हुन सकेको छैन ।

**समाधानका उपायहरू**

- शिक्षा ऐन, नियमावलीमा पुस्तकालय तथा सूचना प्रविधि प्रयोग सम्बन्धी व्यवस्थालाई व्यवहारमा लागू गर्न सक्ने किसिमको निर्माण

गर्ने। निर्माण भई सकेका कानूनी व्यवस्थालाई प्रभावकारी तरिकाले कार्यान्यवयनमा ल्याउने।

- प्राविधिक जनशक्तिहरू उत्पादनका लागि प्रोत्साहन गर्ने तथा विद्यालयका शिक्षकहरूलाई तालिम दिँदा पुस्तकालय व्यवस्थापन तथा सूचनाको स्रोत खोज्ने किसिमको तालिमको व्यवस्था गर्ने ।
- विद्युत पुग्न नसकेका विद्यालयहरूमा सौर्य उर्जाको व्यवस्था गरी प्रत्येक सामुदायिक विद्यालयहरूमा निशुल्क इन्टरनेट सेवा पुऱ्याउने अथवा प्रत्येक सामुदायिक विद्यालयहरू सूचना प्रविधि मैत्री बनाउने ।
- सबै सरोकार निकायहरूले विद्यालयका शिक्षण सामग्रीहरूलाई मोबाइलमा हेर्न मिल्ने गरी मोवाइल एप्लिकेसनको निर्माण गर्ने ।
- सूचना उत्पादन तथा निर्माण गर्ने सबै सरकारी निकायहरूले सूचनाको हक प्रत्याभूत गराउन विद्युतीय पुस्तकालयको व्यवस्था गरी सूचना प्रवाह गर्ने ।
- सूचना प्रविधिको विकासमा नीजि क्षेत्रको भूमिका प्रमुखरूपमा रहने हुँदा नीजि क्षेत्रको लगानीलाई आकर्षित हुने वातावरण सिर्जना गर्ने ।

**निष्कर्ष**

शिक्षामा पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग आजको अपरिहार्यता भएको छ । देश विकासका लागि समयसापेक्ष प्रविधिको प्रयोग, प्रविधि मैत्री शिक्षा नभई नहुने भइसकेको छ। भावी योजना बनाएर प्रविधिसंग निकटतम् रही अधिकंतम् सूचनाका स्रोत पहिल्याउनु सबैका लागि हितकर हुन्छ। विद्युतीय माध्यमबाट हुने प्रसारण, विश्वमा भएको सूचना तथा सञ्चार प्रविधिको द्रुतगतिको विकास, आर्थिक उदारीकरण, विश्वव्यापीकरण आदिलाई समयानुकूल व्यावहारमा ढाली प्रयोग गरेको खण्डमा भावी पुस्ताले हामीलाई संझने थिए की ? २१ औं शताब्दीमा आएर पनि शिक्षा र चेतनाको जीवित शक्तिका रूपमा इ-पुस्तकालय र सूचना प्रविधिलाई नलिने हो भने कुनै पनि विकास कार्यले गति लिन सक्दैन । साथै देशमा आर्थिक विकास र औद्योगिक क्रान्ति गर्नु छ भने सूचना प्रविधिको माध्यमबाट मात्र सम्भव हुने कुरामा दुई मत छैन । ज्ञानमा आधारित विषयबस्तुहरूको अबसरलाई विद्युतिय माध्यमबाट उपयोग गरी शिक्षा क्षेत्रमा व्यापक विकास र विस्तार गर्न आजको टड्कारो आवश्यकता हो ।

**सन्दर्भ सामग्री**


अर्थमन्त्रालय (२०७३). आ. व. २०७१/०७२ र २०७२/०७३ को वार्षिक बजेट तथा कार्यक्रम, काठमाडौः लेखक ।

कानून किताव व्यवस्था समिति (२०७३). नेपालको संविधानः काठमाडौः लेखक ।

राष्ट्रिय योजना आयोग (२०७३). तेह्रौं योजना २०७०/०७१-२०७२/०७३, काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (२०६७). विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६-२०७२, काठमाडौः लेखक ।

पाठ्क्रम विकास केन्द्र (२०६३). राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, भक्तपुरः लेखक ।

शिक्षा मन्त्रालय (२०६४). पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (सन् २०१३) शिक्षामा सूचना तथा प्रविधि प्रयोग सम्बन्धी गुरु योजना (सन् २०१३-२०१७), काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (२०६९). विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग सम्बन्धी निर्देशिका २०६९, काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (२०६९).पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९, काठमाडौः लेखक ।

सूचना तथा सञ्चार मन्त्रालय (२०६७). सूचना प्रविधि नीति, २०६७, काठमाडौः लेखक ।

# पुस्तकालय तथा सूचना व्यवस्थापनमा प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) को भूमिका

चन्द्रकिरण श्रेष्ठ
बरिष्ठ कार्यक्रम अधिकृत
प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) ।

सूचना सङ्कलन, प्रशोधन तथा प्रवाह व्यवस्थित नभएको समाज अन्धकारमा छटपटाइरहेको हुन्छ । वि. सं.२०४६ को जनआन्दोलनअघिको हाम्रो मुलुकले यस्तै अवस्था झल्काउँछ । त्यसवेला समाज र मानवको अवस्था झल्काउने सूचनाहरू सर्वसाधारणका लागि अप्राप्य थिए । त्यसमा पनि स्वास्थ्यसम्बन्धी सूचना पाउन झनै पहुँच भन्दा परको कुरा थियो । स्वास्थ्य मन्त्रालयमा भएका केही पहलहरू र चिकित्सा शास्त्र अध्ययन संस्थानका प्राध्यापकहरूबाट भएका अध्ययन तथा अनुसन्धानबाट प्राप्त सूचनाहरू पनि स्रोतको कमी तथा विभिन्न कारणहरूले प्रशोधन तथा प्रवाह हुन सक्दैनथे । सङ्कलित सूचनाको वर्गीकरण तथा प्रशोधन गरिएका नै भएपनि संग्रह गरिने इकाइ तथा प्रविधिका अभावका कारणले चाहेका बखत उपलब्ध हुन नसक्ने अवस्थामा थिए । यसैबेला स्वास्थ्य क्षेत्रमा कार्यरत र सम्बन्धित कार्यकर्ताहरूको एउटा समूहले नगरकोटमा “नेपालमा प्राथमिक स्वास्थ्य सेवा (PHC) र गैरसरकारी संस्थाको भूमिका” विषयक दुई दिने कार्यशालाको आयोजना गरेको थियो । सो भेलामा सूचना खासगरी स्वास्थ्यसम्बन्धी सूचनाको अभाव तथा अप्राप्य हुने गरेको साथै कुनै सूचना केन्द्र नभएको कुरालाई महशुस गऱ्यो । फलतः सो कार्यशालाले प्राथमिक स्वास्थ्य सेवासम्बन्धी एक सूचना केन्द्र स्थापना गर्ने निर्णय लियो । यसैअनुरूप प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) को २०४८ सालमा स्थापना भयो ।

**रेस्फेकको उद्देश्य**

- स्वास्थ्य कार्यकर्ताहरूलाई स्वास्थ्यसंग सम्बन्धित सूचना उपलब्ध गराउने ।
- ग्रामिण स्वास्थ्य कार्यकर्ताहरूलाई उनीहरूको ज्ञान अभिबृद्धि गराउन “भलाकुसारी” स्वास्थ्य पत्रिकाको प्रकाशन गर्ने । सो पत्रिका उनीहरूको कार्यथलो स्वास्थ्य संस्थामा पुऱ्याउने ।
- विभिन्न स्वास्थ्यसम्बन्धी अनुसन्धान गर्ने ।
- स्वास्थ्य कार्यकर्ता एवम् साधारण जनतालाई स्वास्थ्यसम्बन्धी क्षमता विकास तालिम/सचेतना (orientation) आदि सञ्चालन गर्ने ।
- जनताको स्वास्थ्य सहुलियत होइन मौलिक अधिकार हो भन्ने कुरा बुझाउन विभिन्न कार्यक्रम/वहश/जनवकालत गर्ने ।

उल्लेखित उद्देश्य पुरा गर्नका लागि (रेस्फेकले) विभिन्न शाखाहरू मार्फत् कार्यक्रम गर्ने गरेको छ । ती युनिटहरू (शाखा) निन्नलिखित छन् :

- सूचना तथा अभिलेख युनिट,
- प्रकाशन युनिट,
- अनुसन्धान तथा तालिम युनिट,
- कार्यक्रम युनिट,
- स्थलगत कार्यक्रम,
- प्रशासन तथा आर्थिक युनिट ।

**सूचना तथा अभिलेख युनिटः** विभिन्न प्रकारका स्वास्थ्यसम्बन्धी सान्दर्भिक पुस्तक, अनुसन्धान एवम् अभिलेख, तालिम, पाठ्यसामग्री तथा पुस्तिकाहरू सङ्कलन तथा व्यवस्थापन गरी आवश्यक सूचनाहरू पाठकलाई उपलब्ध गराई राखेको छ । हाम्रा पाठकहरू मुख्यतया स्वास्थ्य विज्ञ, प्रशिक्षक, विद्यार्थी, नर्स, पत्रकार, सामाजिक कार्यकर्ता, उपभोक्ता रहेका छन् ।

**प्रकाशन युनिटः** प्रकाशन शाखाबाट मुख्यतया दुईमहिने स्वास्थ्य पत्रिका "भलाकुसारी" विगत २५ वर्षदेखि नेपालका हरेका स्वास्थ्यचौकी तथा उपचौकी र अन्य स्वास्थ्यकेन्द्रमा हुलाकमार्फत् पठाइने गरिन्छ । यसैगरी तीन/तीन महिनामा प्रकाशन हुने "महिला स्वास्थ्य" विगत २० वर्षदेखि नेपालसरकारको महिला विकास शाखामा पठाइने गरिएको छ । यी दुवै पत्रिकाहरू सेवा प्रदायक र अभियानकर्ताहरू तथा जिज्ञासुहरूका लागि उपयोगी भएका विभिन्न मूल्याङ्कन तथा लेखाजोखाहरूले पुष्टि गरेका छन् ।

**अनुसन्धान तथा तालिम शाखा युनिटः** रेस्फेकले स्वास्थ्यसंग सम्बन्धित विभिन्न समयमा अनुसन्धान गर्ने गरेको छ। अनुसन्धानबाट आएका सुझावहरूलाई समेट्दै सोका आधारमा विभिन्न कार्यक्रम बनाई कार्यन्वयन गर्ने गरेको छ । कैयन अध्ययन तथा अनुसन्धानका निचोडहरूका आधारमा रेस्फेकले विभिन्न सरकारी निकायमा पैरवी गर्ने वा वकालत गर्ने गरेको छ । रेस्फेकले विभिन्नस्तरका स्वास्थ्य कार्यकर्ता तथा अभियनकर्ताहरूलाई तालिम दिने या व्यवस्था गर्ने गरेको छ । तालिम स्वास्थ्यकर्मीहरू तथा स्वास्थ्यसँग सम्बन्धित व्यक्तिहरूको क्षमता अभिबृद्धि गराउनका लागि हो । आजकाल जस्तो पहिले विभिन्न तालिम केन्द्रहरूले विभिन्न किसिमका तालिम पनि उपलब्ध भएका हुँदैन थिए। जसले गर्दा रेस्फेकबाट सञ्चालन गरिने तालिमहरू निकै नै लाभदायक हुन्थे ।

**कार्यक्रम युनिटः** समय अनुरूप महत्वपूर्ण तथा समसामयिक विषयमा विभिन्न कार्यक्रम तय गरी कार्यक्रम चलाउँदछ । जस्तैः लैङ्गिक तथा महिला स्वास्थ्य, एचआईभी र एड्स, औषधिको विवेकपूर्ण प्रयोग, परम्परागत चिकित्सा प्रणाली, वातावरण, सूर्तिजन्य पदार्थ, मादक पदार्थ, ध्वनी प्रदुषण, प्लाष्टीक झोला निषेध, स्वयम्सेवक आदानप्रदान कार्यक्रम आदि । यी सबै जनताको स्वास्थ्यलाई मध्यनजर गरेर तय गरिएका हुन्छन् । यस्ता कार्यक्रमका माध्यमबाट समाजमा सकारात्मक सोचको विकास तथा समाज परिवर्तन भएको रेस्फेकसँग प्रशस्त उदाहरण छन् ।

**स्थलगत कार्यक्रम युनिट**

स्वास्थ्यजस्तो संवेदनशील विषयमा वकालत/पैरवी गर्न आफूसँग कुनै ठोस आधार भएको खण्डमा सजिलो र भरपर्दो हुन्छ । त्यस्तो ठोस आधार स्थलगत कार्यक्रमको प्रक्रिया तथा सफलता र असफलताले दिन सक्छन् । यसकारण यस संस्थाले उदयपुर, सप्तरी र गोरखामा सन् २००० देखि स्थलगत कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस्तो कार्यक्रम स्थानीय आवश्यकता अनुसार समूदायबाट नै पहिचान गर्ने र कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । विशेषतः तलबाट माथि (bottom to up) सिद्धान्तअनुसार समुदायको निर्णय, योजना, कार्यन्वयन आदिलाई रेस्फेकले सहजीकरण मात्र गर्ने गरेको छ। हालै सप्तरी जिल्लाको फत्तेपुरमा रेस्फेकले स्थापना गरेको सामुदायिक पुस्तकालय/स्रोतकेन्द्र समुदायलाई हस्तान्तरण गरिएको छ र त्यसलाई समुदायले नै सुसञ्चालन गर्दै आएकोछ । यस्तो प्रक्रियामा रेस्फेकले पुस्तकालय रहने कोठाको निर्माण तथा न्यूनतम भौतिक सहयोग गर्ने गर्दछ र स्रोत केन्द्रमा काम गर्ने स्वंमसेवकहरूलाई आधार भूत पुस्तकालय व्यवस्थापन तालिम दिन्छ। यसपछि पुस्तकालय सञ्चालन गर्दा आवश्यक पर्ने न्यूनतम पूर्वाधारको व्यवस्थाको आकलन गरी समुदायलाई नै हस्तान्तरण गर्दछ ।

### प्रशासन तथा आर्थिक युनिट

यस शाखाले रेस्फेकका सबै इकाइ तथा क्रियाकलापहरूका लागि आर्थिक तथा प्रशासनिक सहयोग गर्दछ ।

### सूचना तथा अभिलेख युनिट

सूचनाको सङ्कलन, वर्गीकरण तथा प्रवाह गर्ने काममा **सूचना तथा अभिलेख शाखाको जिम्मेवारी भित्र पर्दछ ।** विगतदेखि हालसम्म यस शाखाले मुख्यत: निम्न कार्यहरू गर्दै आएको छ :

**स्वचालीकरण एवम् विद्युतीय पुस्तकालय (Automation and digitalization)**

- यस शाखाबाट सुरूको अवस्था देखि नै कम्प्युटरमा CDS/ISIS software प्रयोग गरी सूचना सेवा प्रदान ।
- यस शाखामा सूचना सेवा दिन सक्ने तालिमप्राप्त कर्मचारी छन्, जसले सूचनालाई डिजिटलाइजेसन गर्छन् । यस संस्थाको पुस्तकालयमा भएका पुस्तकहरूको bibliography database को लागि PMB र elibrary को लागि Resource Space software प्रयोग गरिएका छन् जसले सूचनालाई डिजिटाइजेसन गरेर गैरसरकारी संस्थाको स्रोतकेन्द्र व्यवस्थापनमा फड्को मार्न सहयोगसमेत पुर्‍याउने गर्दछ ।

**पुस्तकालय व्यवस्थापन तथा तालिम (Library Management and Training)**

- समुदायमा आधरित स्रोतकेन्द्र/पुस्तकालय आधारभूत व्यवस्थापन तालिम सञ्चालन
- विद्युतीय पुस्तकालय विकास (digital library) सम्बन्धी तालिम सञ्चालन ।
- डिजिटल स्वास्थ्य सूचनासम्बन्धी विभिन्न बैठक, अनुभव / सिकाइ आदानप्रदान कार्यशाला आदि कार्यक्रम सञ्चालन ।
- सामुदायिक स्रोत केन्द्र/पुस्तकालयको व्यवस्थापन तथा सञ्चालन ।
- पुस्तकालय तथा सूचना विज्ञान विभाग, त्रि.वि.वि र नेपाल पुस्तकालय संघसँगको सहकार्यमा पुस्तकालयकर्मीहरूका लागि पाँच दिने प्रशिक्षक प्रशिक्षण (TOT) तालिम सञ्चालन । सो TOT सञ्चालन गर्नु अगाडि मुख्य स्रोतव्यक्ति र वरिष्ठ पुस्तकालयकर्मीहरूसँग दुईवटा परामर्श बैठक कार्यक्रम (consultative meeting) संचालन ।
- PMB र RS programme मा पुस्तकालय डिजिटलाइजेसन सम्बन्धी चार दिने तालिम ।
- विभिन्न संघसंस्थाको पुस्तकालय व्यवस्थापनको सम्पूर्ण कार्य गर्न तथा ती संस्थाहरूमा कार्यरत कर्मचारीको क्षमता विकास गर्न विभिन्न किसिमका तालिमहरूको व्यवस्थापन तथा सञ्चालन ।
- अडियो, भिडियो सम्पादन तालिम सञ्चालन गरी त्यसको प्रस्तुती ।
- नेपाल पुस्तकालय संघको सहकार्यमा २२ जना पुस्तकालयकर्मीहरूलाई HINARI को तालिम सञ्चालन ।

**गोष्ठी, कार्यशाला एवम् विज्ञ परामर्श बैठक (Workshop, Seminar and Consultative meeting)**

- गत वर्ष स्वास्थ्य सूचनाहरूको डिजिटाइजेसन सम्बन्धी ६० जना सहभागीहरूको उपस्थित रहेको एक दिने राष्ट्रिय गोष्ठी सञ्चालन ।
- समय समयमा विभिन्न बैठक, कार्यशाला, गोष्ठी, तालिम, छलफल कार्यक्रम,आदि सञ्चालन ।
- विद्युतीय पुस्तकालयसम्बन्धी सफ्टवेयर सम्बन्धी एक दिने कार्यशाला बैठक आयोजना ।

सो कार्यशालामा धेरैजसो

- सहभागीहरूले पुस्तकालयलाई डिजिटला-इजेसन गर्न PMB र RS software program चलाउन सुझाव आएको थियो। जसअनुसार PMB र RS सम्बन्धी चार दिने तालिम सञ्चालन ।
- आधारभुत सामुदायिक स्रोत केन्द्र/ पुस्तकालयको तालिमको लागि पाठ्यक्रम (curriculum) तयार गर्न परामर्श, छलफल वैठकहरूको आयोजना र पाँच दिने पाठ्यक्रम भएको तालिमको प्याकेज निर्माण ।
- नेपाल पुस्तकालय संघको सहकार्यमा self healing सम्बन्धी गोष्ठी सञ्चालन ।

**सूचना प्रकाशन, संप्रेषण र विक्रिवितरण घर (Publications and Clearing House)**

- परम्परागत चिकित्सा प्रणालीको सारांशसहितको वाङमयसूची (Anonotated bibliography) र औषधिका वाङमयसूचीका प्रकाशन । दुई पटक प्रकाशित भएको सूचि लोकप्रीय हुनुका साथै विक्रीसँग सम्बन्धित संस्थाहरूमा वितरण ।
- पुस्तकालय दिवसका अवसरमा खिचिएका विभिन्न फोटोहरूलाई डकुमेण्ट्रीको अवधारणा विकास गरी त्यसको संपादन गर्ने काममा सहयोग ।
- विभिन्न प्राज्ञ तथा विज्ञलाई आमन्त्रित गरेर Talk program आदिको सञ्चालन । बिभिन्न वैठक, कार्यशाला, प्रर्दशनीहरूमा भाग लिई सक्रिय रूपमा सहभागी तथा विभिन्न योगदान ।
- विभिन्न प्रर्दशनीमा भाग लिई सूचना आदानप्रदान तथा संप्रेषण ।
- विभिन्न सूचना प्रयोगकर्ता (Users) हरूलाई वैठकको लागि हल प्रदान ।
- स्वास्थ्यसंग सम्बन्धित विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरूको प्रेस क्लिप तयार गरी सरोकारवालाहरूमा वितरण । चालिस भन्दा बढी विषयमा प्रेस क्लिप गरिन्छ ।

**विक्रि वितरण घर :** विभिन्न संघसंस्थाले प्रकाशन गरेका सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू (IEC materials) सङ्कलन गरी त्यस्ता सूचना सामाग्रीको विक्रि वितरण घर (Clearing house ) को अवधारणा अनुसार काम गरिरहेको। यसको मुख्य उद्देश्य माग अनुरूप एउटै छाताबाट विक्रि वितरण गर्ने, यसबाट प्रकाशन एवम् प्रयोगकर्ता दुवैलाई सजिलो हुने हुनाले यो एकदम लोकप्रिय छ। यसबाट रेस्फेकले पनि आफ्नै प्रकाशन पनि गरेर माग अनुरूप विक्रि वितरण गर्दै आएकोछ। यो सेवाले आर्थिक आम्दानी गर्न पनि सहयोग पुऱ्याएको छ ।

**नेटवर्क**: विभिन्न राष्ट्रिय अर्न्तराष्ट्रिय संघ संस्थासंग सञ्जाल विस्तार गरी सहकार्य गर्ने गरेको छ । जस्तैः DINON (Drug Information Network of Nepal) , NANGAN, ARROW (Asia Pacific Research Control of Women), HINARI, Health Rights Tobacco Cotrol (HRTC) etc.

**स्वयम्सेवक कार्यक्रम**

- रेस्फेकको FK Volunteer Exchange Program अन्तर्गत रेस्फेकले भारत तथा बंगलादेशका स्वंयमसेवकहरूलाई १० महिनासम्म पुस्तकालय व्यवस्थापन सम्बन्धी तालीम दिएको छ। त्यसै अनुरूप यस शाखाबाट Exchange Program अन्तर्गत भारतको DKD संस्थामा पुस्तकालय व्यवस्थापनमा सहयोग गरेको छ।
- २०७२ सालको महाभूकम्पको पराकम्पनबाट धेरै व्यक्तिहरू डर, त्रासले

गर्दा मानसिक अस्वस्थ भएको हुनाले Healing Touch Group, Nepal सँगको सहकार्यमा विभिन्न ठाउँमा गई मानसिक दवाव कम हुने र आफूलाई स्वस्फूर्ति हुन Self healing र Mind Clearing तरीकाहरू सिकाएको र एक आपसमा healing गराएको छ ।

**सूचना तथा अभिलेख शाखाका अन्य क्रियाकलापहरू**

- विभिन्न आयुर्वेद एवम् परम्परागत उपचार प्रणालीसँग सम्बन्धित नीति/योजना, समुदाय तथा परम्परागत चिकित्सकहरूसँग छलफल, सेमिनार, कार्यशाला गोष्ठी आदि सञ्चालन गरी सरकार एवम् सरोकारवालाहरूलाई घच्घच्याईएको ।
- परम्परागत उपचार प्रणालीसम्बन्धी विभिन्न सामाग्रीहरू प्रकाशित गरी उपभोक्ता एवम् स्वास्थ्य कार्यकर्तालाई सूचना प्रदान गरेको ।
- महिला स्वास्थ्य र आङ खस्ने सम्बन्धी तीन/तीन दिनको सप्तरी र गोरखा जिल्लामा स्वास्थ्य शिविर सञ्चालन गरी दिदी बहिनी, आमाहरूलाई सेवा पुऱ्याएको ।
- विश्व स्वास्थ्य संगठनले तयार पारेको लैङ्गिक र महिला स्वास्थ्यसम्बन्धी चित्रण तालिम पुस्तिका नेपालीमा सम्पादन गरी स्थलगत परीक्षण तथा लैङ्गिक र महिला स्वास्थ्यसम्बन्धी सहभागीहरूलाई तालिम दिएको ।

**समस्या र चुनौती**

- पुस्तकालय भनेको growing organism हो । हामीसँग सिमित ठाउँ भएको हुनालन सिमित व्यवस्था गर्नु पर्ने बाध्यता छ ।
- नेपाल सरकार लगायत अन्य संस्थाहरूबाट प्रकाशन गरेका प्रतिवेदन/पुस्तकहरू संकलनमा समस्या भोगेको जस्तैः एउटै प्रतिवेदनलाई धेरैचोटी आग्रह/धाउनु परेको)।

**सिकाइ**

- न्यूनतम स्रोतले बढी भन्दा बढी कसरी पुस्तकालयलाई व्यवस्थित गर्न सकिन्छ भन्ने कुरा सिकाइ भएको ।
- के गर्दा पाठकवर्गहरूलाई बढी भन्दा बढी, छिटो, सान्दर्भक र विश्वसनीय सूचना दिन सकिन्छ भन्ने सिकाइ भएको ।
- विभिन्न संघ संस्थासँग सहकार्य गरेर काम गर्दा विभिन्न अनुभव संगालिएको ।

**सकारात्मक नतिजा**

- आजभन्दा झन्डै २५ वर्ष अगाडि स्वास्थ्य सूचना दिने कम्प्युटराईज क्याटलगिङ्ग प्रणाली बाट सेवा दिने र विभिन्न अर्न्तराष्ट्रिय डाटावेसहरू जस्तोः Popline, USPDI, फोटोकपी, प्रेस क्लिप आदि सेवा दिइंदा स्रोतकेन्द्रको बढी भन्दा बढी प्रयोग भई पाठक वर्गलाई सेवा पुऱ्याएको ।
- कुनै पनि विकास को ढोका खोल्न सूचनाले साँचोको काम गर्ने भएको हुनाले यस युनिटले बढी भन्दा बढी व्यक्तिहरूलाई विभिन्न तरिका बाट सूचना संप्रेषण गरेको छ ।
- स्रोतकेन्द्रलाई समयानुकुल स्वचालिकरण एवम् विद्युतीय पुस्तकालयमा विस्तार गरिएको ।

**भावी कार्यक्रम**

सूचना तथा अभिलेख शाखाका आगामी दुई वर्षका लागि आर्थिक वर्ष (२०७३/२०७४ सालमा) निम्न लिखित कार्यक्रमहरू गर्ने योजना रहेको छ ।

**१. तालिमः** आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन । यो ६ दिनको हुनेछ, जुन समुदायमा आधारित स्रोत केन्द्र/पुस्तकालयको व्यवस्थापन तथा सञ्चालनका लागि सहयोगी हुनेछ । २०७३ भाद्र महिनामा हुने यस तालिमका सहभागीहरू रेस्फेकको स्वास्थ्य अधिकार तथा सूर्तिजन्य जिल्ला संजालका स्वयंसेवीहरू हुनेछन् । यस्तै प्रकारको तालिम गत वर्ष २० जनालाई दिइसकेको र यस वर्ष पनि करीव २० जनालाई दिने योजना रहेको छ ।

**२. स्रोतकेन्द्र/पुस्तकालयको स्थापनाः** गत जेठ महिनामा सप्तरीको सिद्धिपुर गाविस वडा नं. २ मा सामुदायिक पुस्तकालय/स्रोतकेन्द्र स्थापना भएकोछ । यसैगरी यस वर्षको असोज महिनामा लमजुङमा सामुदायिक स्रोतकेन्द्र/पुस्तकालय स्थापना गर्ने योजना रहेको छ ।

यी सामुदायीक पुस्तकालयहरूको मुख्य उद्देश्य निम्नानुसार रहेको छ ।

- पुस्तकालय मार्फत् समुदायमा रहेका जनतालाई सूचना उपलब्ध गराई सुसूचित गर्ने ।
- स्रोत केन्द्रबाट जिल्लालाई साक्षर बनाउन सहयोग गर्ने ।
- महिला, बालबालिका र उत्पीडित समुदायको क्षमता वृद्धि गर्नुको साथै उनीहरूलाई शशक्तिकरण गराउनु ।
- उक्त स्रोतकेन्द्रमा कुनै विषयमा जस्तो आयआर्जन, स्वास्थ्य, कृषि सम्बन्धी आदि बैठक छलफल गर्न पनि प्रयोग गरिन्छ ।

**३. स्वास्थ्य शिविर :** स्थानीय जनताको पटकपटकको माग अनुसार सप्तरी जिल्लामा यहि आउँदो आश्विन महिनामा महिला स्वास्थ्य र आङ खस्ने सम्बन्धी तीन दिने स्वास्थ्य शिविर गर्ने योजना छ ।

**उपसंहार**

रेस्फेक एउटा गैरसरकारी तथा गैरनाफामुखी संस्था हो । आर्थिक स्रोतको सीमाका कारण यसको स्थायित्व सधैँ चुनौतीको रूपमा रहेको हुन्छ । यसो भएता पनि यस शाखालाई समायानुकूल स्वचालीकरण (digitization)र विद्युतीय पुस्तकालयका (elibrary) का रूपमा अधावधिक गरिएको छ । हालसम्म यो संस्था गैरसरकारी संस्थाको स्रोतकेन्द्रहरूमध्ये एउटा उदाहरणीय छ । यसको दिगोपनका लागि विभिन्न सरोकारवाला संस्थाहरू तथा व्यक्तिहरूसँग सहयोगको अपेक्षाका साथै सहकार्यका लागि हातेमालो गर्न यो संस्था इच्छुक रहेको छ ।

# अमेरिकी कंग्रेस पुस्तकालयको चिनारी

भीष्म भट्टराई

संयुक्त राज्य अमेरिका भरि रहेका विभिन्न किसिमका १२३००० भन्दा बढी पुस्तकालयहरू र ३५००० भन्दा बढी विभिन्न किसिमका संग्राहलयहरूमध्ये सबैभन्दा ठूलो पुस्तकालय अमेरिकी कंग्रेसको लाईब्रेरी (library of congress) संसारको नै सबैभन्दा ठुलो पुस्तकालय पनि हो । यो लाईब्रेरीको शुरूवात सन १८०० अप्रिल २४ मा राष्ट्रपती जोन एडम्सको पालामा ५००० डलरको सरकारी बजेट बिनियोजनबाट भएको थियो । जसबाट त्यसबेला ३ बटा नक्शाहरू सहित ७४० थान पुस्तकहरू खरिद गरिएको थियो । १८१४ को अगष्ट २४ मा १८१२ देखि शुरूभएको अमेरिकी-ब्रिटिश युध्दको सिलसिलामा ब्रिटिश सेनाले अमेरिकी राष्ट्रपति भवनमा आगो लगाउँदा अमेरिकामा यूरोपियनहरूको मानवसंवेदनहीन अतिक्रमणबाट समेत जोगाएर रखिएका अमेरिकी आदिबासीहरूको धेरै महत्बपूर्ण ज्ञानको भण्डार समेत अन्य महत्वपूर्ण सम्पदाहरू सहित ३००० थान पुस्तकहरू जलेर खरानी हुन पुगे । मानव समाजलाई मेट्नको लागि त्यसको सांस्कृतिक र भाषिक सम्पदाहरूलाई समाप्त पार्नुपर्छ भन्ने धुर्त ब्रिटीसको नीतिअनुसार नैं त्यहाँ आगो लगाईएको थियो । परिणामस्वरूप यसपछि पुस्तकालयको पुननिर्माणको क्रममा स्वतन्त्र अमेरिकाको पहिलो बिदेशमन्त्री र तेस्रो राष्ट्रपति थोमस जेफर्सनको निजी सङ्कलनमा रहेका ६४८७ बटा पुस्तकहरूबाट शुरू भएको हो । कंग्रेसले यी पुस्तकहरूको लागि जेफर्सनलाई २३९५० डलर तिरेको थियो । खासमा युध्दपछि पुस्तकालयको पुननिर्माणको क्रममा मात्रै पुस्तकालयलाई राष्ट्रपति भवनबाट अलग पारिएको हो ।

संसारका अरू देशहरूमा भएजस्तो अमेरिकामा कुनै राष्ट्रिय पुस्तकालय छैन । राष्ट्रिय पुस्तकालयको काम यही कंग्रेसको लाईब्रेरीले गर्दछ । मूलतः यसले कंग्रेसका सदस्यहरूलाई पुस्तकालय सेवा दिन्छ । सर्वसाधारण पाठकहरूले पनि सेवा सम्बन्धीत तोकिएको निश्चित प्रक्रिया पुरा गरेपछि पढ्न पाँउछन् अमेरिकाको कुल जनसंख्या ३२ करोड ४२ लाख ७० हजार (अगष्ट १८, २०१६) को लागि दुई सदनात्मक व्यवस्थापिकाको रूपमा रहेको कंग्रेसमा प्रतिनिधि सभाका ४३५ र सिनेटका १०० गरी जम्मा ५३५ मात्र सदस्यहरू छन् । यो भूगोल, जनसंख्या र प्रतिनिधि संख्याको व्यवस्थापनबाट हामीले सिक्ने इच्छा हुँदा सिक्न सक्ने धेरै कुराहरू छन् । पुस्तकालय विज्ञानका शिरोमणि रंगनाथनले सन् १९५० मा यो पुस्तकालयबारेमा कंग्रेस नै यसको संरक्षक भएकोले अरू यसभन्दा अघिका कुनैपनि पुस्तकालयहरूभन्दा यो पुस्तकालय धेरै भाग्यमानी छ भनी प्रशंसा गर्नु भएको थियो ।

पुस्तकालयमा रहेका धेरै शाखाहरूमध्ये सेवा शाखा एक महत्वपूर्ण शाखा हो । यसमा १२०० जना कर्मचारीहरू कार्यरत छन् । यस शाखामा करिब ४६० भाषाका अध्ययन सामाग्रीहरू छन् । नयाँ दिल्ली, ईस्लामाबाद, जकार्ता, कायरो, नैरोबी र रियो द जेनेरियोमा यसका क्षेत्रीय कार्यालयहरू छन् जहाँबाट पुस्तकालयले नियमित रूपमा पुस्तकालय सामाग्रीहरू प्राप्त गर्छ । पाठकहरूक लागि २२ भन्दा बढी अध्ययन कक्षहरू छन् । पुस्तकालयमा अहिले (जुलाई २५, २०१६ को मितिमा) १६२ मिलियनको संख्यामा पुस्तकालय सामाग्रीहरू रहेका छन् जसमध्ये २५ मिलियन पुस्तकहरू, ७० मिलियन पाण्डुलिपिहरू,३.५ मिलियन ध्वनि रेकर्डहरू, २ मिलियन मुभिङ्ग पिक्चर्स (चलचित्र, नाटक, टेलिभीजन प्रस्तुतिहरूको एकमुष्ट नाम), ६ मिलियन नक्शाहरू, र १४२ मिलियन तस्बिरहरू, अनि अरू बिशिष्ट सङ्कलनहरू रहेका छन् । बिशिष्ट सङ्कलनभित्र के छ भनी जान्नको लागि पाठकसेवाका विभिन्न चरणहरूलाई 'सकुशल' रूपमा पार गरेपछि मात्र सूची हेर्न पाँइन्छ । सन् १५०० भन्दा अघि छापिएका ५६०० थान पुस्तकहरू यो पुस्तकालयमा छन् । खास अध्ययन सामाग्री प्राप्त गर्न र बसेर अध्ययन गर्न अर्को चरणमा मात्र पाईन्छ । सबै पाठकहरूले

सबै सामाग्री पाउँदैनन् । अहिलेसम्म पुस्तकालयमा रहेका सामाग्रीहरूलाई पनि बर्गीकृत गरी सकिएको छैन । यो तत्कालै सकिने अवस्थामा पनि छैन् ।

सङ्घीय सरकारले सञ्चालन गर्ने र सङ्घीय व्यवस्थापिकाले दिने स्वीकृतीका आधारमा राष्ट्रीय मूल ढुकुटीबाट यस पुस्तकालयको सञ्चालन खर्च आउने हुनाले यसको संग्रह पनि राष्ट्रीय उद्देश्यको लागि हुन्छ । पुस्तकालय सामाग्री सङ्ग्रहको विभिन्न ७० किसिमका नीतिहरूअनुरूप यसको प्रतिलिपि कार्यालयमा हरेक बर्ष ६ लाख (6 hundred thousand) को संख्यामा पुस्तकालय सामाग्रीहरू सङ्कलित हुन्छन्, यो संख्या जुन अनुपातमा प्रकाशन र प्रसारणको बृद्धि हुन्छ यो संख्या पनि त्यसैगरी बढदै जान्छ। आफ्नो स्थापनाको दुई सय सोह्र बर्षको लामो ईतिहासमा यो पुस्तकालयले पुस्तकालय बिज्ञानमा नै बिशेषज्ञता हाँसिल गर्नु भएकी महिला डा. कार्ला हडेनलाई (Dr. Carla Diane Hayden) पहिलो पटक लाईब्रेरियनको रूपमा पाएको छ । यसबाट पनि बुझ्न सकिन्छ कि लैंङ्गिक समानताको नारा विकसित मुलुकमा कसरी चलिरहेको छ ।

**सेवा**

पुस्तकालय अवलोकन भ्रमणको लागि दैनिक ६ हजारको हाराहारीमा पाठक, पर्यटक, र जिज्ञासुहरू आउँछन् । यो संख्या अमेरिकामा स्कूल, कलेज विश्वविद्यालयहरू बिदा भएको बेला अझ बढी नै हुन्छ । धेरैजसो पुस्तकालय बिज्ञान बिषय पढाई हुने अमेरिकी विश्वविद्यालयहरूले त यहाँ कक्षाको लागि बिद्यार्थीहरूको लागि समय नै तोकीदिएका हुन्छन् । गतबर्ष पुस्तकालयबाट ८७७ मिलियन पुस्तकालय सामाग्रीहरू सर्कुलेट भए भने ४८१ मिलियन पेजहरूलाई पाठकहरूले हेरे । १ लाख ३ हजार पुस्तकहरूलाई बर्गीकृत गरी उचित बिषय नम्बरहरू प्रदान गरियो ।

यो स्वाभाविक पनि हो यति ठूलो सङ्कलनको सुरक्षा नै संरक्षणको लागि पनि अवसर पनि हो । संयुक्त राज्य अमेरिकाको सरकारी प्रकाशनहरू र प्रतिलिपि अधिकार संरक्षण अधिकारीको कार्यालय पनि यहीं रहेकोले सिङ्गो देशबाट प्रकाशित सामाग्रीहरूको प्रतिलिपि अधिकारको लागि पेश हुने कपी र CIP मार्फत् जम्मा हुन यहाँ जम्मा हुन आउने प्रकाशनहरूको मात्रा दैनिक नै बढीरहेको छ । यसकिसिमको सामाग्रीहरूको पनि संरक्षण पुस्तकालयले गर्नु पर्छ । यसअनुसार पुस्तकालयले हाल चलिरहेको पुस्तकालय परिषद् बाहिर पनि आफ्नो सङ्कलनलाई सुरक्षित किसिमबाट राखेको छ । सबै कर्मचारीहरूले सबै शाखाहरूको सङ्कलनबारे जानकारी राख्नको लागि अनुमति समेत पाउदैनन् । पुस्तकालयका सबै कर्मचारीहरूलाई समेत कुनकुन सङ्कलन कहाँ छ, कसरी राखिएको छ भनेर थाहा हुदैन । पुस्तक, दुर्लभ पुस्तकहरू, श्रव्यदृष्य सामाग्रीहरू, नक्शा र अन्य कलाकृतिहरूको संरक्षणको प्रकृति र प्रकृया पनि धेरै फरक फरक हुन्छ । सामाग्रीहरूको प्रकृति अनुसार नै संरक्षणकोलागि शाखा समेत अलग अलग गरी कामको विभाजन गरिएको छ ।

सामान्यतया संरक्षणकोलागि ठाउँ अनुसार तहतह गरी ३० फिटसम्मका अग्ला दराजहरूको बन्दोबस्त गरिएको छ । संरक्षणको प्रक्रियामा पुस्तकालय सामाग्रीहरूलाई पुन व्यवस्थापन गर्ने, तिनीहरूको अवस्थाको मूल्यांकन गर्ने, सामाग्रीको विश्लेषण गर्ने बाँध्ने, मिलाउने, अर्को स्थानमा स्थानान्तरण गर्ने, पुस्तकालय सामाग्री अनुरूपको रसायनिक, र जैविक उपचार प्रकृया अपनाईन्छ । गत बर्ष ९ मिलियन पुस्तकालय सामाग्रीहरूको संरक्षण सम्बन्धित काम सम्पन्न गरिएको छ । संरक्षण सबैभन्दा महत्वपूर्ण पक्ष चाहि जसरी प्रकाशनको प्रकृति र स्वाभाव परिवर्तन हुदैछ, त्यसैगरी संरक्षणको सन्दर्भ पनि फेरिदैछ । डिजिटल र विद्युतिय सामाग्रीहरूको लागि संरक्षणको प्रविधि र प्रक्रिया पनि फेरिदो छ ।

दुई सय चालीस बर्षको संघीय सरकारी संरचना, कर्मचारी प्रशासन, बढ्दो प्रकाशन र प्रसारणको मात्रा, घटदो बजेट र दक्ष कर्मचारीहरूको स्थिरताको कमीले पुस्तकालयको कामलाई सधैं प्रभाव पारिरहेको छ । (यस आलेखमा उल्लेख भएका तथ्याङ्कहरू मिति २०१६ जुलाई २५ मा लाईब्रेरी अफ कंग्रेसको अध्धयन भ्रमणको बेला पुस्तकालयबाट प्राप्त भएका हुन् ।)

# Public library system in federal Nepal

**Dasharath Thapa**
**Former Chief Librarian, Nepal Natioinal Library**

Public library is a social institution works for greater enlightenment of the society. It provides essential information for the progress of individuals in every walk of life. The public libraries are helping the people of the society without any discrimination of caste, creed, colour, race, rich or poor, rural folk or urban folk. To enable Nepalese to compete with others in the 21st century, people must be empowered with knowledge. The available information in the libraries is to support the learning, leisure, personal, cultural, research and business needs of the people. A sustainable development of the society is possible through well organized public library services and people can feel the good governance. Every people must have access to right information at the right time in the right form. Free, equal and high quality services of the public libraries increase the quality of life of the people. It also reduces disparity between the citizens. The development of an informed society with free access to the information resources invariably affects in participation of civil society in the affairs of state. UNESCO organized an intergovernmental conference on the planning of National Information Systems (NATIS) in Paris in 1974. There were 24 delegates from 86 member states and 63 observers. The objective of the conference was to recommend national information systems for the social, cultural and economic development of the member states.

The author of these lines studied library systems of India and Germany both having Federal Systems. If we ignore the systems of Germany which is too advanced, let us examine the Indian Library System that could be more applicable in Nepal.

**Libraries in India**

The Maharaja Sayajirao, Gaikwad of Baroda, is undoubtedly the father of Public Library Movement in India. He was a great patron of learning. He invited William A. Borden from the US to develop the library system in Baroda. He began public library system in Baroda in 1910. The British India established city libraries in Bombay, Calcutta and Madras. Te first landmark in the pre-independence history of public library system was the enactment of Delivery and Registration of Publications Act of Bombay (1808) and establishment of Calcutta Public Library in 1836. After independence in 1947, they have remarkable achievements. The first Public Library Act was enacted in 1948 in Madras and they have Library Legislation in more than 12 states. The then Imperial Library was named as National Library. Like Ranganathan, K.P. Sinha's Advisory Committee also drafted a model Library Bill and drew up 25 years plan for the development of library services in India. At present, each Indian States with Library Law have Department of Libraries under the Law and there are 29 State Central Libraries, 451 District Libraries 501 Taluka Libraries 41,828 Rural Libraries and 1280 Town Libraries.

It is only after India's independence that, Dr. Ranganathan's dream of public Library Act enactment was fulfilled. Dilli Public Library was established in 1951. Raja Ram Mohun Roy Library Foundation at Calcutta was established in 1972 as a part of bicentenary celebrations of his birth. Rajiv Gandhi Foundation (1993), Knowledge Commission (2005) are some additional steps for the development of community libraries in India.

**Public Libraries in Nepal**

In Nepal we had Pundit Hem Raj Pandey, Kaisher Shumshere, Kamal Mani Dixit, Dr. Dilliraman Regmi involved in the establishment of private library. But they did not think of developing library system in the country.

Our Political Leaders, High-level authorities even the Head of State do visit various developed countries library systems. Our leaders do copy the systems of India in many other aspects. Dr. Rambaran Yadab the then President studied Public library and Mr. Radhakrishna Maianali studied Bhadrapur Pustakalaya to become high level politician. But they never thought of people's life-long learning facilities that must be made available for the community by the state. Even after the so-called democracy of 1951 the king and the political leaders are always busy in thinking about the life of their own power. The governments from 1961 to 1989 always busy in protecting the partyless Panchayat system in the country. The leaders after the 1990 people's movement also did not pay attention to the library and information sector. The second people's movement of 2005 removed the kingship.

If we look back the establishment of public libraries by the local community in 1930s and 1940s, there were Pashupati Pratap Pustakalaya in Taulihawa to Sarbajanik Vidya Bhawan of Dharan and Dhawal Pustakalaya of Tansen. Such libraries opened by the enthusiastic people establishes and closes untimely. The estimated number of such libraries is more than 1000 throughout the country. The public libraries of Nepal are registered at corresponding District Offices and they used to receive some grants in an ad hoc basis, if not they are running through the donations from the local people. The opening hours of these libraries are depending upon the time of the volunteers. However, READ-Nepal established more than 45 community libraries in Nepal. Similarly the Nepal Library Foundation (NLF) based in Canada also supporting public libraries in Nepal. The Local Self-Governance Act of 1998, Library and Information Policy of 2007 and the Library Management Directives 2013 could not be effective. The Kathmandu Valley Public Library at Kathmandu has problems in obtaining budget and space.

There should be a national library under a high level library council or board as an apex body of library system of the country at central level to take care of entire library systems in all 7 states. In the same way each state should have a state library authority. Although the New Constitution has no provision of districts, it is recommended to have district library authority under Department of Libraries. Each Municipality should have a city public library and each Village Bodies (*Gaun Palika*) must have a rural libraries and deposit centre and mobile point to provide services for the local community. Each city library must be under city library authority and rural library must function as branch library of the district library which must have mobile points and the deposit centre. Taxation at local level and block grant from central level must be the sources of fund to run the public libraries.

State Library Board is to be set up and they should be financed by the state government and charged with responsibility for the stimulation, extension or supervision of public library services within their jurisdiction. This board under the library legislation must have provision in developing an adequate library service covering the entire state. District Library Authority and City Library Authority are supposed to take care of the District Central Library and the City Public Library. The Village Bodies must have one village library and service points or mobile points depending upon their size. They must serve their corresponding community members through deposit centres. Besides providing services, these libraries also must acquire and preserve the materials representing the local culture, customs and tradition. Special services for the disabled persons must be provided for those communities. To provide better library service for the society, each state must enact an act to cover the whole public library system and separate provision must be made through the council or board for national central level and for the national library. Existing library and information policy need to be revised. A separate Library and Information Science faculty must be created to develop the public library and other library services in the country.

After analyzing the Indian and German library systems, an organogram of public library system for Federal Nepal (see Annex) has been proposed. The level of library system will be National Library (with Legal Depository Act) under central government and each State will have State Central Library based on Public Library Legislation and regulations under it state central

library. There will be one district library in each district and the city as well as rural library in the local level.

In the Directive Principles of the Constitution of Nepal 2015, Article 51(4) library service has been mentioned as basic needs of the citizens. Article 51(4) says that each States must establish and promote community information centres and libraries for the personality development of citizens which has also been mentioned in Schedule 6. Let us hope that the leaders of today will also think of library system in the country and at least provide service systems that are available in the neighbouring India.

Annex

**Proposed Library System for Federal Nepal**



# Preservation and conservation of physical and digital objects of the library materials

**Bina Vaidya**
**Former Associate Librarian**
**Tribhuvan University Central Library**

Due to increase of library materials both printed and digital it should be the prime concern for all libraries to save them from deterioration and loss, thereby preserving them for our posterity. The important materials that need to be preserved, conserved and digitized are rare books, manuscripts, special collection documents etc. that are the legacy handed down to us by our ancestors. Considering the importance of the materials libraries need to introduce suitable plans, policies, practice, and management focusing on large scale programmes. We should not allow these rich heritage to be lost. Preservation of the digital library materials like e-books, journals, newspapers, directories, audio, video tapes, sound and voice recordings. scientific data, speeches, online tutorials, web-based repositories, electronic messages bulletin board notice are equally important to preserve to create digital libraries to have better access in the subject required to the national and international users.

## The history of library preservation

The history reveals that the importance and urgency of preserving library materials was felt only in 1960 when the disastrous flood of the Arno River in Florence, Italy occurred damaging 60,000 manuscripts and 50,000 books and in the same year another disaster took place a fire at the Jewish Theological seminary in New York city damaging 70,000 volumes of documents to such matters only in the early 1980s. Several professional organizations, government agencies and private foundations prepared their own programmes and run them accordingly. We should be pride in this case that the massive earthquake of April 25, 26 and several aftershocks 2015 in the country saved our valuable collections without damages of our major libraries where large number of unique valuable heritage documents are existed. Among them some of the libraries are Nepal National Library (NNL), Tribhuvan University Central Library (TUCL), Kaiser Library, Madan Puraskar Pustakalaya (MPP). Now to preserve, conserve and think of making plans to get links with national, international organizations, professionals organizations, and government those valuable is our responsibility. Library materials kept on the floor, packed in the cartoons and sacks cannot be preserve for long period. It may be damage, destroy or even loss. It should be keep in the racks at the earliest possible.

In Nepal the preservation policy of the library materials has been started in 1869 V.S. as shown by the original copy of a lal mohar document of King Girwan Bikram Shah Dev which was issued to protect library materials from deteriorating factors. He had established library appointing a librarian. In his appointed letter this policy preservation has been clearly mentioned as protect the library materials from biological factors like rats, insects, cockroaches, silverfish various beetles and book lice, fire, water by using preventing measures. This document is available in the National Archive of Nepal.

## Preservation and conservation methods of the library materials

Different preservation and conservation methods are available to protect both physical and digital materials from deteriorating and loss. Building care, environmental control, paper treatment bio-deterioration control, control from light, fire earthquake, water leakage prevention etc. are the preservation methods. Similarly acidic paper of the books and other documents can be removed by de-acidification methods. Different de-acidification methods are practiced in the libraries for this purpose. Fumigation is another important method for saving the library materials. For this libraries need to prepare special fumigation chamber for the process. Chemicals are used and

the process is carried either in one section of the library or in the entire library. The fumigation of a single or of a few is also possible.

Regarding digital resources different types of preservation methods are available. Those digital resources are more complex right from the inception. Born digital are conceived electronically and also do not have any print or paper based backup. Some of those publications are difficult to preserve because they work only with a certain type of hardware software and other related equipments. On the other hand the digitized resources are usually converted from old text in brittle documents, which are created long before the digitals by our ancestors. There are other publications which are born digitals. The highly demanded documents for wide circulation was first printed in paper and then converted in digital formats viz. newspapers conference papers etc. The digital formats such as images, graphics, audio, video and hyperlinks transform the document into very colorful and attractive multimedia. Another complexity is the file formats with which those documents are saved for retrieval and reuse. The libraries have to preserve and keep alive all those digital materials and have to make accessible to the global users. The digital preservation is expensive and challenging too. The hardware and software and operating systems keep changing frequently. So it makes difficult in adopting new techniques to follow accordingly. But any how the libraries have to adjust to them.

Preservation of both physical and digital objects are equally important to the libraries to satisfy the modern users by providing them information they want to both who visit the libraries and those who use the website from home or elsewhere. Managerial, financial, technical considerations, including storage, accommodation provisions, staffing levels, policies, techniques and methods involved in preserving library materials and archival materials. Library need to formulate a preservation management policies and allocate budget annually. Any librarian responsible for the preservation and conservation of those physical and digital objects should know in detail various causes of deterioration and loss of materials and possible methods to apply in time for their preservation.

**Preservation and conservation methods of physical collection used in some libraries of Nepal**

In the case of Nepal the libraries are preserving the physical objects by using available preservation methods. The activities of few libraries are mentioned here**. National Archive of Nepal** has stored huge amount of traditional library materials dating the period of 7th century onwards has been well preserved in order to protect them from dust, dirt and biological factors. All books are wrapped with different colored clothes i.e. red, yellow and white. The color has its own significant. Manuscripts are wrapped in good quality cotton clothes and has kept good quality of naphthalene balls. For further protection of documents from biological factors, all of them are fumigated in a fumigation chamber using para dichlorobenzene crystals as a standard procedure. Environment of the temperature and relative humidity are maintained in the room. **Tribhuvan University Central Library** has one of the largest collection of rare and valuable documents especially on Nepal and manuscripts. Asa Safu has only collection of manuscripts. Its collection and preservation is amazing in nature. As the library has enough space and all library materials are used as it has open access except in especial collections the library do not have to use other protecting methods except cleaning all books periodically placing naphthalene balls on book racks. Attention is given to humidity control, air circulation and light conditions**. Nepal National Library** holds Nepali literature, children's literature, government publications, and Sanskrit collection. At present all library materials are packed in the sacks. Last year massive earthquake of April 25, 26 damaged the library building. The library will use preserving methods when it will have its own building. **Madan Puraskar Pustakalaya** possesses special collection on the Nepali language texts. The collections are very carefully preserved. Beside physical treatment methods such as cleaning the books each year collections are fumigated by closing the entire library. The earthquake destroyed the entire building. New building is under construction. The same preservation methods will follow in the new building. Martin Chautari Library holds larger collection on Nepali media related books,

magazines etc. Chautari library has second largest collection on Nepali journal published all over from Nepal.

Regarding digital objects preservation very few libraries like Asha Archives, Martin Chautari Library, Lotus Research Centre, Nepal National Library, Social Science Baha, Tribhuvan University Central Library, Madan Puraskar Pustakalaya, Kaiser Library etc. have developed digital libraries and have provided digitization service of some important documents to the readers as a new initiative creating digital records of the materials for both preservation and access. But many libraries have not been yet able to provide digitization service to their readers. Martin Chautari library is only library in Nepal which provides digital content on demand within copyright law. Copyright of content are strictly followed and practiced in this library. It has huge collection of the digital content but that is not public yet due to copyright cause.

**References**

Lalmohar document of King Girwanayudha Bir Bikram Shah Dev

Nepal National Library. 2016. *NNL Newsletter.* Issue 15, April.

Niraula, Ramesh. 2071 v.s. *Asa Safukuthiko Nalibeli.* 24 Magh, p.7.

Vaidya, Bina & Griha Man Singh. 2003. *Preservation and conservation of library materials: Need and methods.* TULSSAA 3(1): 2003.

Vaidya, Bina. 2016. *Plight of intellectual pride let save our libraries*. The Himalayan Times, 22 July.

# Knowledge management: Machine for human civilization

**Rajendra Man Banepali**
**Knowledge Management Associate, United Nations Information Centre**
**Kathmandu, Nepal**

Raising of machine, after immediate of the internet in beginning of 1970s and world-wide-web in 1990s, has actualized "information society" in reality. Rapid increasing of the internet penetration in Nepal, 31.69 per cent in 2014 and 46.04 per cent in 2015 according to a MIS report of Nepal Telecommunication Authority, is ascertaining upcoming "information society" and netizen culture in Nepalese society, especially in youth and middle aged people. It is a raise of machine for human being introducing contextualized information which is known as knowledge.

Data as fact and figures, which relay something specific, morphs information through calculative event establishing relationship with other elements of its environment. A psychological mental exercise contextualizing object or information in specific event in an environment generates knowledge – as one of the multiple realities – which is constructed by societal and technological constructors. Here, we are talking about Knowledge Management (KM), especially institutional KM, which is constructed by technological constructor in raising of machine for human civilization.

Capturing, Development and Sharing are basic three components of Knowledge Management which ultimately optimizes performance of target group or individuals. Those three components, especially Sharing component, make more exceptional than conventional perception of information management. Acquisition of knowledge from different source and channels is key of KM process which goes through meta-data and information development stage contributing sharing channels like full text search engine and other media. Coordination and cooperation in knowledge acquisition are major challenges. However, quality assurance of meta-data of resources is additional challenge of KM which effects latent complexity of sharing phase. Since making qualitative meta-data with best practice is essential for effective result at the end user.

